# लेखापरीक्षण प्रतिवेदन

# नलगाड नगरपालिका, जाजरकोट

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# नलगाड नगरपालिका, जाजरकोट

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/667

श्री प्रमुखज्यू
नलगाड नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, जाजरकोट ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/667

श्रीमान् प्रमुखज्यू ,

नलगाड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

जाजरकोट ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले तयार पारेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको रु.१ अर्ब ७४ करोड ७७ लाख १३ हजारको लेखापरीक्षणबाट रु. ११ करोड ३२ लाख ३७ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. १ करोड २४ लाख ५८ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रू. ३ करोड ७१ लाख ८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७६ लाख १ हजार , नियमित गर्नुपर्ने रु. ५ करोड ५८ लाख ११ हजार र पेश्की बाँकी रु. २ लाख ५९ हजार गरी जम्मा रु. १० करोड ७ लाख ७९ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु. २३ करोड ७८ लाख १७ हजार मध्ये यो वर्ष रु. ८८ लाख ६८ हजार फर्स्यौट भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. ३२ करोड ९७ लाख २८ हजार बाँकी रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा** - लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नलगाड नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा

अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०६ | ३४८ | ११,३२,३६,९३२ | ० | १२ | १,२४,५८,५५९ | ० | १०६ | ३३६ | १०,०७,७८,३७३ | ३,७१,०६,८९१ | ५,५८,१०,७६७ | ७६,०१,१७२ | ० | ० | ६,३४,११,९३९ | २,५९,५४३ |

### अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| जाजरकोट | २३,७८,१७,६३२ | ० | ८८,६८,४९६ | २२,८९,४९,१३६ | ० | १०,०७,७८,३७३ | ३२,९७,२७,५०९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | १४२.२ | स्थानीय विषय/मातृभाषाको पाठ्यसामग्री व्यवस्थापन | ११,१२,४१२ |
| २ | २०८१/८२ | १०५.२ | स्थानीय पुर्वाधार सहयोग कार्यक्रम (LISP) | ३०,५९,६४९ |
| ३ | २०८१/८२ | १४५ | सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान | ४६,९४५ |
| ४ | २०८१/८२ | १४६ | नगर अनुदान | १२,००,००० |
| ५ | २०८१/८२ | ९३ | झोलुङ्गे पुल निर्माण | ५,९३,५३८ |
| ६ | २०८१/८२ | १४१ | आधारभुत तहको परीक्षा व्यवस्थापन | २,४२,०९५ |
| ७ | २०८१/८२ | १४० | अपाङ्गताको प्रारम्भिक पहिचान | १,५०,००० |
| ८ | २०८१/८२ | ८ | अनुदान फिर्ता | ६०,५३,९२० |
| ९ | २०८०/८१ | ४६ | स्थानिय संचित कोष | १,७२,७५२ |
| १० | २०८०/८१ | ४८ | नगर अनुदान शिक्षक | १६,००,००० |

| | | | | |
|---|---|---|---|---|
| ११ | २०८०/८१ | ४५ | तलव भत्ता | ६०,०३,००० |
| १२ | २०८०/८१ | ११० | करार तलव भत्ता | १,४६,२२३ |
| १३ | २०८०/८१ | ६५ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ९,४६,५२१ |
| **जम्मा** | | | | **२,१३,२७,०५५** |

# नलगाड नगरपालिका, जाजरकोट

# ( ८०६६६४०२३०० )

# नलगाड नगरपालिका , जाजरकोट

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। नेपालको कर्णाली प्रदेशमा रहेको यस पालिकाको वडा संख्या १३, सभा सदस्य ६८, छेत्रफल ३८७.४४ वर्ग कि.मी. र जनसंख्या २८९२२ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१३ देखि २०८२।५।१८ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** नगरपालिकाको आय - व्ययतर्फ रु. १ अर्ब ७४ करोड ७७ लाख १३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छन्।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा भैसिखोर सिचाई कुलो मर्मत योजनामा वढी भुक्तानी भएको रकम भौचर नं. ८६६४२८३७ मिति २०८२।५।२३ मा रु. १,६५,०००, दाखिला फाराम नं. ७६११५५३ मिति २०८२।५।२९ मा रु. १,२२,००० र दाखिला फाराम नं. ७६११५७२ मिति २०८२।५।३० मा रु. ५५,००० गरी कुल रु. ३४,२०,०० संचितकोष दाखिलाको प्रमाण पेश भएको छ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आय व्यय विवरण**

पालिकाले तयार गरेको आर्थिक बर्ष २०८१।८२ को एकिकृत आय व्ययको विवरण देहाय अनुसार रहेको छ ।

नलगाड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
दल्ली जाजरकोट
एकिकृत आय र व्यय

| आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | बिवरण | रकम | जम्मा | सि.नं. | बिवरण | रकम | जम्मा |
| १ | गतको अन्धा | ३९००७०८०.०० | ३९००७०८०.०० | १ | चालु खर्च | ४०६८२०७८५.७८ | ४०६८२०७८५.७८ |
| १.१ | संचित कोष खाता | ११३७४१२८.४५ | | १.१ | संघीय वित्तीय समानिकरण अनुदान | ३४६०५३६३.५१ | |
| १.२ | धरौटी खाता | २८२०३८७.०० | | १.२ | संघिय सर्शत अनुदान | २५९९९७०६२.०७ | |
| १.३ | स्थानीय तथा प्रकोप व्यवस्थापन कोष खाता | २३३०८५४३.०० | | १.३ | संघिय राजश्व बाँडफाँड | ९०९३१६८५.३४ | |
| १.४ | बिबिध खर्च खाता | १५०४०२१.५५ | | १.४ | प्रदेश शर्शत अनुदान | २६९८८०८.०० | |
| २ | संचितकोष खाताको जम्मा | ५८०१०६२९५.१३ | ५८०१०६२९५.१३ | १.५ | प्रदेश समानिकरण अनुदान | ४७२६७०७.०० | |
| २.१ | संघीय वित्तीय समानिकरण अनुदान | ८४६०२७२०.०० | | १.६ | प्रदेश राजश्व बाँडफाँड | १०११९५०.०० | |
| २.२ | संघीय शर्शत अनुदान | २९४४२०७१२.०७ | | १.७ | आन्तरिक स्रोत | १२८४९२०९.८६ | |
| २.३ | संघिय राजस्व बाँढफाँढ | ११०६८८७७५.७३ | | २ | पुँजिगत खर्च | १५०८२६५२५.४६ | १५०८२६५२५.४६ |
| २.४ | प्रदेश समानिकरण अनुदान | १०१४१०००.०० | | २.१ | संघीय वित्तीय समानिकरण अनुदान | ४३२१०८६८.६६ | |
| २.५ | प्रदेश शर्शत अनुदान | ४९१७५५३३.०० | | २.२ | संघीय शर्शत अनुदान | ३४४२३६५०.०० | |
| २.६ | प्रदेश समपुरक अनुदान | ७५००००.०० | | २.३ | राजस्व बाडफाड-संघ | ३७८५१५५.०० | |
| २.७ | आन्तरिक स्रोत (राजस्व) | ८२२०३६५.७५ | | २.४ | आन्तरिक स्रोत (राजस्व) | ४४२६०६८.०० | |
| २.८ | प्रदेश राजस्व बाँढफाँढ | १४३४३५५.५८ | | २.५ | प्रदेश बिशेष अनुदान | १३९२२८३३.०० | |
| २.९ | प्रदेश बिशेष अनुदान | १३९२२८३३.०० | | २.६ | प्रदेश समानिकरण अनुदान | ३१३५१४५.८० | |
| ३ | कार्यसंचालन कोष | १६१२८५४३२.७३ | १६१२८५४३२.७३ | २.७ | प्रदेश शर्शत अनुदान | ४६४७६७२५.०० | |
| ३.१ | स्थानीय प्रकोप व्यवस्थापन कोष खाता | १५०५२५०००.०० | | २.८ | प्रदेश समपुरक अनुदान | १४४६०८०.०० | |
| ३.२ | बिबिध खर्च खाता | १०७६०४३२.७३ | | ३ | कार्यसंचालन कोष खाताहरु | १७८५०३६७२.०२ | १७८५०३६७२.०२ |
| ४ | धरौटी खाताको आम्दानी | ४१६३८३८.६७ | ४१६३८३८.६७ | ३.१ | स्थानीय प्रकोप व्यवस्थापन कोष खाता | १६८७५००००.०० | |
| ५ | अन्तरसरकारी अख्तियारी | १३२८८८४५३.८० | १३२८८८४५३.८० | ३.२ | बिबिध खर्च खाता | ९७५३६७२.०२ | |
| ५.१ | आन्तरिक मामिला तथा कानून मन्त्रालय ३१४०००११३ | २६४००००.०० | | ४ | अन्तर सरकारी अख्तियारी | १३२८८८४५३.८० | १३२८८८४५३.८० |
| ५.२ | सामाजिक सुरक्षा संरक्षण-३१४०१०१२३ | ११६३७६२६९.०० | | ४.१ | आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश ३१४०००११३ | २६४००००.०० | |
| ५.३ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम ३७०००११६४ | १२५१०२८१.८० | | ४.२ | सामाजिक सुरक्षा संरक्षण-संघ ३१४०१०१२३ | ११६३७६२६९.०० | |
| ५.४ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम ३७०००११४३ | १३६१९०३.०० | | ४.४ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम संघ ३७०००११६४ | १२५१०२८१.८० | |
| | | | | ४.५ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम संघ ३७०००११४३ | १३६१९०३.०० | |
| | | | | ५ | धरौटी खाता खर्च | २३००००.०० | २३००००.०० |
| | | | | ६ | बैंक मौज्दात | ४८१८१६६३.२७ | ४८१८१६६३.२७ |
| | | | | ७ | संचीत कोष खाता | ३४१०१६१२.७२ | |
| | | | | ८ | धरौटी खाता | ६७५४२२५.६७ | |
| | | | | ९ | बिबिध खर्च खाता | २२४२२८१.८८ | |
| | | | | १० | प्रकोप व्यवस्थापन कोष खाता | ५०८३५४३.०० | |
| | जम्मा | | ९१७४५११००.३३ | | | | ९१७४५११००.३३ |

लोक बहादुर गौतम, बरिष्ठ लेखा अधिकृत

CS Scanned with CamScanner

## ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान

(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प. फाराम २७०) अनुसुचीमा रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ४ लेखाप्रणालीको प्रयोग

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८० मा आर्थिक प्रशासन र प्रशासनिक काममा एकरुपता कायम गर्न र पारदर्शिता र जवाफदेहिता प्रवर्धन गर्न सूचना प्रविधिको ढाँचा तोक्न सक्ने व्यवस्था छ ।सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ। पालिकाले हाल दुई लेखा प्रणाली स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SuTRA) र एकीकृत सार्वजनिक वित्त व्यवस्थापन प्रणाली (IPFMS) बाट लेखा राख्ने गरिएकोमा प्रयोग भएका दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। पालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम IPFMS प्रणालीमा र स्थानीय श्रोतलाई SuTRA प्रणालीमा प्रविष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध नरहेकाले कार्यक्रम तथा आयोजनाको कुल खर्चसमेत यकिन गर्न नसकिने स्थिति छ। अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम IPFMS मा मात्र अभिलेख गरिने हुँदा SuTRA प्रणालीबाट प्रतिवेदन गरिने एकिकृत वित्तीय प्रतिवेदन (म.ले.प. फाराम २७०) मा समावेश हुने अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागू गर्ने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

## ५ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको एकिकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११,६३,७६,२६९।००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१३,६१,९०३।००, एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको रु.१,२५,१०,२८१।८० तथा स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको रु.१,५३,०८,४८७।४८ समेत गरी रु.१४,५५,५६,९४१.२८ तथा प्रदेश तर्फ आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. २६,४०,००० पालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) को सहायक लेखा टिप्पणी (२७०-६) तथा अनुसुची १४ मा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय प्रतिवेदन पूर्ण नहुँदा पालिकाले तयार गरेको एकिकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले आर्थिक अवस्थाको यथार्थ चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार वित्तीय विवरणमा खुलासा गर्ने व्यवस्था गर्नुपर्दछ ।

संघिय सरकारवाट प्राप्त अन्तरसरकारी अख्तियारीको बजेट, निकासा तथा खर्चको विवरण

| बजेट उपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०१०१२३ | सामाजिकसुरक्षा तथा संरक्षण | ११७०२९०००.०० | ११६३७६२६९.०० | ११६३७६२६९.०० |
| ३३५००११९३ | उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम | १००००००.०० | ०.०० | ०.०० |
| ३३५००११९४ | उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम | २५०००००.०० | ०.०० | ०.०० |
| ३५००११०१३ | विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर) | ४३४०००.०० | ०.०० | ०.०० |
| ३७००००११४३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २०४८०००.०० | १३६१९०३.०० | १३६१९०३.०० |
| ३७००००११६४ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ८५३०४०००.०० | १२५१०२८१.८० | १२५१०२८१.८० |
| ३६५०११६४ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम | १८४९५०००.०० | १५३०८४८७.४८ | १५३०८४८७.४८ |
| **जम्मा रु** | | **२२६८१००००.००** | **१४५५५६९४१.२८** | **१४५५५६९४१.२८** |

कर्णाली प्रदेश सरकारवाट प्राप्त अन्तरसरकारी अख्तियारीवाट प्राप्त बजेट, निकासा तथा खर्चको विवरण

| बजेटउपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०००११३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २६४०००० | २६४०००० | २६४०००० |
| **जम्मा रु** | | **२६४००००** | **२६४००००** | **२६४००००** |

६ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको स्रेस्ता अनुसार तथा वैङ्क स्टेटमेन्ट अनुसार रु ४,८१,८१,६६३ मौज्दात रहेको देखिन्छ । तथापी पालिकाले चालु खर्च खाता र पुँजिगत खर्च खातामा आर्थिक वर्षको अन्त्यसम्म रहेको मौज्दात रकम स्रेस्ता अनुसार संचितकोष खातामा ट्रान्सफर गरी सुन्य बनाएतापनी वैङ्कवाट ट्रान्सफर गरेको देखिएन । आर्थिक वर्षको अन्त्यमा वैङ्क हिसाव मिलान विवरण तयार गरी मौज्दात रकम भिडान गर्नुपर्दछ ।

| बैंकको नाम | खातानं | खाताकोप्रकार | श्रेस्ताअनुसार बाकी रु | बैङ्कस्टेटमेन्ट अनुसार वाँकी |
|---|---|---|---|---|
| एनआई सि एशिया बैंक लि. | २३५२०५००२९१८२००० | ग १.१, आन्तरिक राजस्व खाता | ० | |
| एनआई सि एशिया बैंक लि. | २३५२०५००२९१८३००० | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| एनआई सि एशिया बैंक लि. | २३५२०५००२९१८४००० | ग १.३, आन्तरिक अनुदान खाता | ० | ० |
| एनआई सि एशिया बैंक लि. | २३५२०५००२९१९७००० | ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | २१५४०४३.७६ |
| एनआई सि एशिया बैंक लि. | २३५२०५००२९१८६००० | ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ० | १९९८९१६ |
| एनआई सि एशिया बैंक लि. | २३५२०५००२९१८९००० | ग २.७, विविध खर्च खाता | २२,४२,२८१.८८ | १७२२००२.८८ |
| एनआई सि एशिया बैंक लि. | N५CA०५२२३९५५२४०२ | ग ३.१, स्थानीय तह धरौटी खाता | ६७,५४,२२५.६७ | ६७,५४,२२५.६७ |
| एनआई सि एशिया बैंक लि. | N५CA०५२२३९५५२४०१ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ३,४१,०१,६१२.७२ | ३०४६८९३१.९६ |
| एनआई सि एशिया बैंक लि. | N५CA०५२२३९५५२४०६ | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ५०,८३,५४३.०० | ५०८३५४३ |
| **जम्मा** | | | **४८१८१६६३** | **४८१८१६६३** |

७ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.२१,५४,०४३।७६ तथा पुँजिगत खर्च खातामा रु. १९,९८,९१६ समेत रु.४१,५२,९५९।७६ संचितकोष दाखिला नगरी सम्वन्धित खातामा रहेको पाइयो ।उक्त रकम आर्थिक वर्षको अन्त्यपछि २०८२ श्रावणमा मात्र संचितकोष दाखिला गरेको देखिन्छ । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

८ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची -२ मा फिर्ता गर्नुपर्ने अनुदान रु. ४,६९,५८,८४१.९३ मध्ये रु. ४,०९,०४,९२१.९३ संघिय संचितकोषमा तथा प्रदेश संचितकोषमा मिति २०८२।३।३१ फिर्ता गरेको विवरण पेश भएको छ।पालिकाले प्रदेश समपुरक अनुदानमा यो वर्ष निकासा लिएको रु ७५,००,००० मध्ये सो वर्ष रु.१४,४६,०८० खर्च गरेकोमा रु.६०,५३,९२० बाँकी रहेको छ। खर्च नभै मौज्दात रहेको रकम सम्वन्धित आर्थिक वर्षमा निकासा फिर्ता गर्नुपर्नेमा लेखापरीक्षण अवधि सम्म फिर्ता गरेको देखिएन।उल्लेखित फिर्ता गर्न वाँकी रकम रु.६०,५३,९२० लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी पश्चात प्रदेश संचितकोष फिर्ता गरेको छ ।

| क्र.सं. | विवरण | निकासा | खर्च | फिर्तागर्नुपर्ने रकम | फिर्ता गरेको रकम | लेखापरीक्षण प्रतिवेदन जारी पश्चात फिर्ता |
|---|---|---|---|---|---|---|
| १ | संघियशसर्त अनुदान चालु | २८७४९८०००. | २५९९९७०६२.०७ | २७५००९३७.९३ | २७५००९३७.९३ | |
| २ | संघियशसर्त अनुदान पुँजीगत | ४२५८८०००. | ३४४२३६५०. | ८१६४३५०. | ८१६४३५०. | |
| ४ | प्रदेशशसर्त अनुदान चालु | ३०३८००० | २६९८८०८ | ३३९१९२ | ३३९१९२ | |
| ५ | प्रदेशशसर्त अनुदान पुँजीगत | ५०३००००० | ४६४७६७२५ | ३८२३२७५ | ३८२३२७५ | |
| ६ | प्रदेश विशेष अनुदान पुँजिगत | १५०००००० | १३९२२८३३ | १०७७१६७ | १०७७१६७ | |
| ६ | प्रदेशसमपुरक अनुदान पुँजीगत | ७५००००० | १४४६०८० | ६०५३९२० | ० | ६०५३९२० |
| जम्मा | | ४०५९२४००० | ३५८९६५१५८.०७ | ४६९५८८४१.९३ | ४०९०४९२१.९३ | ६०५३९२० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **६,०५३,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको वडा नं १ का वडाध्यक्ष श्री धन बहादुर महरले मिति २०८१।३।१० मा रु. ६४,९७,६२,०४६।०० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।०७ मा रु. ६६,०१,३६,१७४।४५ को अख्तियारी प्रदान गरेको देखिन्छ। पारित गरेको बजेट भन्दा बढी रकमको अख्तियारी प्रदान गरेको सम्बन्धमा एकिन गर्न सकिएन । पारित बजेटको अधिनमा रही बजेट पारीत भएको ७ दिन भित्र अख्तियारी प्रदान गरेको नदेखिएकाले कानूनमा तोकिएको समयावधिमा अख्तियारी प्रदान गर्नुपर्दछ ।

१० **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। सो व्यवस्था अनुसार समिति गठन गरी नीति तथा कार्यक्रम तय गरेको तथा समितिको वैठक सम्वन्धमा माइन्युट तयार गरेको देखिएन। पालिकाले वजेट सँगसगै क्षेत्रगत नीति तथा कार्यक्रम तय गरेतापनी नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको देखिएन। पालिकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गरी बजेट तथा कार्यक्रम सोको प्राथमिमिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने गराउने तर्फ पालिकाको ध्यान दिनुपर्दछ।

११ **बजेट सीमा निर्धारण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार

गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले ७ सदस्यीय समितिको गठन गरी मिति २०८१।१।२ मा वैठक बसी रु. ६४,९७,६२,०४६।०० सिमा निर्धारण गरेको देखिन्छ । उक्त वैठकको निर्णय नं ५ ले विभिन्न शाखाको वजेट सिमा निर्धारण गरेकोमा शाखाको लागि र थप विभिन्न कोष र भुक्तानी दिन वाँकी वजेट भनि वजेटको सिमा निर्धारण गरेको छ। यसवाट पालिकले कुल सिमा निर्धारण तथा वजेट व्यवस्थापन गरेतापनी कानुनले तोकिएको सिमामा विषयगत शाखा तथा वडालाई बजेट सिमा कानुन वमोजिमको समयमा उपलब्ध नगराएको तथा कानुनमा भएको क्षेत्रगत सिमा निर्धारण, प्राथमिकिकरण तथा बजेट तर्जुमा दिग्दर्सन तयार गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## १२ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची -३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले २०८१।८२ मा निम्नअनुसार योजनामा वजेट विनियोजन गरेको छ।

| **रु. १ लाख सम्म** | | **रु. १ लाख देखि २ लाख सम्म** | | **रु. २ लाख देखि ५ लाख सम्म** | | **रु. ५ लाख देखि १० लाख सम्मका** | | **रु. १० लाख भन्दा बढीको** | |
|---|---|---|---|---|---|---|---|---|---|
| **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| २० | १५५०००० | ११ | १६९०००० | २५ | ९२७८००० | ९ | ७६७०००० | ५१ | १६७७३२२३८ |

उपर्युक्त विवरणअनुसार पालिकाले कुल ११६ योजनामध्ये ५६ योजनाहरु ५ लाख भन्दा साना र योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये सम्पुर्ण योजनाहरु कार्यान्वयन गरेको विवरण प्राप्त भएको छ। पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## १३ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पूँजिगत तथा चालु शीर्षकका ४९ वटा योजना तथा कार्यक्रममा विनियोजन भएको रु.५,४७,३५,०००.०० वजेट घट गरी कुल ७२ वटा योजना तथा कार्यक्रममा रु. ५,१६,६८,९५३.६० वजेट थप रकमान्तर गरेको छ । उक्त रकम शुरु वजेट रु.६४,९७,६२,०४६।०० को तुलनामा ८.४२ प्रतिशत हुन आउँछ।प्रदेश समपुरक लगायतका योजनामा थप भएका तथा कार्यपालिकाको निर्णयवाट योजना थप भएकाले रकमान्तर थप रकम वृद्धि भएको देखिन्छ । पालिकाले संघ र प्रदेशवाट स्विकृत योजना आफ्नो वजेट तथा कार्यक्रममा समावेश गरेरमात्र बजेट तर्जुमा गर्नुपर्ने साथै कार्यपालिकाको पटक पटकको निर्णयवाट रकमान्तर हुने तथा आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ।

## १४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।०८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । तर पालिकाले कानुनमा भएको व्यवस्था वमोजिम

त्यस्तो प्रणाली तयार गरी लागु गरेको देखिएन । पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धमा देखिएका केही बेहोराहरु देहाय बमोजिम रहेका छन:

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक योजना तयार भएतापनी सो कार्यान्वयनका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरी प्रगतिको समिक्षा गरेको पाईएन,
- पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,
- वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तथा शहरीकरण भैरहेका स्थानलाई मध्यनजर गरी फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन,
- भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरूको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको तथा भ्रमण अभिलेख खाता पूर्ण रूपमा लागू गरेको पाईएन,
- स्थानीय तहले अधिकांस निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन ,
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने तथा अनुगमनको व्यहोरा कार्यान्वयनको अवस्था मुल्याङ्कन गरेको पाइएन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख तयार गरेको देखिएन,
- ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता तयार गरेको देखिएन,
- पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख राखेको देखिएन, त्यसले गर्दा एकै स्थानमा दोहोरो पर्ने गरी मर्मत कार्य भए नभएको यकिन गर्न सकिएन,
- स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई प्रदान गरेको पाईएन,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख तयार गरेको देखिएन,
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश: पालना भएको पाईएन,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

- म.ले.प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरूप बेरूजुको अभिलेख तयार गरेको देखिएन,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्र्यौट तथा सम्परीक्षण कार्य गरेको देखिएन,
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्नुपर्नेमा अमानतवाट सङ्कलन गरेको नगद राजस्व असुली गरी निश्चित अवधि पश्चात् मात्र वैङ्क दाखिला गर्ने गरेको देखियो । सवै कारोवार वैङ्किक प्रणाली मार्फत संङ्कलन गरेको देखिएन,
- उपभोक्ता समितिहरू स्थायी लेखा नम्वर (PAN) मा आंशिक दर्ता भएको तथा विजक जारी गरेको पाईएन,
- अनुदान वितरण गर्दा लाभग्राही छनौटको मापदण्ड लागत साझेदारीको मापदण्ड तय गरेको पाईएन,
- कुनै रकम भुक्तानी गर्दा सम्वन्धित शाखावाट भुक्तानीको सिफारीस पत्र (म.ले.प.फा.नं. २०२ ) प्राप्त भए पश्चात मात्र भुक्तानी गर्नुपर्नेमा उक्त व्यवस्थाको पालना भएको देखिएन

अत: पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीको तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

## १५ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ। पालिकाको २०८१/८२ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन। पालिकाले यो वर्ष अन्तरसरकारी अख्तियारी तर्फ संघवाट विभिन्न शिर्षकहरुमा निकासा तथा खर्च गरेको रकम सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आन्तरिक लेखापरीक्षण गराउनु पर्नेमा अन्तिम लेखापरीक्षण अवधि सम्मपनी संघिय सरकारवाट प्राप्त भएको रु.१४,५५,५६,९४१.२८ निकासा तथा खर्चको समेत आन्तरीक लेखापरीक्षण गरे गराएको देखिएन ।पालिकामा आन्तरीक लेखापरीक्षण कार्य गर्नको लागि १ आन्तरिक लेखापरीक्षकको दरवन्दी भएकोमा पतपुर्ती नभएकोले आन्तरीक लेखापरीक्षण हुन नसकेको जनाएतापनि विगत वर्षहरुमा समेत आन्तरीक लेखापरीक्षकको पदपुर्ती गरी आन्तरीक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्ने व्यहोरा औँल्याइएकोमा यो वर्ष समेत स्थिति यथावत रहेको देखिन्छ। तसर्थ पालिकाले रिक्त दरवन्दीको पदपुर्ती गरी कानून वमोजिम आन्तरिक लेखापरीक्षण गराई नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाउनु पर्दछ ।

## १६ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको बेहोरा निम्नानुसार छः

- पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गर्नुपर्नेमा लेखापरीक्षण अवधि सम्म जिन्सी निरीक्षण गरेको छैन । पालिकाले कानूनमा भएको व्यवस्था बमोजिम जिन्सी निरीक्षण गराई प्रतिवेदनमा जिन्सी सामानको मूल्यांकन गरी मर्मत गर्नुपर्ने, लिलाम विक्रि गर्नुपर्ने, मिन्हा गर्नुपर्ने र संरक्षण गर्नुपर्ने जिन्सीको अवस्था एकिन गरी जिन्सीको उचित मर्मत तथा लिलाम तथा संरक्षण गर्नुपर्दछ ।

- पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण तयार गरेको छैन ।
- पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसँग सम्बन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर र जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायहरूमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा रहेका कोष तथा पालिकाको खाताहरूमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरू एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी सामानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेतापनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जिन्सी सामाग्रीको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्यांकन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।
- वर्ष भरिमा मर्मत गरिएका सामग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामग्रीको अलग अलग विवरण तयार गरी कार्यालयका सामग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।
- पालिकाको स्वामित्वमा रहेका घरजग्गाको विवरण PAMS मा प्रविष्टि गरेको छैन । पालिकाको नाममा रहेका सबै घर जग्गाको मुल्याङ्कन सहितको विवरण PAMS मा अभिलेख राख्नुपर्दछ ।
- महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०८१/८२ बाट सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) लागु गरेको र PAMS-V2 मा यस अघी PAMS मा दाखिला गरेका खर्च भएर नजाने जिन्सीको मौज्दात मात्र अल्या गर्ने र खर्च भएर जाने जिन्सीको मौज्दात अल्या नगर्ने भएकोले गत वर्षको बाँकी मौज्दात रहेको रु.१९,२०० चालु वर्षमा जिम्मेवारी सारी प्रयोगको सुनिश्चितता गर्नुपर्दछ ।

**१७ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद १० मा सरकारी सम्पत्तिको जिम्मा, लगत र संरक्षणसम्बन्धी व्यवस्था रहेको र पालिकाको जिम्मामा रहेको सरकारी घर, जग्गा तथा कार्यालयअन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । पालिकाले सबै सम्पत्तिहरूको विवरण अद्यावधिक गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा दाखिला गरेको छैन । अतः पालिकाले आफु मातहातमा रहेको सम्पत्तिको एकिन गर्ने, सोको मुल्य खुलाउने तथा सम्पत्तिको संरक्षण र संवर्द्धन गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा १७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

**१८ सार्वजनिक जग्गा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पलिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्वजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख,

मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ। पालिकाले मालपोत कार्यालयबाट सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सार्वजनिक संरचनाको समेतको त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राखी तथा अनुगमन गरेको देखिएन।तथापी पालिकाले हालसम्म आफ्नो स्वामित्वमा प्राप्त भएको जग्गाको अभिलेख तयार गरेको छ।पालिकाले सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख प्राप्त गरी अनुगमन नभएको कारण समेतबाट सार्वजनिक, पर्ति जग्गाले ओगटेको क्षेत्रफल रहे, नरहेको र त्यस्ता सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै प्रकारवाट हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन हुन सकेन। कानून बमोजिम मालपोत कार्यालयबाट पालिका क्षेत्रको सबै सरकारी/सार्वजनिक जग्गाको अभिलेख प्राप्त गरी सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख प्राप्त गरी सार्वजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ ।

**१९ स्थानिय स्रोत नक्साकन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोतअन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्षसम्म स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको वा अद्यावधिक गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

**२० दिगो विकास लक्ष्यहरुको स्थानीयकरण**

संयुक्त राष्ट्रसंघद्वारा गठित वातावरण र विकास सम्बन्धि विश्व आयोग ब्रुटल्याण्ड कमिसनद्वारा सन् १९८७ मा प्राकृतिक स्रोत साधन, वातावरण, जनसंख्या र विकास गतिविधिहरूको उचित एवं सन्तुलित तालमेलका लागि ल्याएको हाम्रो साझा भविष्य नामक अवधारणा बमोजिम संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले संयुक्त रुपमा अङ्गिकार गरी सन् २०१६ बाट कार्यान्वयनमा ल्याइएको आवधिक विकासका साझा मार्ग चित्रलाई दिगो विकास नाम दिइएको छ । यस अन्तर्गत तय भएका लक्ष्यहरू प्राप्तिका लागि नेपालका तिनै तहका सरकार समान रुपले जिम्मेवार छन् ।पालिकाले तयार गरेको आवधिक विकास योजनामा समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ । पालिकाको वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरूलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्न अपरिहार्य हुन्छ। दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा हुन नसक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यमकालिन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ ।

**२१ आयोजना बैंक**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ। योजना बनाउदा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्नेमा हालसम्म आयोजना बैँक बनाई कार्यान्वयनमा ल्याएको पाइएन।पालिकाले आयोजना बैंक नवनाई यो बर्ष ११६ योजनामा रु. १८ करोड ७९ लाख २० हजार बजेट बाँडफाँट गरेको छ । पालिकाले स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

**२२ आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थकि वर्ष २०७९।८० देखी २०८३।८४ सम्मका लागि दोस्रो आवधिक योजना तयार गरी लागु गरेको देखिन्छ। पालिकाले कार्यान्वयनमा ल्याएको आवधिक योजनाले निर्धारण गरेको समृद्ध र सफा नगर दिगो विकास र सुशासनको शहरुको दिर्घकालिन सोच तथा समृद्ध नगरपालिकाको आधार तय गर्ने लक्ष्य तय गरी उक्त लक्ष्य हाँसिल गर्न सूचकहरु निर्धारण गरेको देखिन्छ। उल्लेखित लक्ष्य हासिल गर्न विभिन्न क्षेत्रगत नीति रणनीति तथा प्राथमिकताक्रम समेत निर्धारण गरेको भएतापनि पालिकाले वार्षिक कार्यक्रम छनौट गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली योजना र कार्यक्रमहरुलाई समावेश गरेको देखिन्छ। उल्लेखित लक्ष्यहरु हाँसिल गर्न राजस्व प्राप्ती रु.६६ करोड ४३ लाख ३२ हजार र रु.९२ करोड ६५ लाख ७० हजार खर्चको अनुमान समेत गरेको देखिन्छ। आवधिक योजनाको लक्ष्य हासिल गर्न रु.२६ करोड २२ लाख ३८ हजार अपुग हुने देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना वमोजिम वजेट व्यवस्थापन गरी सोही अनुरुप बार्षिक बजेट तथा कार्यक्रम तय गरी सोको कार्यान्वियन गरी योजनाको आवधिक समिक्षा समेत गर्नुपर्दछ ।

२३ **वार्षिक खरिद योजना/ गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत पालिका तर्फ रु.१८,७९,२०,२३८.४५ बजेट विनियोजन गरी वार्षिक रु.१५,०८,२६,५२५.४६ पूँजीगत प्रकृतिको खरिद तथा निर्माण कार्य गरेको छ। पालिकाको नीति तथा कार्यक्रम वमोजिम विभिन्न खानेपानी संरचना निर्माण, एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम अन्तर्गत अस्पताल भवन निर्माण लगायतका योजनाहरु बहुवर्षिय प्रकृति समेत रहेको देखिन्छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा सार्वजनिक खरिद ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना तयार नगरी खरिद कार्य गरेको देखियो। अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२४ **खरिद अभिलेख**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) मा सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ। कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन। साथै ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं.५०७) समेत अद्यावधिक गरी राखेको पाइएन। जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वियन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको सम्वन्धमा एकिन गर्न सक्ने अवस्था देखिएन । पालिकाले खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउनु पर्दछ ।

२५ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले योजनामा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको नर्म्स तथा स्पेशिफिकेशन अनुसार तथा फ्रिक्वेन्सीमा गुणस्तर परीक्षण गरेको पाइएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ ।

२६ **प्रगति प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने र नियम ३६ मा उक्त प्रगति विवरण समीक्षा गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपरोक्त व्यवस्था बमोजिम त्रैमासिक प्रगति विवरण र बार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गरेको देखिएन। त्रैमासिक खर्चको प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नुपर्ने र भौतिक र वित्तीय प्रगति विवरणको समिक्षा गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२७ **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिमाण र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न सफ्टवेयरहरूमा विगत बर्ष र यो वर्ष समेत ५ बर्षमा खरिद तथा भुक्तानी गरेको विवरण माग गरेकोमा पालिकाबाट सम्वन्धित कर्मचारी विदामा रहेकोले उक्त विवरण उपलब्ध गराउन नसकिने जवाफ दिएको छ । विगत बर्ष र यो बर्ष समेत पालिकाले खरिद गरेका सफ्टवेयर लगायतको अद्यावधिक विवरण समेत लेखापरीक्षणमा पेश नभएकोले खरिद भएको सफ्टवेयरको उपयोग सम्वन्धमा एकिन गर्न सकिएन । पालिकाले यो वर्ष अस्पताल व्यवस्थापनका लागि सफ्टवेयर खरिद गरी रु २,२०,००० खर्च गरेको जानकारी गराएको छ भने विगत वर्षमा राजस्व व्यवस्थापन, योजना व्यवस्थापन लगायतका सफ्टवेयर प्रयोग गरेको देखिन्छ । पालिकाले विगत वर्षहरुमा खरिद गरेका सफ्टवेयरको लगत अद्यावधिक गरी यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

२८ **सामुदायिक वनको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) १ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस पालिकाक्षेत्र भित्र डिभिजन वन कार्यालयको अभिलेख वमोजिम ४३ वटा सामुदायिक वन रहेको छ। पालिका अन्तर्गत विगत वर्ष तथा यो बर्ष कुनैपनी सामुदायिक वनले कार्ययोजना पेश गरी स्विकृत गरेको देखिदैन। पालिकाले आफ्नो कार्यक्षेत्र भित्रमा सामुदायिक वनको वार्षिक कार्य योजनाको अभिलेख र सोको कार्यान्यिवन अवस्था सम्बन्धमा अनुगमन मूल्याङ्कन नगरेको, प्राप्त हुनुपर्ने राजश्व यकिन नगरेको र यसको लागि नीतिगत व्यवस्था तथा कार्ययोजना तयार गरी कार्यान्वियन गरेको देखिएन। कानुन वमोजिम आन्तरिक आयको अभिवृद्धि गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

२९ **जोखिम मूल्याङ्कन**

पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तिय अनुसाशन जोखिम मुल्याङ्कनमा यस पालिकाले आर्थिक बर्ष २०८०।८१ मा ६२.५ प्रतिशत अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको आधारमा पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ८१.५० प्रतिशत अङ्क प्राप्त गरेको पाइयो। पालिकाले क्षमता स्वमुल्याङ्कनका क्रममा संगठन तथा प्रशासन, सेवा प्रवाह, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तिय एवं आर्थिक व्यवस्थापन, सामाजिक समावेशिकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय लगायतका विषय क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ। साथै जोखिम मुल्याङ्कनको क्रममा पत्ता लागेका योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, अनुगमन, मुल्याङ्कन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापन लगायतका विषय क्षेत्रमा भएको जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

३० **सहकारी नियमन र विवरण दाखिला**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक

महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिकाभित्र हालसम्म ३२ वटा सहकारी संस्थाहरु दर्ता भएका छन् । पालिकाभित्रका दर्ता भएका सहकारी संस्थाहरुमध्ये ४ सहकारीहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा सहकारीहरुको वार्षिक विवरण अद्यावधिक गरेका छैन भने २८ वटा सहकारीले सुचना प्राणलीमा विवरण अद्यावधिक गरेका छैनन्। पालिकामा दर्ता भएका सबै सहकारीहरू प्रणाली आबद्ध भएतापनि सकृय अवस्थामा नरहेको पालिकाले जनाएको छ। पालिकाबाट पेश भएको विवरणअनुसार पालिकामा दर्ता भएको सहकारीहरुमध्ये बचत तथा ऋण सहकारी संस्था ३, बहुउद्देश्यीय सहकारी संस्था ११, साना किसान सहकारी संस्था ५, कृषि सहकारी १० वटा र अन्य संस्था ३ रहेका छन्। पालिकाले यस वर्ष ८ सहकारीहरुको अनुगमन गरेको जनाएतापनी अनुगमन प्रतिवेदन तयार गरेको देखिएन। पालिकाबाट दर्ता भएका सहकारीको नियमित अनुगमन निरीक्षण नहुदाँ पालिकाका सञ्चालित सहकारीको सञ्चालन अवस्थाबारे थप अध्ययन गर्न सकिएन। पालिकाभित्र रहेका सहकारीले समष्टिगत प्रतिवेदन नवुझाएको, मासिक प्रगति नवुझाएको, साधारण सभाको जानकारी नगराएको, र साधारण सभाको प्रतिवेदन समेत पठाएको अवस्था छैन। तसर्थ पालिकाले विधमान कानुन र सुचना प्रणालि वमोजिम सवै प्रकारका विवरण दाखिला नगर्ने सहकारी उपर अनुगमन गरी कारवाही गर्नुपर्ने देखिन्छ ।

## ३१ **सेवाप्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सुधार गरी कार्यान्वियन गर्नु पर्ने देखिन्छ ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ९७५ | ९७५ |
| २ | घरबाटो सिफारिस | ४६ | ४६ |
| ३ | नाता प्रमाणित | ५८५ | ५८५ |
| ४ | जन्म, मृत्यु दर्ता | १६४६ | १६४६ |
| ५ | अन्य | १५६० | १५६० |

## ३२ **संगठन तथा कर्मचारी व्यवस्थापन**

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१ को दफा ७ मा स्थानीय तहमा स्थानीय सरकारी सेवाको संगठन संरचना वा दरबन्दी सृजना गर्न तथा त्यस्तो संगठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सिफारिस समिति गठन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने, संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा संगठनको दरबन्दी सृजना, पुनरावलोकन वा हेरफेर गर्नु पर्ने देखिएमा तोकिएको आधार तथा कारण खुलाई सो समितिले कार्यपालिकामा प्रतिवेदन पेश गर्नु पर्ने र कार्यपालिकाको सिफारिसमा सभाले दरबन्दीको आवश्यकता र औचित्य समेतको आधारमा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीको प्रस्ताव स्वीकृत गर्ने सङ्गठन संरचना र दरबन्दी स्वीकृत भएको मितिले एक महिनाभित्र स्थानीय सरकारी सेवाको पदहरुको सेवा, समूह, उपसमूह तथा तह समेत खुल्ने गरी प्रदेश अभिलेखालयमा पठाउनुपर्ने उल्लेख छ। उक्त व्यवस्था वमोजिम नगरपालिकाले हालसम्म सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरेको देखिएन। पालिकाले संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण गरी हाल कायम रहेको दरबन्दी संख्या, दरबन्दी थप गर्नुपर्ने कारण, थप दरबन्दी संख्या र थप दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्नुपर्ने र सोको जानकारी मुख्यमन्त्रि तथा मन्त्रीपरिषदको कार्यालय र प्रदेश अभिलेखालयमा पठाउनुपर्ने देखिन्छ।पालिकामा स्थानीय तह गठन हुँदाका वखत पालिकातर्फ ६७ र स्वास्थ्यतर्फ ३५ गरी कुल १०२ कर्मचारीको दरवन्दी रहेकोमा प्रमुख प्रशासकीय अधिकृत सहित १ जना, समायोजन भएको ३५ तथा साविकको स्थानीय तहवाट १ जना तथा प्रदेश लोकसेवावाट २९ जना गरी कुल ६६ स्थायी पदपूर्ती भएको देखिन्छ भने सो वाहेक

विभिन्न पदका १०९जना (कार्यक्रम करार २१ जना वाहेक) कर्मचारीहरु करारमा पदपूर्ती गरेको देखिन्छ । स्थानीय सेवा (गठन तथा संचालन ) ऐनमा भएको व्यवस्था वमोजिम संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक जनशक्तिको व्यवस्थापन गरी पालिकाको सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

३३ **करार कर्मचारी**

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१ को दफा १४ मा ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाईने उल्लेख छ । पालिकाले यो वर्ष विभिन्न ९६ जना (कार्यक्रम करार वाहेक) र दरवन्दी करार १६ जना समेत ११२ जना कर्मचारीहरु करारमा राखि तलव (२११११) शिर्षकमा वजेट विनियोजन गरी करार तर्फका कर्मचारीलाई तलव भत्ता वापत रु.३,१०,१७,७६८।८६ खर्च लेखेको छ। त्यसै गरी स्थानीय सरकार संचालन ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवालिन सकिने व्यवस्था गरेको छ।स्थानीय तहले माथि उल्लेखित पदवाहेकको पालिकाले निर्णय गरी दरवन्दी नभएका विभिन्न पदका सहायक चौथो ४२ जना र पाँचौ ३ जना छैठौँ २ जना र आठौ १ जना (श्रेणी विहिन हेभी सवारी चालक हलुका सवारी चालक तथा कार्यालय सहयोगी समेत ६१ जना बाहेक) लगायतको विभिन्न पदमा ४८ जना करार नियुक्ति गरी वर्षभरिमा रु. १,५८,०४,३०६।- भुक्तानी गरेको छ । पालिकाले दरवन्दी भन्दा बाहिरको पदमा करारमा कर्मचारी राखी रु. १,५८,०४,३०६।- तलव भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.

| क्र.सं. | कार्यक्रम | कर्मचारी संख्या | रकम |
|---|---|---|---|
| १ | स्वास्थ्यतर्फ | ४१ | १२२३६००० |
| २ | नगरपालिका विषयगत शाखा | ७ | ३५६८३०६ |
| | जम्मा | | १५८०४३०६ |

| | |
|---|---|
| अनियमित भएको | १,५८,०४,३०६ |

३४ **तलवी प्रतिवेदन**

स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन , २०८१ को दफा ४३ मा तलव भुक्तानी गर्दा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब, भत्ता भुक्तानी गर्न नहुने उल्लेख छ। पालिकाले यो वर्ष तलव शिर्षकवाट तलवी प्रतिवेदन पारीत नगरी पालिका तथा स्वास्थ्य तर्फ कुल रु. ५२००२९१४।०६ तलव भुक्तानी गरेको देखिन्छ । तलवी प्रतिवेदन पारीत नगरी तलव भत्ता भुक्तानी गर्दा कर्मचारीलाई भुक्तानी भएको तलव तथा ग्रेडका सम्वन्धमा एकिन गर्न सकिएन। कानुनमा भएको व्यवस्था वमोजिम तलबी प्रतिवेदन पारीत गरेर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्दछ ।

३५ **खर्च विश्लेषण**

पालिकाले खर्च गर्दा वजेटको स्रोतको आधारमा अधिकतम मितव्ययी तवरले वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ । पालिकाले गत वर्ष र यो वर्ष निम्नुसार शिर्षकमा विनियोजन गरेको बजेट र खर्चको अवस्था देहाय वमोजिम रहेको छ ।

| विवरण | वजेट (२०८०/८१) | आ.व २०८०/८१खर्च | वजेट (२०८१/८२) | आ.व २०८१/८२खर्च | वजेट वृद्धि प्रतिशत | खर्च वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| चालु खर्च | ४५१६८०९२४.८६ | ४१७५९२०१९.३ | ४७४१४९८८९.६ | ४०६८२०७८५.७८ | ४.९७ | -२.५८ |
| पुँजिगत खर्च | १६७०२६०००. | ११२९६३७००. | १८७९२०२३८.४५ | १५०८२६५२५.४६ | १२.५१ | ३३.५२ |
| मसलन्द तथा कार्यालय सामाग्री | ६४९८०००. | ६१९५४११. | ६३१३०००. | ६१४०७०३. | -२.८५ | -०.८८ |
| इन्धन कार्यालय प्रयोजन | ३००००००. | ३००००००. | २५०००००. | २५०००००. | -१६.६७ | -१६.६७ |
| विविध | १२९४६०३३.४६ | १२०७५३३१. | २१३५३९३६. | ११७०८४३६. | ६४.९५ | -३.०४ |
| मर्मत सवारी साधन | ३६५००००. | ३५३६९६४. | ३६४००००. | ३६२६३८२.५१ | -०.२७ | २.५३ |

उल्लेखित विवरण अनुसार चालुखर्च गत वर्षको तुलनामा बजेट तथा खर्च वृद्धि हुदै गएको देखिन्छ ।पुँजिगत तर्फ गत वर्ष बजेट विनियोजन रु.१६,७०,२६,००० रहेकोमा यो वर्ष रु.१८,७९,२०,२३८.४५ रही पुँजिगत खर्च ३३ प्रतिशतले वृद्धि भएको देखिन्छ ।पालिकाले यो वर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च ०.८८ प्रतिशतले कमि भएको छ भने मर्मत खर्च र ईन्धन खर्च क्रमस २.५३ प्रतिशतले वृद्धि र ३.०४ प्रतिशतले प्रतिशतले कमी भएको देखिन्छ।पालिकाले आफ्नो आन्तरीक आय तथा स्रोतको विश्लेषण गरी चालु तर्फका खर्चमा नियन्त्रण गर्दै पुँजि निर्माण हुने क्षेत्रमा विनियोजन तथा खर्च गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ३६ प्रशासनिक खर्च

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २१ (४) मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँटवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा, प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट व्यवस्थापन गर्ने तर अत्यावश्यक प्रशासनिक खर्चको लागि आफ्नो आन्तरिक आय अपर्याप्त भएको अवस्थामा मात्र राजस्व बाँडफाँटबाट प्राप्त रकम किफायती रुपमा उपयोग गरी बाँकी रकम विकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट विनियोजन गर्नुपर्ने गरी मार्गदर्शन तय गरेको छ। पालिकाले आफ्नो आन्तरिक आय रु. ८४,५१,७९४.४८ प्राप्त गरेको देखिएकोमा पालिकातर्फको प्रशासनिक खर्च रु.१२,६१,२८,८३८.२० भएको देखिन्छ। उक्त खर्चको तुलनामा आन्तरीक आय ६.७० प्रतिशत रहेको छ। राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शन बमोजिम प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट पुर्ण रुपमा व्यवस्थापन गरेको देखिएन। समानीकरण तथा राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमवाट मुलत सामाजिक सेवा, विकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी दैनिक तथा प्रशासनिक कार्यमा बजेट विनियोजन गरी खर्च गरेकोले आन्तरिक श्रोतको उचित व्यवस्थापन गरी मार्गदर्शन बमोजिम प्रशासनिक खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

## ३७ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन। पालिकाले यस वर्ष धार्मिक संस्था सहायता, अन्य संस्था सहायता, मृत्यु संस्कार सहायता,उद्धार राहत तथा पुनस्थापना अनुदान लगायतका सहायता शिर्षकमा वजेट विनियोजना गरी न्युनतम रु.२०००० देखी रु ५०००० सम्म ४ जना व्यक्ति तथा संस्थालाई भुक्तानी गरी कुल रु.१,८०,००० खर्च गरेको छ। पालिकाको आन्तरीक आय न्युन रहेको अवस्थामा सहायता खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ साथै भुक्तानी भएको सहायताको विवरण पालिकाको वेवसाइटमा राख्नुपर्दछ । ।

## ३८ समानीकरण अनुदानको उपयोग

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्य कोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ। आयोगको मार्गदर्शन अनुकुल नहुने गरी पालिकाले नेपाल सरकार समानिकरण अनुदानवाट चालु

प्रकृतिका कार्यमा रु.२,९२,४०,०००.०० वजेट विनियोजन गरी रु.२,६९,५०,५८६.०० खर्च गरेको देखिन्छ। यस्तो खर्च अधिकांस विभिन्न कार्यक्रम संचालनमा खर्च भएको देखिन्छ। पालिकाले प्राप्त गर्ने समानिकरण अनुदानको रकम पुँजि निर्माण हुने तथा दिर्घकालिन प्रकृतिका खर्चमा विनियोजन गरी खर्च गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ । नेपाल सरकार समानीकरण अनुदानवाट चालु प्रकृतिका शिर्षकमा बजेट विनियोजन गरी खर्च भुक्तानी गरेका विवरण देहाय वमोजिम रहेको छ ।

| क्र.सं. | कार्यक्रम/आयोजनाकोनाम | खर्च शीर्षक | विनियोजन | खर्च |
|---|---|---|---|---|
| १ | स्वास्थ्य करार कर्मचारी तलब भत्ता | २१११११ | ७५,००,०००.०० | ७५,००,०००.०० |
| २ | राजस्व वाडवाट खुवाउनु पर्ने तलब भत्ता स्वास्थ्य र शिक्षक को तलबवेरुजु वापत रकम | २११११ | ७९,२०,०००.०० | ७७,७५,७५२.०० |
| ३ | बाल बिकास सहयोगी तथा नगर अनुदान शिक्षक तलभ भत्ता ताथ अन्यसुविधा | २११११ | ७०,००,०००.०० | ५२,९०,०००.०० |
| ४ | सामुदायिक बालविकास केन्द्रकी बालविकास सहयोगी तलव भत्ता नलगाडनगरपालिका वडा न ११ | २११११ | २,१०,०००.०० | २,१०,०००.०० |
| ५ | सवारी साधन मर्मत खर्च | २२२१३ | ३,४०,०००.०० | ३,४०,०००.०० |
| ६ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | ७,००,०००.०० | ३,८३,६००.०० |
| ७ | वडा कार्यालय व्यवस्थापन खर्च नलगाड न पा ८ | २२३११ | १,००,०००.०० | १,००,०००.०० |
| ८ | वडा कार्यालय व्यवस्थापन नलगाड न पा ११ | २२३११ | ९०,०००.०० | ९०,०००.०० |
| ९ | विवाह पर्व कार्यक्रमकोलागी भाँडा बर्तन खरिद नलगाड न पा ६ | २२३११ | ७५,०००.०० | ७५,०००.०० |
| १० | ईन्धन मर्मत कार्यालय सामाग्री विविध तथा अन्य खर्च नलगाड न न पा८ | २२३११ | ३,००,०००.०० | २,९८,६७०.०० |
| ११ | प्रिन्टर तथा ल्यापटप खरीद तथा सोलार मर्मत | २२३११ | १,००,०००.०० | ८०,४१९.०० |
| १२ | मसलन्द तथा कार्यालय सामाग्री खर्च विवध खर्च संचार इन्धन मर्मततथा कार्यक्रम खर्च वडा न ७ | २२३११ | ५,८०,०००.०० | ५,७९,९४५.०० |
| १३ | वडा कार्यालय व्यवस्थापन तथा विविध खर्च नलगाड न पा १३ | २२३११ | ३,५०,०००.०० | ३,५०,०००.०० |
| १४ | फ्याचौर बाल शिक्षा व्यवस्थापन वडा न ९ | २२३१९ | ३,००,०००.०० | ३,००,०००.०० |
| १५ | नलगाड नगर अस्पताल आवश्यक सामान खरीद | २२३१९ | २०,००,०००.०० | १९,१७,२००.०० |
| १६ | शिद्ध देव सामुदायिक वाल विकास केन्द्र कर्मचारी त भ १० | २२४१३ | २,००,०००.०० | २,००,०००.०० |
| १७ | माघि मेला व्यवस्थापन कार्यक्रम नलगाड न पा १३ | २२५२२ | १,००,०००.०० | १,००,०००.०० |
| १८ | वडा कार्यालय व्यवस्थापन र विविध कार्यक्रम खर्च १० | २२५२९ | ३,००,०००.०० | ३,००,०००.०० |
| १९ | बैठक भत्ता भ्रमण खर्च ईन्धन संचार अनुगमन मर्मत तथा कार्यालयसामाग्री खर्च नलगाड न पा ६ | २२५२९ | २,७५,०००.०० | २,७५,०००.०० |
| २० | विविध खर्च कार्यालय व्यवसथापन, ढुवानी इन्धन सवारी साधन मर्मत तथाअन्य खर्च वडा न ९ | २२७११ | ५,००,०००.०० | ५,००,०००.०० |
| २१ | कार्यालय व्यवस्थापन चौमासिक तथा कार्यक्रम खर्च ३ | २२७११ | ३,००,०००.०० | २,८५,०००.०० |
| **जम्मा** | | | **२,९२,४०,०००.००** | **२,६९,५०,५८६.००** |

## ३९ सूचना प्रविधी प्रयोग तथा सुरक्षा

पालिकाले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरु विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी पालिकाको कर संङ्कलन प्रणाली लगायतका सफ्टवेयरहरु सञ्चालनमा ल्याएको छ । पालिका अन्तर्गत प्रयोग भएका सफ्टवेयरको प्रयोगकर्ताहरुको विवरण, पासवर्ड परिवर्तन, भण्डारण तथा डाटा व्याकअप सम्बन्धी अभिलेख मलेप फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्यूतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वियनमा ल्याउन पर्नेमा सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागु गर्नुपर्नेमा सूचना प्रविधि सम्वन्धि अभिलेख तयार नगरेको कारण सूचना प्रविधि प्रयोग हुने सफ्टवेयर संचालन गर्ने कर्मचारी, अनुमतीको प्रमाण तथा डाटा व्याकअपको अवस्था तथा सफ्टवेयरको सुरक्षाका विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन। यसबाट अनाधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तको जिम्मेवारी कोसँग हुने भन्ने किटान नहुने एवं ब्याकअप नियमित रुपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएकोले तथ्यांक हराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ। अत: विद्युतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ ।

## ४० फोहोरमैला व्यवस्थापन

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहोरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने र दफा १२ मा पालिकाले फोहोरमैला व्यवस्थापन स्थल तोक्नुपर्ने व्यवस्था रहेको छ। पालिकाभित्र उत्पादन हुने फोहोरमैलाको व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइट नभएको हुँदा उत्पादित फोहोरमैलाको व्यवस्थापन दिगो रुपमा व्यवस्थापन हुन नसकेको, पालिकाले फोहोरमैला व्यवस्थापन सम्बन्धी नीतिको तर्जुमा गरेको देखिदैन। पालिकाले फोहोरमैला व्यवस्थापनको अल्पकालिन मध्यकालीन तथा दिर्घकालिन रणनिति अवलम्वन गरि वढ्दै गरेको सहकरीणलाई समेत मध्यनजर गर्दै कार्यक्रम तर्जुमा गरी कार्यान्वियन गरेको छैन।पालिका क्षेत्रभित्र उत्पादन फोहोरमैला व्यवस्थापनको लागि पालिकाले व्यवस्थापनको कार्य शूरु गरेको छैन। पालिकाले स्थायी संरचना निर्माण गरी फोहोरमैलाको दिगो व्यवस्थापन गर्न फोहोरमैलालाई स्रोतमा नै कमी गर्ने, पुनः प्रयोग गर्ने र पुनः चक्रिय प्रणालीको अवलम्बन गर्न नागरिक जनचेतना अभिवृद्धि गरी दिगो रुपमा फोहोरमैला व्यवस्थापन गर्न ल्याण्डफिल साइट निर्माण गर्ने, वैज्ञानिकरुपमा प्रशोधन कार्य गर्नेलगायत फोहरमैलाको वर्गीकरण गरी फोहरमैलाको उचित व्यवस्थापनमार्फत् पालिकाको पर्यावरणलाई स्वच्छ राख्न ध्यान दिनुपर्दछ ।

## ४१ कानुन निर्माण र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरु समेत बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३६ वटा ऐन,६ वटा नियमावली,४८ वटा कार्यविधि ,७ निर्देशिका अन्य ६ समेत १०३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले तर्जुमा गरेको कानुनहरुमध्ये केही कानुनहरू राजपत्रमा प्रकाशन गरेको छैन भने पालिकाको वेभसाइटमा समेत राखेको छैन। तसर्थ, उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ र वेभसाइटमा समेत अद्यावधिक गरी प्रकाशन गर्नुपर्दछ ।

## ४२ न्यायिक समितिको कार्य सम्पादन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८ र यो बर्ष थप भएको २९ गरी कूल ३७ विवाद दर्ता भएकोमा २२ फस्यौंट भई १५ बाँकी देखिन्छ।पालिकाले विवाद तोकिएको समयमा सम्पन्न हुन नसक्ने कारणमा सबै वडा मेलमिलाप केन्द्रहरु प्रभावकारी नहुनु, पक्षहरु तोकिएको समयमा उपस्थित नहुनु, छुट्टै इजलासको व्यवस्थापन नहुनु ,कर्मचारी अभाव हुनु जस्ता कारण देखिएकाले उक्त समस्यालाई समाधान गरी न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

| सि.नं. | उजुरीको प्रकार | गतवर्षसम्मको बाँकी | यस वर्ष थप | जम्मा | यस वर्ष फस्यौंट | फस्यौंट हुन बाँकी |
|---|---|---|---|---|---|---|
| १ | ४७.१ | ३ | ४ | ७ | ४ | ३ |
| २ | ४७.२ | ५ | २५ | ३० | १८ | १२ |

### ४३ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च (अन्तर सरकारी अख्तियारी वाहेक) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३७,२२,३६,९४४ | ८४,५१,७९४ | २.२७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.२७ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### ४४ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. १,०५,००,००० प्राप्त हुने प्रक्षेपण गरेको देखिन्छ भने २७ शिर्षकमा रु. ८४,५१,७९४.४८आय प्राप्ती गरेको छ ।आर्थिक वर्ष २०८१/८२ सभाले गरेको अनुमानको ८०.४९ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य सम्भावित स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाउने र राजस्व वृद्धि गर्नु पर्ने देखिन्छ।

### ४५ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै, पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशिल रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ साथै यस पालिकामा राजस्वका श्रोतका रूपमा पहिचान भएका राजस्वका सबै श्रोतहरू उचीत तरीकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन। पालिकाले वडागत रूपमा संकलन भएको राजस्व दाखिला समयमा गर्ने, सम्बन्धित शिर्षकमा गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ। साथै, राजस्व अनुमानलाई वस्तुगत बनाई आय संकलनका लागि थप श्रोत व्यवस्था गर्न स्थानीय तह थप क्रियाशिल हुनुपर्ने देखिएको छ । पालिकाको आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मकोआम्दानी | आय प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | २३००००० | ५५८४४०.११ | २४.२८ |
| २ | ११३१४ | भुमिकर/मालपोत | २४००००० | १४१७३९०.७७ | ५९.०६ |
| ३ | ११३१७ | वहाल कर | १३९७००० | ४३६२५२.१३ | ३१.२३ |
| ४ | ११३१८ | वहाल विटौरी कर | ० | १,४२० | |
| ५ | ११४५१ | सवारी साधन कर (सानासवारी) | १००००० | ३३,६०० | ३३.६ |
| ६ | ११६११ | व्यवसायले भुक्तानीगर्ने | ४८,००० | २५,१०० | ५२.२९ |
| ७ | ११६२१ | व्यवसाय बाहेक अन्यलेभुक्तानी गर्ने | ० | ७५० | |
| ८ | ११६३१ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ८०,००० | १०९६२१ | १३७.०३ |
| ९ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | ० | ६,७०० | |
| १० | ११६९१ | अन्य कर | ४००००० | ४१८८०० | १०४.७ |
| ११ | १४१५१ | सरकारी सम्पत्तीकोवहालबाट प्राप्त आय | ० | ७५५८०० | |
| १२ | १४२११ | कृषि उत्पादनकोबिक्रीबाट प्राप्त रकम | ० | १,००० | |
| १३ | १४२१८ | विद्युत सेवा शुल्क | ० | ५००. | ५०० |
| १४ | १४२२१ | न्यायिक दस्तूर | २५,००० | ६,९५० | २७.८ |
| १५ | १४२२४ | परीक्षा शुल्क | ५०,००० | १७२४०० | ३४४.८ |
| १६ | १४२२९ | अन्य प्रशासनिक सेवाशुल्क | ९००००० | ७४०७०० | ८२.३ |
| १७ | १४२४२ | नक्सापास दस्तुर | ० | २८४३१९.५६ | |
| १८ | १४२४३ | सिफारिश दस्तुर | १३००००० | ९४१३८४ | ७२.४१ |
| १९ | १४२४४ | व्यक्तिगत घटना दर्तादस्तुर | ३००००० | १९४२०० | ६४.७३ |
| २० | १४२४५ | नाता प्रमाणित दस्तुर | ५०,००० | ५५,२०० | ११०.४ |
| २१ | १४२४९ | अन्य दस्तुर | ३००००० | २९०५०० | ९६.८३ |
| २२ | १४२५३ | व्यावसाय रजिष्ट्रेशनदस्तुर | ५०,००० | १३४१०० | २६८.२ |
| २३ | १४२६३ | जलस्रोत सम्बन्धी अन्यदस्तुर | ० | १,००० | |
| २४ | १४२६५ | अन्य क्षेत्रको आय | ५००००० | १०४९५५ | २०.९९ |
| २५ | १४३१२ | प्रशासनिक दण्डजरिवाना र जफत | ० | १९६००० | |
| २६ | १४५२९ | अन्य राजस्व | ३००००० | १५३०३११.९१ | ५१०.१ |
| २७ | १४६११ | व्यवसाय कर | ० | ३४,४०० | |
| **जम्मा** | | | **१०५०००००** | **८४५१७९४.४८** | **८०.४९** |

माथी उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८१/८२ मा रु.१०५,००,०००.प्राप्त हुने प्रक्षेपण गरेकोमा रु ८४५१७९४.४८ असुली गरेको छ जुन असुली अनुमानको ८०.४९ प्रतिशत हो।उपर्युक्त तथ्याङ्कको आधारमा पालिकाले प्रक्षेपण गरेको आन्तरिक आय वास्तविक र अनुमानयोग्य रहेको देखिएन । वास्तविक असुली हुने आय भन्दा वजेट तथा कार्यक्रम स्विकृत गर्नकै

लागि अवास्तविक आय आँकलन गरेको मनासिव देखिदैन। पालिकाले सम्पत्ति करमा अनुमानको तुलनामा २४.२८ प्रतिशत भुमिकरमा ५९.०६ प्रतिशत मात्र आम्दानी गरेको देखिन्छ। कतिपय आय अनुमान नगरेका शिर्षकमा समेत आम्दानी गरेको देखिन्छ । पालिकाको आयको अनुमान र वास्तविक आम्दानीको तुलना गर्दा अनुमान र वास्तविक आय विच अन्तर रहेको छ।पालिकाले आय अनुमानलाई वैज्ञानिक बनाई आन्तरिक आयलाई व्यवस्थित गर्न ध्यान दिनु पर्ने देखिन्छ ।

४६ **राजस्वको अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ मा राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ सुत्रमा राजस्व अभिलेख राख्न शुरु गरे तापनि सो अधिको राजस्व असुलीको दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन। उल्लेखित प्रतिवेदन हरु प्रणालीमै रहने जनाएतापनी प्रमाणित गरि नराखिएकोले पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

४७ **राजस्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा राजस्व दाखिला र राजस्वको लेखा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखि बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले आन्तरीक राजस्व व्यवस्थापनका लागि साग्रिला नामक सफ्टवेयर प्रयोग गरी असुल गरेको देखिन्छ भने असुली गरेको रकम असुली गरेको भोलिपल्ट दाखिला गर्नुपर्ने राजस्व रकम १५ दिन/ १ महिना अवधि पश्चात मात्र एकमुष्ठ रुपमा राजस्व दाखिला गर्ने गरेको देखियो। ऐनको व्यवस्था अनुसार राजस्व समयमै दाखिला गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

४८ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय कर वापत रु.४८,०००.०० अनुमान गरेकोमा रु. २५,१००.०० आम्दानी भएको तथा नया व्यवसायको रजिष्ट्रेशन दस्तुरमा आय अनुमान र प्राप्ती समेत गरेको छैन। पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख तयार नगरेको तथा राजस्व प्रणालीमा भएको विगतको रजिष्ट्रेशन समेत अध्यावधिक गरेको छैन्। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ भन्न सक्ने अवस्था छैन।तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायिको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ

४९ **सामुदायिक वनबाट आय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ।नगरपालिकाको आर्थिक ऐन २०८१ को दफा १३ मा समेत पालिकाले समुदायिक वन वाट वनपैदावार विक्रीवाट अनुसूची १२ वमोजिम विक्रीको १० प्रतिशत आय प्राप्त गर्ने गरी कानुन निर्माण गरेकोमा पालिका क्षेत्रभित्र ४३ सामुदायिक वन रहेकोमा सोको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रिबाट प्राप्त गर्नुपर्ने राजस्व दाखिला गर्नु गराउनु पर्नेम सोको विवरण माग गर्ने, अभिलेख अद्यावधिक गर्ने र राजस्व प्राप्ती गर्ने कार्यका लागि पालिकावाट कुनै पहल भएको देखिएन। लेखापरीक्षण प्रतिवेदन पेश नगरेको सामुदायिक वन समुहलाई समेत प्रतिवेदन पेश गर्न लगाई दाखिला गर्न वाँकी राजस्व रकम असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

## ५० हेभी ईक्वीपमेन्टको आय

पालिकाले आफ्नो नाममा रहेको स्काभेटर, ब्याकहो लोडर जस्ता हेभि मेशीनहरुको उपयोग तथा दीगो व्यवस्थापन को लागि कार्य सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी व्यवस्थित तरिकाले आय आर्जन समेत हुने गरी सञ्चालन गर्नु पर्दछ। पालिकाले खरिद गरेको एक ब्याकहो लोडर सञ्चालनमा रहेको छ। पालिकाले लगबुक तयार गरेतापनि लगबुकबाट मेसिन कुन योजनामा प्रयोग भएको हो, सो को आदेश कसले दिएको हो खुल्न आएन। पालिकाले जे.सि.बि. मर्मतमा यो बर्ष रु.६,६९,८७७ तथा ईन्धनमा रु.३,२२,५०० र चालक पारिश्रमिकमा रु.३,८६,१०० समेत रु.१३,७८,४७७ खर्च भएको छ। पालिकाद्वारा मेसिन भाडामा प्रयोग गर्ने दर प्रति घण्टा इन्धन वाहेक र सहित विभिन्न दर तोकिएको भएतापनी सञ्चालित योजनाहरुमा उक्त मेशीनहरु प्रयोग गरी पालिकाले यो वर्ष रु. ७,१०,००० आम्दानी गरेको विवरण पेश गरेको छ। पालिकाले वर्षभरि वाह्य भाडामा लगाएको एकिकृत विवरण र लगवुक तथा पालिकाले आफ्नो क्षेत्रमा गरेको कार्यको अभिलेख लगवुक तथा प्राविधिक मुल्याङ्कनको अभिलेख तयार नगरेका कारण हेभि इक्विपमेन्टको वास्तविक आय तथा खर्चका सन्दर्भमा एकिन गर्न सकिएन। पालिकाको हेभि मेशीनरी सञ्चालन खर्चको तुलनामा उक्त उपकरणबाट आम्दानी भएको छैन।तसर्थ पालिकाले हेभि मेसिन सञ्चालन सम्बन्धी कार्यविधि वमोजिम व्याकहो लोडर संचालन गरी उक्त मेसिन संचालन र प्रयोगको अद्यावधिक लगसिट, पालिकाको आफ्नै योजनामा प्रयोग भएको अवस्थामा योजनागत प्राविधिक मुल्याङ्कन र बाह्य भाडामा लगाएको अवस्थामा एकीकृत विवरण र लगसिट लगायतका अभिलेख राखी सोबाट हुने आयलाई व्यवस्थित गरी राजश्व असुलीमा सुधार गर्नुपर्दछ ।

## ५१ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१५) मा उपनियम १४ बमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये तलब, महङ्गी भत्ता र स्थानीय भत्ता ,सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधि उपचार, बिरामी र बन्दीको सिधा, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम जस्ता रकम मात्र भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा मात्र भुक्तानी गर्न पाईने उल्लेख छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित नगरेको सभावाट विगतवर्षको भुक्तानी दायित्वका लागि चालु र पुँजिगततर्फ रु.१,७९,०१,९३६ बजेट विनियोजन गरी रु.८२,९६,४३६।०० भुक्तानी भएको देखिन्छ। पालिकाले सभावाट गत वर्षको भुक्तानी दिन बाँकी योजनामा एकमुष्ठ वजेट विनियोजन गरी भुक्तानी दिएको भएतापनी चालु तथा सालवसाली प्रकृतिका खर्चहरु सोही बर्ष भुक्तानी नगरी दायित्व सृजना गरेको मनासिव देखिदैन। चालु तथा सालवसाली प्रकृतिका खर्चहरु सम्वन्धित वर्षमानै भुक्तानी गर्ने गराउने तर्फ ध्यान जानुपर्दछ। सालवसाली प्रकृती योजनाहरु समयमै सम्पन्न गर्ने तथा सम्झौता वमोजिम दायित्व सृजना भएमा प्रचलित कानूनको पालना गरी भुक्तानी दिन वाँकीको विवरणका आधारमा मात्र खर्च लेख्नुपर्नेमा कानुनमा भुक्तानी दिन मिल्ने दायित्व वाहेक अन्य दायित्व समेत सृजना गरी भुक्तानी गरेको देखिएकोले पालिकाले कानुनमा भएको व्यवस्था वमोजिम अनिवार्य दायित्वको रकममात्र भुक्तानी दिन वाँकीको कच्चावरी संलग्न गरी भुक्तानी गर्नुपर्ने देखिन्छ ।

## ५२ प्रदेश समपुरक अनुदान

कर्णाली प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधी, २०७५ को दफा नं. १२ मा स्थानीय तहले समपूरक अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत् खर्च गर्न नपाइने उल्लेख छ । पालिकामा यो वर्ष रजिक देखी नलाक्चे हुदै बाँनियागाउँ सम्म सडक निर्माण कार्यका लागि कर्णाली प्रदेश सरकारवाट रु. ५० लाख वजेट विनियोजन भएको देखिन्छ । पालिकाले उक्त सडक निर्माणको लागि रु.३३,४६,३७३।१८ को लागत अनुमान गरी उपभोक्ता समिति मार्फत योजना संचालन गरी रु ३३,२४,३२१ को मुल्याङ्कन गरी गोश्वारा भौचर नं १९१, २०८२।३।२४ वाट उपभोक्ता समितिलाई रु.२८,९२,१५८ भुक्तानी गरेको देखिन्छ । पालिकाले पालिका तथा प्रदेश स्रोतवाट ५० प्रतिशतका दरले भुक्तानी गरेतापनि कार्यविधिमा भएको व्यवस्था वमोजिम प्रतिस्पर्धात्मक विधिवाट निर्माण कार्य गर्नुपर्नेमा कार्यविधिमा भएको व्यवस्था विपरित उपभोक्ता समिति मार्फत निर्माण कार्य गरी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | २८,९२,१५८ |
|---|---|

५३ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नगरपालिकाले कृषितर्फ (कृषकको योगदान बाहेक) र पशुतर्फ गरी जम्मा रु. २०,३९,१७० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ साथै अनुदान दिएको रकमको विवरण पालिकाको वेवसाइटमा अद्यावधिक गरी राख्नुपर्दछ ।

| **अनुदानको विवरण** | **लाभग्राही** | **अनुदान रकम** | **कैफियत** |
|---|---|---|---|
| उन्नत कुखुरा वितरण | विभिन्न ३५० | २५६५०० | ३० प्रतिशत अनुदान |
| दुध डेरी संचालन तथा व्यवस्थापन | पञ्चासे वहुद्देशिय सहकारी संस्था | २५०००० | ७० प्रतिशत अनुदान |
| बेमौसमितरकारी खेतीका लागि सिल्पाउलिन प्लाष्टिकमाअनुदान | ७८ जना | | ५० प्रतिशत अनुदान |
| हिउँदेफलफूल बाली क्षेत्र विस्तार अनुदान | ९३०विरुवा | १३८००० | ५० प्रतिशत अनुदान |
| पक्कीपलाष्टिक टनेल निर्माणमा अनुदान | ६ वटापक्की टनेल | ४३५०५१ | ५० प्रतिशत अनुदान |
| कृषिमेशिनरी औजार वितरणमा अनुदान | ५ वटामिनिटिलर ५ फर्म | २००००० | ५० प्रतिशत अनुदान |
| साना सिँचाई निर्माणकालागि पोलिथिन पाईपमा अनुदान | ५ कृषिफर्म | १०८००० | ५० प्रतिशत अनुदान |
| खाद्यान्नबाली (धान, मकै ) क्षेत्र विस्तार अनुदान | २१.८० क्वीन्टल विभिन्न व्यक्ति तथा फर्म र समुह | १२९१६५ | ५० प्रतिशत अनुदान |
| नमुना सुन्तला बगैँचा स्थापना सहित गुरुकिसान परिचालन | १ बगैँचा | ३२९९५४ | ५० प्रतिशत अनुदान |
| उत्पादनमा आधारितप्रोत्साहन | ७ कृषिफर्म | १९२५०० | ५० प्रतिशत अनुदान |
| **जम्मा** | | २०३९१७० | |

५४ **वित्तिय समानिकरण अनुदानवाट तलव भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षक तथा पालिकावाट करार नियुक्त स्वास्थ्य तर्फका कर्मचारीलाई वित्तीय समानीकरण अनुदानबाट रु.२,०७,७५,७५२।०० तलब भत्ता भुक्तानी गरेको देखिन्छ। पालिकाले गत विगत वर्षमा पालिका स्रोतवाट तलव भुक्तानी गर्नुपर्ने रकम संघिय संचितकोष दाखिला समेत समानिकरण अनुदान शिर्षकवाट गरेको देखिन्छ। समानिकरण अनुदानको रकमवाट तलव भत्ता तथा प्रशासनिक खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | भुक्तानी विवरण | खर्च शिर्षक | श्रोत | बजेट | खर्च |
|---|---|---|---|---|---|
| १ | राजस्व वाडवाट खुवाउनु पर्ने तलब भत्ता स्वास्थ्य र शिक्षक को तलब वेरुजु वापत रकम | २११११ | नेपाल सरकार - समानिकरण अनुदान | ७९,२०,०००.०० | ७७,७५,७५२.०० |
| २ | स्वास्थ्य करार कर्मचारी तलब भत्ता | २११११ | नेपाल सरकार - समानिकरण अनुदान | ७५,००,०००.०० | ७५,००,०००.०० |
| ३ | बाल बिकास सहयोगी तथा नगर अनुदान शिक्षक तलभ भत्ता ताथ अन्य सुविधा | २११११ | नेपाल सरकार - समानिकरण अनुदान | ७०,००,०००.०० | ५२,९०,०००.०० |
| ४ | सामुदायिक बालविकास केन्द्रकी बालविकास सहयोगी तलव भत्ता नलगाड नगरपालिका वडा न ११ | २११११ | नेपाल सरकार - समानिकरण अनुदान | २,१०,०००.०० | २,१०,०००.०० |

५५ **प्रदेश बिशेष अनुदान**

कर्णाली प्रदेश विशेष अनुदान कार्यविधि, २०८१ को दफा ११ मा स्थानीय तहले विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत् खर्च गर्न नपाइने उल्लेख छ। पालिकाले यो वर्ष देहाय वमोजिमका ३ योजनाहरु प्रदेश विशेष अनुदान अन्तर्गत संचालन हुने गरी प्रदेश सरकारवाट रु. १ करोड ५० लाख बजेट विनियोजन भएकोमा कार्यविधिमा भएको व्यवस्था वमोजिम प्रतिस्पर्धात्मक ठेक्का प्रकृयाद्वारा योजना संचालन गर्नुपर्नेमा कार्यविधि विपरीत उपभोक्ता समिति मार्फत योजना कार्यान्वियन गरी रु.१,३४,७०,०३४ भुक्तानी गरेको देखियो। कार्यविधिमा भएको व्यवस्था विपरीत उपभोक्ता समिति मार्फत योजना कार्यान्वियन गरी भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.

| **क्र.सं.** | **योजनाको विवरण** | **उपभोक्ता समिति** | **विनियोजन** | **प्राविधिकमुल्याङ्कन** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| १ | ठुलोखोला महुान भई तात्र हुँदैतलकोट सम्म खानेपानी निमार्ण नलगाडनगरपालिका वडा न ५ जाजरकोट | ठुलोखोलामहुान भई तात्र हुँदै तलकोट सम्म खानेपानी उपभोक्ता समिति | ५०,००,०००.०० | ४७३६९५८ | ४२००७३४ |
| २ | सागवारी महुान भई मदानी सिगार दरा भारगाउँ खानेपानी योजना निमार्णनलगाड नगरपालिका वडा नं ६ जाजरको | सागवारी महुानभई मदानी सिगार दरा भारगाउँ खानेपानी योजना निमार्ण उपभोक्ता समिति | ५०,००,०००.०० | ५३५९१२१ | ४६८३२६० |
| ३ | तरछरी महुान भई तात्र हुदै तलकोट सम्म खानेपानी निमार्ण नलगाडनगरपालिका वडा नं ९ | तरछरी महुान भईतात्र हुदै तलकोट सम्म खानेपानी निमार्ण उपभोक्ता समिति | ५०,००,०००.०० | ५३०९१४५ | ४५८६०४० |
| | जम्मा | | **१,५०,००,०००.००** | १५४०५२२४ | **१३४७००३४** |

| अनियमित भएको | १,३४,७०,०३४ |
|---|---|

५६ **नलगाड अस्पतालको लेखापरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।पालिकाले संचालन गरेको नलगाड अस्पताल तर्फको लेखा स्रेस्ता तयार गरी लेखापरीक्षणका लगि पेश भएन। अस्पतालमा हाल स्वास्थ्य विमा लगायतका कारोवार समेत भएको र अस्पताल तर्फको आम्दानी तथा खर्च छुट्टै वैङ्क खातामा मार्फत संचालन भएको देखिन्छ। पालिकाबाट प्राप्त वैङ्क विवरण अनुसार गतवर्षको जिम्मेवारी रु.५,१३,९९६ र यो वर्षको आम्दानी रु.१,०१,५०,३५५

समेतबाट यो बर्ष रु.१,०५,५५,४८२ खर्च भई मौज्दात रु.१,०८,८६८ रहेको देखिन्छ। उल्लेखित कारोवार वाहेक अन्य नगद कारोवार समेतको एकिन गरी लेखा श्रेस्ता तयार गरी लेखापरीक्षण गराउनु पर्दछ ।

५७ **पेश्की वाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ बमोजिम पेश्की लिने कर्मचारीले तोकीएको कार्य सम्पन्न गरी कार्यालय फर्कीएको १५ दिन भित्र फाटबाँरी पेश गरी पेश्की फस्यौंट गर्नुपर्ने र नियम ५० मा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकीएको म्यादभित्र फस्यौंट गर्नुपर्ने उल्लेख छ। पालिकाको गत विगत र यस बर्ष भुक्तानी दिएको पेश्की रु. ३,५०,९७,७३२।१८ फस्यौंट गर्न वाँकी रहेको देखिन्छ ।जसमध्ये रु. २,५९,५४३।- म्याद नाघेको पेश्की रहेको छ । पालिकाले फस्यौंट गर्न बाँकी पेश्की रकम नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| क्र.सं. | गत वर्षको पेश्की जिम्मेवारी सारेकोमिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | गत वर्षको | यो वर्षको | जम्मा | |
| १ | २०८२/०३/३२ | ३९ | आवासीय भवन निर्माण/खरिद | अनमोलनिर्माण सेवा | ४,९०,५१५.०० | ०.०० | ४,९०,५१५.०० | |
| १ | २०८२/०३/३२ | ३९ | गैर आवासीय भवन निर्माण/खरिद | नमुनाप्राथमिक विद्यालय | ५,८२,१२०.०० | ०.०० | ५,८२,१२०.०० | |
| २ | २०८२/०३/३२ | ३९ | गैर आवासीय भवन निर्माण/खरिद | श्रीत्रिभुवन माध्यमिक विद्यालय | ४५,००,०००.०० | ०.०० | ४५,००,०००.०० | |
| ३ | २०८२/०३/३२ | ३९ | गैर आवासीय भवन निर्माण/खरिद | श्रीरामभक्त प्राथमिक विद्यालय | ५,८२,१२०.०० | ०.०० | ५,८२,१२०.०० | |
| ४ | २०८२/०३/३२ | ३९ | गैर आवासीय भवन निर्माण/खरिद | हिमालयप्राथमिक विद्यालय | ५,८२,१२०.०० | ०.०० | ५,८२,१२०.०० | |
| ५ | २०८२/०३/३२ | २९५ | अन्य सार्वजनिक निर्माण | श्रीप्रगतिशल सामुदायिक वालविकास केन्द्र | १,५०,०००.०० | ०.०० | १,५०,०००.०० | |
| ६ | २०८१।८।६ | १ | एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | प्रेरणा खड्का जेभी | १७६५६८६१.१८ | ०।०० | १७६५६८६१.१८ | |
| | जिम्मेवारी नसारेको | | एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | प्रेरणा खड्का जेभी | १०२९४४५३ | | १०२९४४५३ | विगत वर्षमा पेश्की वेरुजु कायम भएको |
| | | | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | दृष्टी शाह | | २५९५४३ | २५९५४३ | म्याद नाघेको |
| | **जम्मा** | | | | **३४८३८१८९।१८** | २५९५४३ | **३५०९७७३२।१८** | |

| पेश्की | २,५९,५४३ |
|---|---|

५८ **आय ठेक्का**

उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयवाट जारी भएको ढुङ्गा गिटि वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड,२०७७ को वुँदा ४ मा गाउँपालिका वा नगरपालिकाले उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्ने, प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नुपूर्व स्वीकृत बातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्ने, नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व अनुसूची-१ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्ने व्यवस्था रहेकोमा सो मापदण्डमा भएका सवै व्यवस्थाको पालना नगरी वातावरणीय अध्ययन प्रतिवेदनको परिमाणका आधारमा लागत अनुमान गरी १ ठेक्का आव्हान गरेको देखियो । पालिकाले गरेको IEE प्रतिवेदन अनुसार नलगाड नगरपालिका भएर बग्ने भेरी नदीका विभिन्न ८ क्षेत्र तथा नलगाड खोलाको १ क्षेत्र समेत उक्त खोलाहरुबाट २७९७३।५९ घनमिटर नदिजन्य पदार्थ उत्खनन गर्न सकिने र उल्लेखित परिमाण वाट वार्षिक रु.३९, २९,३९४ राजस्व प्राप्त हुने उल्लेख छ। पालिकाले यो वर्ष प्रारम्भिक वातावरणिय परीक्षण गर्न रु.४,९२,००० भुक्तानी गरेको छ । पालिकाले उल्लेखित प्रतिवेदन वमोजिम वोलपत्र आव्हान गरे नगरेको सम्वन्धमा सोधनी गर्दा वोलपत्र नगरेको जनाएको छ । प्रारम्भिक वातावरिय परीक्षण गरे पश्चात् पुर्व नदिजन्य पदार्थ विक्रीवाट ठेक्का वा अमानत प्रकृया अपनाई आय असुली गर्नुपर्नेमा यो वर्ष कुनैपनी राजस्व प्राप्त गरेको देखिएन । पालिकाले पालिकाल क्षेत्रवाट वाहिर निकासा हुने परिमाण, राजस्व असुली, स्थानीय निर्माणमा प्रयोग भएको परिमाण तथा पालिका क्षेत्रमा अन्य निर्माण व्यवसायिले खपत गरेको परिमाण सम्वन्धमा अनुगमन तथा सोको अभिलेख तयार नगरेका कारण नदिजन्य पदार्थवाट प्राप्त हुने राजस्व गुमेको अवस्था देखिन्छ। पालिका क्षेत्रको गिट्टि ढुङ्गा वालुवाको निकासी तथा प्रयोग सम्वन्धमा पालिकावाट सघन अनुगमन गरी राजस्व असुल गर्ने र प्रदेश कानुन वमोजिमको दरमा मापदण्डका सवै व्यवस्थाको पालना गरी आय ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

५९ **भाडामा लिएको दिएको सम्पत्तिको अभिलेख**

भाडामा प्रयोग भएका सामानहरुको आय व्ययको नियन्त्रण र अभिलेखको लागि मलेप फारम नं ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष सवारी साधन मेशिनरी औजार भाडा लगायतका २ शिर्षक वाट रु. ३८,३७,९३९।०० खर्च भएको देखिन्छ। कार्यालयले स्पष्ट प्रयोजन खुलाएर भाडा सम्झौता गरी स्वीकृत मलेप फारम प्रयोग गरी भाडामा लिएको तथा दिएको अभिलेख राख्नुपर्दछ।

| **खर्च शिर्षक कार्यक्रम** | **बजेट** | **भुक्तानी रकम** |
|---|---|---|
| घरभाडा | २५,००,०००.०० | २४,८३,४३९.०० |
| सवारी साधन तथा मेशिनर औजार भाडा | १७,९५,०००.०० | १३,५४,५००.०० |
| **जम्मा** | ४२,९५,०००।०० | ३८,३७,९३९।०० |

६० **सामाजिक सुरक्षातर्फ**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण तथा लगत कट्टा तोकिएको मिति भित्रै अनिवार्य रुपमा गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।यो वर्ष पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण शिर्षकवाट रु. ११,६३,७६,२६९।०० खर्च गरेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयवाट सोझै लाभग्राहीको खातामा जम्मा हुने गरी इएफटि मार्फत भुक्तानी गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

६०.१ **सामाजिक सुरक्षा भत्ता वितरण:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २२ अनुसार अनुसूची १० बमोजिमको ढाँचामा पालिकाले वैङ्क सँग सम्झौता गरी पालिकामा रहेकोमा १३ वडाहरुको सामाजिक सुरक्षा भत्ता एनआईसी एसिया बैङ्कबाट वितरण गराउदै आएको छ। पालिकाबाट तयार गरेको फरवार्ड फिड अनुसार यस वर्ष जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग, वालपोषण दलित बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको तथ्याङ्क देहाय अनुसार छ ।

| लाभग्राहीको प्रकार | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्मा खर्च रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | खर्च रकम | संख्या | खर्च रकम | संख्या | खर्च रकम | संख्या | खर्च रकम | |
| अन्य जेष्ठ नागरिक भत्ता | १२२८ | १४५९५९१० | १२२६ | १४६७२३८० | १२६१ | १४९५९६२८ | १३१८ | १५६६३००६ | ५९८९०९२४ |
| जेष्ठ नागरिक भत्ता दलित | ३०३ | २३५१४४० | ३०१ | २४०१९८० | ३०९ | २४३९२२० | २९२ | २३०८६२३ | ९५०१२६३ |
| जेष्ठ नागरिक एकल महिला | १३४ | १०६९३२० | १३२ | १०५०७९२ | १३० | १०३३६३९ | ११० | ८७७८०० | ३१५३७५१ |
| विधुवा | ४०१ | ३१६०१६३ | ४०४ | ३२१५५८५ | ४२८ | ३३७८२०० | ४३६ | ३४६५९८० | १३२१९९२८ |
| पूर्ण अपाङगता | ६४ | ७६६०८० | ६४ | ७६२०९० | ६७ | ७९४०१० | ६७ | ७९४०१० | ३११६१९० |
| अत्ति अशक्त अपाङगता | २०३ | १२८८६०७ | २०२ | १२८८०८१ | २१३ | १३२७८७२ | २२७ | १४१७२४८ | ५३२१८०८ |
| क्षेत्र तोकिएका बालबालिका | २३१३ | ३५४७२१२ | २२४९ | ३५०८५४८ | २४०७ | ३६७६७६२ | २४०५ | ३७०२५८७ | १४४३५१०९ |
| दलित बालबालिका | ११२२ | १७१७३५५ | १०९६ | १७१२६९२ | ११८० | १८०१७१४ | १२०२ | १८२४१५५ | ७०५५९१६ |

६०.२ **लगत कट्टाको अभिलेख:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा मुल अभिलेख खाता र आर्थिक वर्ष २०८१।८२ को लगत कट्टाको विवरण माग भएकोमा मृत्यु भएका, वसाईसराई भए गएका तथा आएका नागरिकहरुको अभिलेख प्रणालीमा जनाएको विवरण मात्र तयार गरेको छ।पालिकाले मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी एकीन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ।

६०.३ **सार्वजनिक सुनुवाई:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ३४ मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि

स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनुवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।आगामी दिनमा कार्यविधिको पालना गरी भत्ता वितरण गर्नुपर्दछ।

६०.४ **निस्कृय खाता:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा गर्नुपर्ने र खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा विवरण माग गर्दा सामाजिक सुरक्षाका खाता भएको एन आई सि एसिया वैङ्कको कुल २२३८ जनाको खाता अपडेट नगराई १ वा सो भन्दा बढी वर्ष देखी कारोवार नगरी खातामा जम्मा रु.३,४४,५९,६६५ मौज्दात रहेको देखिन्छ। पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्कृय खाताको विवरण एकिन गरी निष्कृय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्राही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

६०.५ **पारदर्शिता र जवाफदेहिता:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धि सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभसाइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकीन हुने अवस्था देखिएन। कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नेगराउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

६०.६ **लाभग्राहीको विवरण अद्यावधिक :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुदा नं. २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले वैङ्क मार्फत उक्त विवरण प्राप्त गरी लाभग्राहीको विवरण र अवस्थाको एकिन गरेको छैन। कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

६०.७ **मौज्दात रकम :** सामाजिकि सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा नं १८ मा स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वापत निकासा भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाबै वितरण कार्य सम्पन्न गरी वितरण पश्चात बाँकी रहेको रकम फिर्ता गरी हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहायका वैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा यो वर्षको रिभर्स फिड नगरी रु.९४,९४६ बाँकी रहेको देखिन्छ ।उक्त रकम बैंक दाखिला (फिर्ता) गरेको नपाइएकोले प्राप्त गरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु.

| सिन | वडा नं | वैङ्कको विवरण | मौज्दात रकम |
|---|---|---|---|
| १ | विभिन्न | एनआइसि एसिया वैङ्क लिमिटेड शाखा दल्ली | ९४९४६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९४,९४६ |

६१ **राजश्व दाखिला**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा सोको भोलीपल्ट दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ ।पालिकाले एम्बुलेन्स सेवा संञ्चालन वापतको सेवा शुल्क एम्बुलेन्स चालकले लकबुकमा जनाई असुल गर्नुपर्ने भाडा रु.१०,९८,४००/- मध्ये रु. ८,१६१००/- मात्र आन्तरिक राजस्व खातामा दाखिला गरेको देखियो । दाखिला हुन बाँकी भाडा रकम असुल गर्न वाँकी रहेको जनाएतापनी पालिकाले आर्थिक ऐनमा उल्लेख भए वमोजिम असुल हुन बाँकी रकम असुल गरी आन्तरिक राजस्व खातामा दाखिला गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ६१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | २,८२,३०० |
|---|---|

६२ **भुक्तानीमा कर कट्टी** (२९-2082-03-22):

आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकममा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानानुसार कर्मचारीलाई मुख्यमन्त्री स्वरोजगार कार्यक्रममा पाउने प्रोत्साहन बापतको र एम्बुलेन्स सेवा संञ्चालनबाट प्राप्त राजस्वको २० प्रतिशत रकम चालकलाई भुक्तानी गरेकोमा कर कट्टी नगरी भुक्तानी दिएकोले १५ प्रतिशतले हुने अग्रिम कर रु. ४७७३६ सम्बन्धित कर्मचारीबाट असुल उपर गर्नुपर्ने रु.

| मिती र भौचर नं | कर्मचारी नाम | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|
| २९-२०८२/३/२२ | श्री टेक बहादुर वली | ७१२८० | १०६९२ |
| २९-२०८२/३/२२ | श्री उमेश खड्का | ५९४०० | ८९१० |
| २९-२०८२/३/२२ | श्री सुदाम शाही | ४७५२० | ७१२८ |
| ४२६-२०८१/१२/२२ | श्री कृष्ण खनाल | १४००४० | २१००६ |
| जम्मा | | ३१८२८० | ४७७३६ |

| असुल गर्नुपर्ने | ४७,७३६ |
|---|---|

६३ **यातायात खर्च** (६८५-2082-03-08):

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन, २०७७ को दफा ९(४) मा उपदफा (१), (२) र (३) बमोजिम सवारी साधन उपलब्ध नभएको अवस्थामा त्यस्तो पदाधिकारीले अनुसूची- २ बमोजिमको यातायात खर्च पाउन सक्ने व्यवस्था छ । पालिकाले नगरप्रमुख र उपप्रमुखलाई मासिक रुपमा यातायात खर्च उपलब्ध गराएको छ । सो अवस्थामा विभिन्न मिति र समयमा पालिका भित्र आवतजावत गर्दा सवारी साधन भाडामा लिएको जनाई यातायात व्यवसायी लाई बहाल कर कट्टि गरी रु.७९,४८०/- भुक्तानि गरेको देखिन्छ । मासिक यातायात भत्ता उपलब्ध गराएको अवस्थामा गाडी भाडामा लिएबापत भाडा रकम भुक्तानी गर्दा दोहोरो भुक्तानी भएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ७९,४८० |
|---|---|

६४ **बिल भरपाई तथा सम्झौता** (५५४-2082-01-22):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले ख्रिटियन समाजलाई खाद्यान्न ढुवानी सहयोग वापतको रकम गोर्खा बहादुर सुनारलाई कर कट्टि गरी रु. ४५,०००।- भुक्तानी गरेको देखिएको तर रु.३५०,०००।- को मात्र सम्झौता संलग्न भएकोले बढी भुक्तानी भएको रु.१०,०००।- सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १०,००० |
|---|---|

६५ **१५ शैय्या अस्पताल भवन निर्माण**

नगरपालिकाले एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम अन्तरगत १५ शैय्याको नलगाड अस्पताल निर्माणका लागि ठेक्का नं NM/JKT/WORKS/NCB/08/077/78 मार्फत निर्माण व्यवसायी प्रेरा खड्का कृष्ण क्याराभान जेभी सँग रु.२२,०२,६३,५५८।६५(मूल्य अभिवृद्धी कर समेत) मा २०८०।३।१५ सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।६।२२ मा सम्झौता भएको छ।उक्त निर्माण कार्यमा योवर्षको अन्त्यसम्म प्राविधिक मुल्याङ्कन वमोजिम आठौँ रनिङ्ग विल सम्म रु.१३,५४,१९,१०८।०० को निर्माण कार्य भै यो वर्ष गत वर्षको भुक्तानी वाँकी तथा सातौ र आठौँ रनिङ्ग विल समेत गरी रु.२,५६,८८,३५२।- भुक्तानी भएको छ ।पालिकाले उक्त निर्माण कार्यको तेस्रो पटक २०८२ असार मसान्तसम्म म्याद थप गरेको देखिन्छ । यस सम्वन्धमा देखिएका बेहोराहरु देहाय वमोजिम रहेका छन ।

६५.१ **कार्यसम्पादन जमानत**:सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० वमोजिम स्वीकृत वोलपत्रको वोलपत्रदाताले कार्यसम्पादन जमानत पेश गर्दा वोलपत्र सम्वन्धि कागजातमा उल्लेख भएको ढाँचामा ऐनले तोकेको म्यादभित्र वाणिज्य वैङ्कवाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने र यस्तो जमानतको म्याद त्रुटि सच्याउनुपर्ने अवधि भन्दा १ महिना वढिको हुनुपर्ने उल्लेख छ। पालिकाले १५ शैय्या अस्पताल निर्माण कार्यका लागि निर्माण व्यवसायी प्रेरा खड्का कृष्ण क्याराभान जेभी सँग भएको सम्झौता पटक पटक गरी तेस्रो पटक २०८२।३।३१ सम्म म्याद थप गरेको देखिन्छ। यसरी म्याद थप गर्दा निर्माण व्यवसायीले त्रुटी सच्याउनुपर्ने अवधि सम्मको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा निर्माण व्यवसायीले पेश गरेको नेपाल वङ्गलादेश वैङ्कको जमानत नं PB:00363/21 को रु.१,१०,१३,१७८ को कार्य सम्पादन जमानतको अवधि २०२५ सेप्टेम्वर ४ सम्मको रहेको देखियो । पालिकाले म्याद थप गर्दा थप गरेको अवधि र थप १३ महिना म्याद भएको जमानत थप गरेरमात्र म्याद थप गर्नुपर्नेमा जमानतको म्याद थप वेगर निर्माण अवधि थप गरेको मनासिव देखिएन । कार्यसम्पादन जमानत वापत राखेको उक्त जमानतको अवधि त्रुटि सच्याउने अवधि सम्म थप गर्नुपर्ने देखिन्छ ।

६५.२ **भेरिएसन :**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) ले खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वियनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने, नियमावलीको नियम ११८ ले यसरी आदेश जारी गर्दा आवश्यक पर्ने बिवरणमा भेरिएसन परिमाणको प्राबिधिक पुष्ट्याँई र कारण सार्वजनिक निकायको प्रमुखवाट प्रमाणित भएको हुनु पर्ने व्यवस्था छ। पालिकाले अस्पताल भवन निर्माण कार्यमा विओक्युमा समावेश भएको देहाय वमोजिमको आइटममा विओक्युमा भएको परिमाण भन्दा वढि परिमाणको कार्यको प्राविधिक मुल्याङ्कन गरी २ आइटममा मात्र रु. १,४३,९६,०००।- थप भुक्तानी गरेको छ। पालिकाले उक्त आइटमहरु थप कार्य गर्नका लागि निर्माण व्यवसायीले निर्माण कार्यको स्ट्रकचरल रिपोर्टमा स्ट्रक्चरमा M25 concrete प्रयोग गर्नुपर्ने देखिएको तर ड्रइङ्ग र लागत अनुमान गर्दा M20 concrete मात्र देखिएकाले सो सम्वन्धमा एकिन गर्न मिति २०८०।५।५ मा पत्राचार गरेको देखिन्छ। सो पश्चात पालिकावाट थप ५९३.२० घनमिटर M25 concrete कार्यपालिकावाट मिति २०८०।५।११ मा थप व्ययभार पर्ने रकम रु.४१,५२,४००।- पालिकावाट व्यहोर्ने गरी निर्णय गरे वमोजिम कार्यालय प्रमुखवाट टिप्पणी स्विकृत गरेको देखिन्छ ।उक्त कंक्रिटको मात्रा वृद्धि गर्दा अन्य कंक्रिटको मात्रा घट्ने देखिएकोमा पुर्वानुमान गर्न सकिने आइटमनै निर्माण कार्य शूरुवात भैसकेपश्चात थप घट गरेको देखिन्छ ।तथापी पालिकाले समग्र लागत र सम्झौता रकमको भेरिएसन आदेश तयार र स्विकृत वेगर सोझै M25 concrete परिमाण ३२०.५६ घनमिटर वाट ९१३.७७ घनमिटर कायम गरी आठौँ रनिङ्ग विलसम्म ८२०.७९ घनमिटरको निर्माण व्यवसायीले कवोल दर रु.२५,०००।- प्रतिघनमिटरका दरले रु.२,०५,१९,६३०।- (मुअकर वाहेक) भुक्तानी भैसकेको छ। भेरिएसन चार्ट स्विकृत नगर्दा घट्नुपर्ने आईटम र लागत तथा वृद्धि भएको आइटम र लागत सँग समग्र सम्झौतामा थप व्यय हुने रकमका सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले पुर्वानुमान गर्न सकिने आइटममा सम्झौताको शर्त वमोजिम परिमाणको २५ प्रतिशत र सम्झौताको २ प्रतिशत नाघ्ने आइटममा रेट नेगोसिएसन नगरी भुक्तानी गरेको तथा भेरिएसन आदेश वेगर विओक्यु परिमाण भन्दा वढि भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| आइटम नं. | कामको विवरण | इकाई | सम्झौता बमोजिम | | | अध्यावधिक भएको काम | | सम्झौता विओक्यु भन्दा वढि परिमाण | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | जम्मा रकम | परिमाण | जम्मा | परिमाण | जम्मा |
| ७ | Plain cement Concrete (PCC) for RCC works M25 (1:1:2) for beam, column and slab with approved quality of …..................... | Cu.m | 320.57 | 25000 | 8,014,250.00 | 820.79 | 20,519,630.63 | 500.22 | 12505500 |
| १४ | Stone (random rubble) masonry work in (1:6) cement and sand ratio bond stones of different size and shape….................. | Cum | 116.63 | 10000 | 1,166,299.97 | 305.68 | 3,056,800.00 | 189.05 | 1890500 |
| | जम्मा | | | | 9180549.97 | | 23,576,430.63 | | 14396000 |

| | |
|---|---|
| अनियमित भएको | १,४३,९६,००० |

६५.३ **विओक्युमा मोटरसाईकलः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्य सँग सम्वन्धित आइटमहरुमात्र समावेश गर्नुपर्ने उल्लेख भएको र सार्वजनिक लेखा समितिले २०६९।९।२ पछिका खरिद सम्झौता गर्दा निर्माण कार्य सँग अस्वन्धित खर्चहरु ठेक्काको विओक्युमा समावेश नगर्न निर्देशन दिएको छ। पालिकाले १५ शैय्या अस्पताल निर्माण कार्यका लागि निर्माण व्यवसायी प्रेरा खड्का कृष्ण क्याराभान जेभी सँग भएको सम्झौताको विओक्यु अन्तर्गत इलेक्ट्रिकल आइटमको आइटम नं १४ मा Supply, delivery and handover of max net power 15.6 HP @ 8500 rpm and 15.7Nm @6000 rpm max net torque of 184.4 cc air cooled single cylinder SOHC, XR 190L two wheeler भनि १ संख्याको लागि मुअकर वाहेक रु.७,००,००० र सोको मुअकर समेत रु.७,९१,००० भुक्तानी भएको देखिन्छ । विओक्युमा समावेश भएको उक्त सवारीसाधन पालिकाको जिन्सी खातामा आम्दानी वाँधेको नदेखिएको र सोधनी गर्दा खरिद भै पालिकालाई प्राप्त नभएको जनाएकाले सवारीसाधन वापत निर्माण व्यवसायिलाई भुक्तानी भएको रकम सम्वन्धित निर्माण व्यवसायीवाट असुल गरी संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,९१,००० |

६५.४ **पेश्की जिम्मेवारी र फस्योँट**:आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२मा सरकारी कामकाजको लागि पेश्की दिएको रकम सोही आर्थिक वर्षभित्र फस्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फस्यौट हुन बाँकी रहेको पेश्की रकम, पेश्की लिनेको नाम थर, ठेगाना सहित कुन काम बापत पेश्की दिएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नु उल्लेख छ । पालिकाले निर्माण व्यवसायी प्रेरा खड्का कृष्ण क्याराभान जेभीलाई प्रदान गरेको रु.३,८९,२८,७१५ पेश्की मध्ये हालसम्म रु.१,०९,७७,४०० फस्योँट गरेको तथा रु.२,७९,५१,३१५ फस्योँट गर्न वाँकी जिम्मेवारी सार्दै आएको देखियो। पेश्की प्रदान गरेको रकम मध्ये रु.१,०२,९४,४५४ जिम्मेवारी सारेको देखिएन।निर्माण व्यवसायी सँग भएको सम्झौताको विशेष शर्त जिसिसि ५७.३ मा सम्झौता अवधिको ८० प्रतिशत अवधिमा पेश्की रकम फस्योँट गर्नुपर्ने उल्लेख भएको देखिएकोले उल्लेखित पेश्की रकमको जिम्मेवारी नसारेको रकम जिम्मेवारी सारी फस्योँट गर्न वाँकी देखिएको रकम रु.२,७९,५१,३१५ फस्योँट गर्नपर्दछ।
*(वढि पेश्की रकम लगति कायम गरेकाले सैद्धान्तिक कायम गरिएको )*

| पेश्की मिति | विवरण | रकम |
|---|---|---|
| ३ २०७८।१०।१४ | पहिलो किस्ता मोविलाईजेशन भुक्तानी | २८६३४२६२ |
| ३ २०८०।२।१७ | किस्ता मोविलाईजेशन भुक्तानी | १०२९४४५३ |
| **जम्मा मोविलाईजेशन भुक्तानी** | | **३८९२८७१५** |
| २ २०८०।९।५ | चौथो रनिङ्ग विलवाट पेश्की फर्स्यौट | ७२८२३४१ |
| ५ २०८०।९।२४ | पाँचौ रनिङ्ग विलवाट पेश्की फर्स्यौट | ३६९५०५९ |
| **कुल पेश्की वाँकी** | | **२७९५१३१५** |
| जिम्मेवारी सरेको रकम | | १७६५६८६१. |
| **जिम्मेवारी नसारेको पेश्की रकम** | | **१०२९४४५४** |

६५.५ **डण्डीको प्राविधिक मुल्याङ्कन :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले अस्पताल भवन निर्माण कार्यको लागि यो वर्षको अन्त्यसम्म आठौँ रनिङ्ग विलको भुक्तानी गर्दासम्म नापी कितावको आइटम नं ८ मा रहेको Tor steel or TMT reinforcement bar of fe 415/500 grade including straightening, cleaning, cutting, binding & fixing in position with annealed tying binding wire including cover blocks etc in foundation and superstructures as per drawings, specifications, instructions of engineer all complete को कार्यको लागि ३१९.४३ टनको भुक्तानी भएको देखिन्छ । पालिकाले निर्माण कार्यको पाँचौ रनिङ्ग विल सम्म विस्तृत नापी नगरी प्रतिशतका आधारमा नापी गरेको देखिन्छ । पालिकाले उक्त निर्माण कार्यको सातौ तथा आठौँ रनिङ्ग विल भुक्तानी गर्दा डण्डीको कार्यको विस्तृत नापी (वार वेण्डीङ्ग सेड्युल) गरेकोमा उक्त नापी वमोजिम कुल२४७.३२ टन मात्र लागेको देखिन्छ। निर्माण कार्यमा प्रयोग भएको वास्तविक नापजाँच भन्दा प्रतिशतका आधारमा नापी गरी वढि भुक्तानी गरेको ७२.११ टनको प्रतिटनको रु.१,३५,६०० का दरले हुने रु.९७,७८,११६।- सम्वन्धित निर्माण व्यवसायीवाट असुल गरी संचितकोष दाखिला गर्नुपर्ने रु.

| आइटमको विस्तृत विवरण | परिमाण (टनमा) र रकम | कैफियत |
|---|---|---|
| Tor steel or TMT reinforcement bar of fe 415/500 grade including ............ engineer all complete. | | |
| 1st running bill | ५१.७६ | कंक्रिट भोलुमको २ प्रतिशतका दरले नापी |
| 2nd running bill | ९१.९ | |
| 3rd running bill | १७.३ | कंक्रिट भोलुमको २ |
| 4th running bill | ९४.९४ | |
| 5th running bill | ३२.२६ | |
| 6th running bill | ३२.१८ | वार वेण्डीङ्गसेड्युल अनुसार सम्वन्धित विलको भुक्तानी मात्र नापी |
| 7th running bill | -२.९९ | वार वेण्डीङ्गसेड्युल अनुसार सवै नापी |
| 8th running bill | २.०८ | वार वेण्डीङ्गसेड्युल अनुसार सम्वन्धित विलको भुक्तानी मात्र नापी |
| कुलभुक्तानी परिमाण(क) | ३१९.४३ | |
| सातौ र आठौ रनिङ्ग विलको भुक्तानी गर्दा गरेकोविस्तृत वार वेण्डिङ्ग सेड्युल वमोजिम भुक्तानी गर्नुपर्ने परिमाण(ख) | २४७.३२ | |
| प्रतिशतकाआधारमा भुक्तानी गर्दा वढि भुक्तानी भएको परिमाण(क-ख) | ७२.११ | |
| भुक्तानीदर मुअकर समेत | १३५६०० | |
| प्राविधिकनाप जाँच गरेको वास्तविक परिमाण भन्दा वढि भुक्तानी रकम | ९७७८११६ | |

| असुल गर्नुपर्ने | ९७,७८,११६ |
|---|---|

६५.६ **वढि पेश्की भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकलाई ऐनको दफा ५२ क. को अधीनमा रही खरिद सम्झौतामा व्यवस्था भए बमोजिम पेश्की दिन सकिने तथा दिइएको पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सार्वजनिक निकायलाई नियमित रूपमा उपलब्ध गराउनुपर्ने उल्लेख छ ।पालिकाले अस्पताल निर्माणका लागि निर्माण व्यवसायि सँग गरेको सम्झौताको विशेष शर्तको वुँदा नं ५७.१ मा The Advance Payment Shall be 10% उल्लेख भएको देखिन्छ। पालिकाले उल्लेखित सम्झौताको शर्त विपरीत निर्माण व्यवसायीलाई २० प्रतिशतका दरले हुने रकम रु.३,८९,२८,७१५।- पेश्की भुक्तानी गरेको देखिन्छ । पालिकाले सम्झौताको शर्त विपरीत रु.१,९४,६४,३५७।- पेश्की रकम वढि भुक्तानी गरेको र उक्त पेश्की रकम फर्स्योट गर्न वाँकी रहेको, पेश्की जमानत वापत निर्माण व्यवसायीले राखेको नविल वैङ्क लिमिटेडको जमानत नं 22GTH8NPR0001864 रु.२,३५,००,००० को जमानतको अवधि समेत २९ जुलाई २०२५ मा समाप्त भैसकेको देखिएकोले सम्झौताको शर्त विपरीत वढि पेशकी दिने सम्वन्धित कर्मचारीलाई जिम्मेवार वनाई जोखीममा रहेको पेश्की व्याज समेत लिई फर्स्यौट गर्नुपर्ने देखिएको रु.

| असुल गर्नुपर्ने | १,९४,६४,३५७ |
|---|---|

६५.७ **म्याद थप:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२० तथा ठेक्का सम्झौतामा काबु वाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद

सम्झौता बमोजिमको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तीमा एक्काइस दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, बीमा र पेश्की जमानत तथा संशोधित कार्यतालिका सहित आवस्यक प्रमाण कागजात सहित अवधि थपको लागि निवेदन दिएपछि जाँचबुझ गरी उल्लिखित अवस्था देखिएमा म्याद थप गर्न सक्ने र जाँचबुझ गर्दा उल्लिखित अवस्था नभएको तर खरिद सम्झौता बमोजिमको काम समयमा सम्पन्न नहुने भएमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनेगरी म्याद थप गर्न सक्ने उल्लेख छ ।पालिकाले यो वर्ष उक्त निर्माण कार्यको सुरु सम्झौताको अवधि मिति २०८०।३।१५ मा समाप्त भएकोमा प्रथम पटक २०८०।९।३० र दोस्रो पटक मिति २०८१।३।३१ सम्म र तेस्रो पटक कार्यपालिकाको मिति २०८१।१२।२८ को निर्णय वमोजिम २०८२।३।३१ सम्म म्याद थप गरेको जनाएको छ। उक्त अस्पताल भवन निर्माणको म्याद थप गर्दा जग्गा सिमाङ्कन, २०८० सालको भुकम्प लगायतका कारण देखाई म्याद थप भैरहेको अवस्था छ । लेखापरीक्षणका क्रममा उक्त निर्माण कार्यको म्याद समाप्त भै म्याद थप भएको छैन र निर्माण कार्य चालु अवस्थामा रहेको देखिन्छ भवनका विभिन्न स्ट्रक्चर जस्तै गार्ड हाउस, मर्चरी हाउस कम्पाउण्ड वाल टायल मार्वल तथा इलेक्ट्रिफिकेसन र सेनिटरी लगायतका निर्माण कार्य गर्न वाँकी देखिन्छ। निर्माण कार्यमा पटक पटक म्याद थप गर्दा एउटै प्रकृतिको कारण देखाई म्याद थप गरेको देखिएकाले निर्माण व्यवसायीले तेस्रो पटक म्याद थप गर्दा गरेको प्रतिवद्धता अनुसार निर्माण कार्य गराई निर्माण कार्य सम्पन्न गरी सेवा प्रवाह गर्नुपर्ने देखिन्छ।

६५.८ **कार्य प्रगति :** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायिसँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८०।३।१ मा सम्पन्न गर्नुपर्नेमा सो समयावधिमा निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गर्न सकेको देखिएन। निर्माण व्यवसायिले यो बर्षको अन्त्यसम्म आठौँ रनिङ्ग विल सम्म रु.१३,५४,१९,१०८।- (मुअकर समेत) मुल्याङ्कन भै यो बर्ष गत वर्षको भुक्तानी वाँकी तथा सातौ र आठौँ रनिङ्ग विल समेत गरी रु.२,५६,८८,३५२।- भुक्तानी भएको छ। पालिकाले गत वर्षसम्म भएको भुक्तानी अभिलेख तयार नगरेका कारण भुक्तानी भएको रकमका सम्वन्धमा एकिन गर्न सकिएन। निर्माण व्यवसायिले सुरु सम्झौता तथा थप गरेको अवधिमा करिव ७५ प्रतिशत भौतिक र फाईलमा संलग्न भौचर वमोजिम करीव ५६ प्रतिशत मात्र वित्तिय प्रगति भएको कार्यालयले जनाएको छ।निर्माण व्यवसायीले थप भएको २ वर्षमा समेत निर्माण कार्य सम्पन्न गर्न सकेको देखिएन । निर्माण व्यवसायिले मुख्य विल्डिङ्गको स्ट्रक्चरको कार्य समाप्त गरेको भएतापनी इलेक्ट्रीफिकेशन, सेनिटरी तथा लेन्ड स्केपिङ्ग लगायतको कार्य वाँकी रहेको देखिन्छ। वाँकी निर्माणको कार्य सम्पन्न गरी अस्पतालवाट सेवा प्रवाह गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

६५.९ **निर्माण कार्यको विमा**:सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले सम्पुर्ण निर्माण कार्य, कामदार, उपकरण, र निर्माण कार्यको विमा गराउनु पर्ने र यसरी गरेको विमा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखी निर्माण कार्य सम्पन्न भए पश्चात् हस्तान्तरण अवधि र निर्माण व्यवसायीले त्रुटि सच्याउने अवधिसम्मको हुनुपर्ने उल्लेख छ। निर्माण व्यवसायीले १५ शैय्या अस्पताल भवन निर्माण कार्यको लागि गरेको विमा सम्वन्धि कागजात परीक्षण गर्दा पेश भएको सलिको इन्सुरेन्स कम्पनी प्रालीको विमालेख नं. ११०५९२३/२४५६०००० १० को विमाको अवधि २०२४।१।२ देखी २०२५।१।१३ सम्म मात्र रहेको देखिन्छ। सो पश्चात् विमा अवधि थप भएको विमालेख लेखापरीक्षणमा पेश भएन। अस्पताल भवन निर्माण जस्तो संवेदनशिल र महत्वपुर्ण निर्माण कार्यमा रहेको जोखिम न्युनिकरण गर्न सम्झौताको शर्त वमोजिमको क्षेत्र समिटिने गरी त्रुटी सच्याउने अवधि सम्मको विमा गर्ने गराउनेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

## ६६ सागवारी - मुहान - भारगाँउ खानेपानी योजना निर्माण

पालिकाले यो वर्ष प्रदेश विशेष अनुदानवाट सागवारी मुहान भै मदानी सिगार दरा भारगाँउ खानेपानी योजनाका लागि विनियोजन भएको रु. ५० लाख बजेटवाट रु.५५,४९,९२३ को लागत अनुमान तयार गरी खानेपानी संरचना अन्तर्गत फरेस्मेन्ट ट्याङ्क २ , विभिन्न चेम्वर र ट्रान्समिसन लाईन र डिस्ट्रिव्युसन लईनको कार्य गर्नेगरी उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्यको प्राविधिक

मुल्याङ्कन रु.५३,५९,१२१ गरी रु.४६,८३,२६० भुक्तानी गरेको देखिन्छ। यस सम्वन्धमा देखिएका थप व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

६६.१ **एकमुष्ट मुल्याङ्कन:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले सागवारी मुहान भै मदानी सिगार दरा भारगाँउ खानेपानी योजनाको अन्तिम मुल्याङ्कन गरी गो भौ नं ५३ २०८२।३।२१ वाट निर्माण कार्यको कुल प्राविधिक मुल्याङ्कन रु .५३,५९,१२१ गरी रु.४६,८३,२६० भुक्तानी गर्दा आइटम नं ८४ मा for pumping from quotation उल्लेख गरी १ परिमाणको रु. ९,११,१७१ मुल्याङ्कन समावेश गरेको देखिन्छ । उक्त परिमाणको विस्तृत नापी वेगर उपभोक्ता समितिले चन्दननाथ सौर्य उर्जा तथा इलेक्ट्रिकल्स सप्लायर्सको विजकवाट विभिन्न सौर्य उर्जा सम्वन्धि उपकरण खरिद गरेको रु. ९.४०.०९१ को विल संलग्न भएतापनी उल्लेखित सामानहरु योजनामै प्रयोग भएको सम्वन्धमा नापी किताववाट एकिन गर्न सकिएन । उल्लेखित प्राविधिक मुल्याङ्कनमा एकमुष्ठ समावेश भएको उक्त सामानको विस्तृत नापी सहितको कार्य स्विकार प्रतिवेन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,११,१७१ |

६६.२ **खन्नेपुर्ने कार्यमा वढि भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले सागवारी मुहान भै मदानी सिगार दरा भारगाँउ खानेपानी योजनाको अन्तिम मुल्याङ्कन गरी गो भौ नं ५३,२०८२।३।२१ वाट निर्माण कार्यको कुल प्राविधिक मुल्याङ्कन रु.५३,५९,१२१ गरी रु.४६,८३,२६० भुक्तानी गर्दा आईटम नं ७४ मा earthwork in excavation for pipelines in ordinary soils को कार्यमा निर्माण कार्यमा कुल ७११४ मिटर पाइप प्रयोग भएकोमा खन्ने कार्यमा ७४६५ लम्वाई समावेश गरी पाइप भन्दा ३५१ मिटर लम्वाईमा ०.४५ मिटर चौडाई र ०.८२ मिटर गहिराईमा खन्नेपुर्ने कार्यको लागि कुल १२९।६६ घनमिटर को रु.६०० प्रति घनमिटरका दरले रु. ७७,७९८ वढि मुल्याङ्कन गरी उपभोक्ताको अंशवाहेक रु.६७,९८८ वढि भुक्तानी गरेको देखिएकाले उक्त रकम उपभोक्ता समितिवाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,९८८ |

## ६७ भेरीखोला काडाँदल्ली वफेलगाउँ बृहत खानेपानी योजना निर्माण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा २ को ख र उपदफा ४ र सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२७ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौतामा अन्यथा उल्लेख गरेको वाहेक सुविस्ताका आधारमा सम्झौता अन्त्य गर्न सक्ने व्यवस्था छ । पालिकाले विगत वर्षमा नलगाड नगरपालिका वडा नं. ७ स्थित भेरी खोला काडाँदल्ली बफेलगाए हुँदै खगेनकोट सम्म वृहत खानेपानी आयोजना निर्माण कार्यका लागि निर्माण व्यवसायी स्वामीनारायण पिएस जेभी सँग मिति २०७८।२।४ गते रु. २,७८,६८,१४६।४९ मा सम्झौता भएको देखिन्छ । उल्लेखित निर्माण कार्य गरी देहाय वमोजिम दोस्रो रनिङ्ग विलसम्म रु.१,६८,८३,४१३।४१ भुक्तानी भएको देखिन्छ । पालिकाले कार्यपालिकाको मिति २०८२।३।९ को वैठकवाट नलगाड नगरपालिका पूर्वाधार विकास शाखाको मिति २०८२।०३।०८ गतेको प्राप्त स्थलगत प्रतिवेदन अनुसार नलगाड नगरपालिका वडा नं ७ मा संचालित श्री भेरीखोला काडाँदल्ली वफेलगाउँ हुदै खगेनकोटसम्म बृहत खानेपानी योजनाको काम बिनासकारी भुकम्पबाट पानिको ईन्टेक भासिन गई सम्झौता बमोजिमको पानि उपलब्ध गराउन नसकिने परिस्थिती सिर्जना भएको र उक्त ठेक्काको फरफारक नगर्दा सम्म अन्य निकायले सोही ठाउँको पानी अन्य विकल्पबाट उल्लेखित ठाउँमा पानीको बन्दोवस्त गर्न कठिनाई भएकाले विल बमोजिम यथास्थितीमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा २ को ख र उपदफा ४ र सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२७ बमोजिम भेरीखोला काडाँदल्ली वफेलगाउँ हुदै खगेनकोटसम्म बृहत खानेपानी योजनाको श्री स्वामीनारायण/पि.एस. जेभी नोबस्ता

३, बाँके र नलगाड नगरपालिकाबिच भएको सम्झौता प्राप्त प्राविधिक प्रतिवेदनको सिफारिसको आधारमा नियमानुसार रद्द गर्ने निर्णय गरेको देखिन्छ। तथापी फिल्ड प्रतिवेदनमा उल्लेखित निर्माण कार्यमा प्रयोग भएका विभिन्न प्रकारमा पाईप तथा सामाग्रीहरु निर्माण व्यवसायीले मजदुरको रकम भुक्तानी नगरेका कारण साईटवाट उखेलेर लगेको र आयोजनाको रेखदेख नभएको र आयोजना हस्तान्तरण नहुँदा सम्म सामाग्रीको सुरक्षा निर्माण व्यवसायीकै रहेको उल्लेख गरेको देखिन्छ। उल्लेखित भुक्तानीको ठेक्का विल परिक्षण गर्दा रु.१,१०,००,००० भन्दा वढिको पाईप खरिदकै भुक्तानी भएको देखिन्छ भने अन्य ढुवानी र केही संरचना निर्माणको खर्च भुक्तानी भएको देखिन्छ। पालिकाले २०८० को भुकम्पवाट संरचनामा २० मिटर तल सरेको उल्लेख गरेको र निर्माण व्यवसायीले सम्झौताका शर्त वमोजिम विमा दावि गरी विमावाट प्राप्त क्षतिपुर्तीवाट निर्माण कार्य गर्नुपर्नेमा विमाको कागजात पेश नभएको देखिन्छ ।विमावाट दाविगरी निर्माण कार्य गर्नु गराउनुपर्नेमा निर्माण व्यवसायिको दायित्व पुरा नगरेको निर्माण व्यवसायीलाई सम्झौताका शर्त वमोजिम निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

| **गो भौ नं मिति** | **विलको विवरण** | **भुक्तानी रकम** | **भुक्तानी श्रोत** |
|---|---|---|---|
| २२७ २०७८।३।२५ | निर्माण कार्यको पहिलो रनिङ्ग विल भुक्तानी | ४५१२६७५ | संघिय हस्तान्तरीत कार्यक्रम |
| २५९ २०८०/०२/२१ | दोस्रो रनिङ् विलको आंशिक भुक्तानी । | ६५००००० | पालिका पुँजिगत |
| २२ २०८०।७।२४ | दोस्रो रनिङ् विलको आंशिक भुक्तानी पे फ रु २२००००० समेत | ५८७०७३६ | पालिका पुँजिगत |
| **जम्मा** | | **१६८८३४११** | |

पालिकाले कार्यपालिकावाट निर्णय भएतापनी सो निर्णय कार्यान्वयनका लागि सम्वन्धित निर्माण व्यवसायीलाई पत्राचार गरिनसकेकोले यस सम्वन्धमा सम्झौता वमोजिम कार्यान्वयन गरिने जनाएको छ ।

६८ **बढी दरमा भुक्तानी**

सडक विभागले जारी गरेको STANDARD SPECIFICATIONS FOR ROAD AND BRIDGE WORKS दोस्रो संशोधन २०७८नर्म्स नं 905-9.1-IA मा रहेको Earthwork Excavation in Cutting. I Roadway Excavation in All types of Soil A Roadway Excavation in all types of Soil by Manual Means. Roadway Excavation in all types of soil as per drawing and technical specification, including removal of stumps and other deleterious matter, with all lifts and lead as per Drawing and instruction of the Engineer. Unit = cum (For 12 cum) को नर्म्स प्रयोग गरी सडकको कार्य गर्नुपर्ने र सो नर्म्स वमोजिम मुख्यमन्त्री रोजगार कार्यक्रमको पालिकाले निर्धारण गरेको ज्यालाका आधारमा प्रतिघनमिटर रु ७५० ले भुक्तानी गर्नुपर्नेमा देहाय वमोजिमका सडक निर्माणका योजनामा फरक दर प्रयोग गर्दा वढि भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल गरी संचितकोष दाखिला गर्नुपर्ने रु……………...४६२५८७

| **गो भौ नं मिति** | **निर्माण कार्य र समित** | **कुल भुक्तानी** | **खन्ने कार्यको परिमाण** | **भुक्तानी दर** | **वास्तविक दर** | **वढि भुक्तानी** |
|---|---|---|---|---|---|---|
| २० २०८१।१२।२८ | दाउने डाँडा देखी राकिम्दा मष्टे हुँदै रंगपाला सम्म सडक निर्माण/ उपभोक्ता समिति | १४९८२९३ | १६६४।७७ | ९०० | ७५० | २४९१७५ |
| ७२ २०८२।३।२४ | स्याला गराग्ली पिउली सडक निर्माण / उपभोक्ता समिति | १२५०४७५ | १४२२।७५ | ९०० | ७५० | २१३४१२ |
| **जम्मा** | | | | | | **४६२५८७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,६२,५८७ |

६९ **खन्ने कामको परिमाण गणना**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोभौ नं ४७ २०८१।३।२० वाट छेप्का किटेनी सडक निर्माण उपभोक्ता समिति मार्फत गराई रु. २९,८३,५४८ को प्राविधिक मुल्याङ्कन गरी रु. २४,६८,१६५ भुक्तानी गरेको देखिन्छ। उल्लेखित भुक्तानी गर्दा एक्जाभेसनको कार्यमा चेनेज नं 0+450 मा कुल खन्ने कार्य भएको १३३.१३ घनमिटर मध्ये ordinary soil ५० प्रतिशत , medium rock २० प्रतिशत पश्चात वाँकी रहेको ३० प्रतिशत मात्र Hard rock को परिमाण राख्नु पर्नेमा ४० प्रतिशत समावेश गरी कुल खन्ने परिमाणको १० प्रतिशत अर्थात १३.३१ घनमिटर कडा चट्टान वढि परिमाण नापी किताबमा समावेश गरी भुक्तानी गरेको देखियो । यसरी वास्तविक भएको कार्यभन्दा नापी किताबमा वढि देखिएको परिमाण १३।३१ को प्रतिघनमिटर रु.२,५१२.२३ का दरले वढि भुक्तानी भएको रु.३३,४३७ सम्वन्धित उपभोक्ता समिति सँग असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,४३७ |

### ७० स्टोन सोलिङ्गमा वढि दरमा भुक्तानी

सडक विभागले जारी गरेको STANDARD SPECIFICATIONS FOR ROAD AND BRIDGE WORKS दोस्रो संशोधन २०७८ को नर्म्स नं 10.8 मा Providing and laying of hand pack Stone soling with 150 to 200 mm thick stones and packing with smaller stone on prepared surface as per Drawing and Technical Specifications मा ५ घनमिटर स्टोन सोलिङ्ग गर्नका लागि १८ जना ज्यामी र ६ घनमिटर ढुङ्गा लाग्ने उल्लेख छ । उक्त नर्म्स वमोजिम मुख्य मन्त्री रोजगार कार्यक्रमको लागि निर्धारण भएको ज्यालादर रु.१००० का आधारमा दर विश्लेषण गर्दा स्टोन सोलिङ्गको प्रतिघनमिटर रु.५०४० प्रतिघनमिटरका दरले मात्र भुक्तानी गर्नुपर्नेमा देहाय वमोजिमका निर्माण कार्यमा रु.६०२० प्रतिघनमिटरका दरले भुक्तानी गर्दा रु. २,६५,७४६ बढि भुक्तानी भएको देखिन्छ । उक्त वढि भुक्तानी रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल गर्नुपर्ने रु...............२,६५,७४६

| गो भौ नं मिति | निर्माण कार्य र समित | कुल भुक्तानी | ढुङ्गा छाप्ने कार्यको परिमाण | भुक्तानी दर | वास्तविक दर | वढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| ४४- २०८२।०३।१८ | छेप्का पिपलवोट देखी मसानघाट सम्म पैदल पदमागर्ग निर्माण उपभोक्ता समिति | १३३१२६६ | ११९.५१ | ६०२० | ५०४० | ११७११९.८ |
| ४३ -२०८२।३।१८ | दानी पिपल देखी जन विकास आधारभुत विद्यालय सम्म सडक स्तरोन्नती | १३७७५१६ | १५१.६६ | ६०२० | ५०४० | १४८६२६.८ |
| जम्मा | | | | | | २६५७४६.६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६५,७४६.६ |

### ७१ उपभोक्ता समितिवाट भवन निर्माण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले आफै निर्माण गर्नुपर्ने आफ्नै स्वामित्वमा रहने देहायबमोजिम भवन निर्माण समेत उपभोक्ता समितिमार्फत् गराइ रु.६९,६६,८२७ खर्च गरेको छ। उपभोक्ता समितिमार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्यरुपमा पालिकाले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समितिमार्फत् गराएको पाइयो । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी उपभोक्ता समितिमार्फत् आर सिसि स्ट्रक्चर सहितका भवनहरु उपभोक्ता समिति मार्फत निर्माण गरी भुक्तानी गरेको मनासिव देखिएन। उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्दा निर्माण कार्यको विमा नगर्ने, जटिल प्राविधिक ज्ञान नहुने, निर्माण कार्यको गुणस्तर परीक्षण नहुने तथा निर्माण कार्यको त्रुटी सम्वन्धित जिम्मेवारी समेत नरहने भएकाले यस प्रकारका जटिल प्राविधिक कार्यहरु तथा उपभोक्ता समितिलाई

हस्तान्तरण नहुने कार्यालयकै स्वामित्वमा रहने संरचना प्रतिस्पर्धात्मक ठेक्का प्रकृयावाट गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| गो भौ नं मिति | निर्माण कार्यको विवरण | प्राविधिक मुल्याङ्कन | भुक्तानी रकम |
|---|---|---|---|
| ८५ २०८२।३।२५ | लह आयुर्वेद भवन निर्माण | ३२४४७३० | २७८३०८६ |
| ८३ २०८२।३।२५ | सगरमाथा सामुदायिक अध्ययन भवन निर्माण | २०२७९९७ | १७८८०८५ |
| ६७ २०८२।३।२४ | सिद्धसाई कुमारी प्राथमिक विद्यालय भवन निर्माण | २९८५१६३ | २३९५६५६ |
| **जम्मा** | | **८२५७८९०** | **६९६६८२७** |

७२ **डण्डीको परिमाण गणना**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत रघुनाथ वालशिक्षा भवन निर्माण कार्य रोजगार उपभोक्ता समिति मार्फत गरी गो भौ नं ७७, मिति २०८२।३।२५ वाट उक्त निर्माण कार्यको रु.११,७०,९७५ मुल्याङ्कन गरी भुक्तानी गरेकोमा उक्त निर्माण कार्यको नापी कितावमा समावेश भएको TMT reinforcement को कार्य निर्माण कार्यमा प्रयोग भएको कंक्रिट ४.३९ घनमिटरको २.५ प्रतिशतले हुने भनि विस्तृत वार वेण्डीङ्ग सेड्युल वेगर १३७९ केजी नापी कितावा चढाई रु.१३१.२७ का दरले रु.१,८१,०२१ भुक्तानी गरेको देखिन्छ। कंक्रिट भोलुमको २.५ प्रतिशतले कुल ८६१ केजीमात्र हुने देखिएकाले उक्त भोलुम भन्दा वढि भुक्तानी भएको ५१८ केजी डण्डी (प्रतिशतका आधारमा नापी भएको परिमाण छुट्टै दफमा समावेश गरिएको) वढि परिमाण नापीमा समावेश गरी भुक्तानी भएको रु.६७,९९८ असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,९९८ |

७३ **एकमुष्ट नापी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिलको भुक्तानी गर्दा सम्झौताको शर्त वमोजिम प्राविधिक नापजाँच भएको वास्तविक परिमाणको मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष देहाय मवोजिमका निर्माण कार्यको नापी कितावमा देहाय वमोजिमका आइटमको एकमुष्ठ नापी तयार गरी उक्त आइटममा मात्र रु.८,७४,२४३ भुक्तानी गरेको देखियो ।उक्त आइटमको वास्तविक कार्य देखिने गरी नापी तयार गरी खरिद गरेका जिन्सी सामाग्री जिन्सी दाखिला गर्नुपर्दछ । यसरी नापी कितावमा एकमुष्ठ नापी गरी भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.

| भौ.नं. र मिति | निर्माण कार्यको नाम | कामको विवरण | परिमाण | दर | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ७७ २०८२।३।२५ | रघुनाथ वालशिक्षा भवन निर्माण | Reinforcement bars………… | २.५ % of concrete volume ८६१।५३ केजी | १३१।२७ | ११३०९३ |
| ६७ २०८२।३।२४ | सिद्धसाई कुमारी प्राथमिक विद्यालय भवन निर्माण | Reinforcement bars………… | ३।९१ टन विस्तृत नापि पेश नभएको | १५२।५० | ५९६२७५ |
| ७४ २०८२।३।२५ | अस्थायी प्रहरी चौकी मैदे भवन निर्माण | Reinforcement bars………… | २.५ % of concrete volume १२५६ केजी | १३१।२६ | १६४८७५ |
| **जम्मा** | | | | | **८,७४,२४३** |

| | |
|---|---|
| अनियमित भएको | ८,७४,२४३ |

७४ **डण्डीको परिमाण गणना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत अस्थायी प्रहरी चौकी मैदे भवन निर्माण कार्य रोजगार उपभोक्ता समिति मार्फत गरी गो. भौ. नं. ७४, मिति २०८२।३।२५ वाट उक्त निर्माण कार्यको रु.१४,४७,०५४ मुल्याङ्कन गरी भुक्तानी गरेकोमा उक्त निर्माण कार्यको नापी कितावमा समावेश भएको TMT reinforcement को कार्य निर्माण कार्यमा प्रयोग भएको कंक्रिट ६.७५ घनमिटरको २.५ प्रतिशतले हुने भनि विस्तृत वार वेण्डीङ्ग सेड्युल वेगर २१७२ केजी नापी किताबा चढाई रु.१३१.२७ का दरले रु.२,८५,१८३ भुक्तानी गरेको देखिन्छ । कंक्रिट भोलुमको २.५ प्रतिशतले कुल १२५६ केजीमात्र हुने देखिएकाले उक्त भोलुम भन्दा वढि भुक्तानी भएको ९१६ केजी डण्डी (प्रतिशतका आधारमा नापी भएको परिमाण छुट्टै दफमा समावेश गरिएको) वढि परिमाण नापीमा समावेश गरी भुक्तानी भएको रु.१,२०,२४३ असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०,२४३ |

७५ **म्यावियनको कार्यमा वढि भुक्तानी** (३७-2082-03-11):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही निर्माण सम्बन्धी, पुरातात्विक उत्खनन सम्बन्धी र सुरुङ खन्ने, डिप ट्युववेल, पेट्रोलियम अनुसन्धान आदि जस्ता जमिनमुनि गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी त्यस्तो नर्म्स नेपाल सरकार, मन्त्रिपरिषद्वाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष घुर्सुखोला देखी राउटे वस्नेडाँडा सम्म सडक स्तरोन्नतीको कार्यका लागि उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई निर्माण कार्यको प्राविधिक मुल्याङ्कन रु ४५,२१,४८५ गरी रु ३८,०९,०१५ भुक्तानी गरेको देखिन्छ । उक्त निर्माण कार्यको प्राविधिक मुल्याङ्कन गर्दा जाली भर्ने कार्यको लागि लागत अनुमान गर्दा विभिन्न साइजका जाली मानिसले तयार गरेको जाली प्रयोग गर्ने गरी लागत अनुमान तथा मुल्याङ्कन गरेकोमा उपभोक्ता समितिले सप्लायर्सवाट मेशिनमेड जाली खरिद गरेको र सम्वन्धित प्राविधिक कर्मचारीले समेत मेशिन मेड जाली प्रयोग गरेर योजना संचालन भएको अवस्था देखिन्छ। पालिकाले तयार गरेको लागत अनुमान अनुसार मेशिनमेड जाली र मेनमेड जालीमा उत्पादन लागतमा देहाय बमोजिम फरक देखिएकाले मेशिन मेड जाली प्रयोगमा मेनमेड जालीको भुक्तानी गर्दा उपभोक्ता समितिलाई वढि मुल्याङ्कन भएको रु.१,५६,२९० मा उपभोक्ताको अंश कट्टा गरी हुने रु. १,३१,६५८ सम्वन्धित उपभोक्ता समितिवाट असुल गरी संचितकोष दाखिला गर्नुपर्ने रु.

| जालीको प्रकार | संख्या | भुक्तानी हुनुपर्ने दर मेशिन मेड जाली (सबै लागत) | भुक्तानी भएको मेन मेड जाली (सबै लागत) | फरक दर | वढि मुल्याङ्कन |
|---|---|---|---|---|---|
| १.५*१*१ | ९२ | ८०१० | ८८५४ | ८४४ | ७७६४८ |
| २*१*१ | ९२ | १०४४२ | १०९६५ | ५२३ | ४८११६ |
| ३*१*१ | २५ | १४९३९ | १६१६० | १२२१ | ३०५२५ |
| **जम्मा** | | | | | **१५६२९०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३१,६५८ |

७६ **भवन निर्माण तथा सडक सम्बन्धी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छद ७ मा भवन निर्माण तथा सडक सम्बन्धी व्यवस्था गरिएको छ । ऐनमा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, नक्सा पास गर्ने, राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने, राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्बन गर्नुपर्ने र सडकको अधिकारक्षेत्र तोक्न सक्ने लगायतका व्यवस्थाहरू रहेका छन्। उपरोक्त बमोजिम ऐनले दिएको अधिकारको कार्यान्वयन गर्न तथा भवन ऐन, २०५५ बमोजिम भवनको वर्गीकरण गर्न पालिकाले भवन निर्माण तथा सडक सम्बन्धी मापदण्ड तर्जुमा गरेको छैन ।

अतः पालिकाले तर्जुमा गरेको गुरुयोजनाको पूर्ण कार्यान्वयन गर्ने तथा बाँकी मापदण्ड तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्दछ

### ७७ त्रुटि सच्याउने अवधिको अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्चाउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ डिजाइन र स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वियन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचबुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख तयार गरेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा एकिन गर्न सकिएन। अतः नियमावलीमा भएको व्यवस्था वमोजिम त्रुटि सच्याउने अवधिका ठेक्काहरुको अभिलेख तयार गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गराउने, त्रुटि भएका ठेक्काहरुको त्रुटि सच्याउने लगायतका कार्यहरु गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

### ७८ एकमुष्ट बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको वजेट नमुना छनौटका आधारमा विश्लेषण गर्दा यो वर्ष स्पष्ट कार्यक्रम नखुलाई देहाय वमोजिमका ६ कार्यक्रममा मात्र रु.१ करोड ४५ लाख ४० हजार बजेट व्यवस्था गरी विभिन्न ५७ योजनामा रु.१ करोड १८ लाख ८९ हजार खर्च गरेको देखिन्छ। सो वाहेक नगरपालिकाले व्यहोर्नुपर्ने म्याचिङ्ग फन्डको बजेट समेत कार्यक्रम नखुलाई एकमुष्ठ राखेको देखिन्छ ।बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउन बजेट अवण्डामा राख्ने परिपाटिको अन्त्यगर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

| क्र.सं. | शिर्षक | बजेट रकम | कार्यक्रम /भुक्तानी भएको योजना संख्या | कुल भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | कार्यक्रम खर्च | २८००००० | १० | १२३१८६१ |
| २ | संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र | १५००००० | ३ | १३५९२७५ |
| ३ | मर्मत संभार कोष | ४९००००० | २२ | ४९००००० |
| ४ | आकस्मिक कोष | १०००००० | ४ | १८०००० |
| ५ | नगरप्रमुख विपन्न आय आर्जन कार्यक्रम | २८४०००० | १५ | २७१८२०९ |
| ६ | खेलकुद तथा पुर्वाधार शिक्षा | १५००००० | ३ | १५००००० |
| **जम्मा** | | १४५४०००० | ५७ | ११९८९३४५ |

### ७९ क्षेत्रगत बजेट र खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१/८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति अनुसार सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सवैभन्दा कम १.७६

प्रतिशत र सामाजिक विकास तर्फ सवैभन्दा वढी ५४.३६ प्रतिशत खर्च भएको देखिन्छ। पुर्वाधार विकास क्षेत्रमा विनियोजन भएको कुल वजेट रु.११,६२,६३,२३८.४५ मध्ये रु.९,३४,०७,७६३.१२ खर्च भै कुल विनियोजनको ८०.३४ प्रतिशत मात्र खर्च भएको देखिन्छ । क्षेत्रगत सन्तुलन कायम गरी बजेट व्यवस्थापन र खर्च गर्नुपर्दछ।

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत | कुल खर्चकोप्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिकविकास | २२५९०००० | १५४५८०१०. | ६८.४३ | **२.७७** |
| २ | सामाजिकविकास | ३३७४२३०००. | ३०३१५५०२७.९२ | ८९.८४ | **५४.३६** |
| ३ | पूर्वाधारविकास | ११६२६३२३८.४५ | ९३४०७७६३.१२ | ८०.३४ | **१६.७५** |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | १३२६९९५३.६ | ९८१३७२९. | ७३.९५ | **१.७६** |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १७२५२३९३६. | १३५८१२७८१.२ | ७८.७२ | **२४.३५** |
| **कुल जम्मा** | | **६६२०७०१२८.०५** | **५५७६४७३११.२४** | **८४.२२** | **१००.** |

## ८० त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। यो बर्ष पालिकाको रु.१७,८६,४५,२९४।८ पुँजिगत खर्च भएकोमा चौथो त्रैमासिकमा कुल पुँजीगत खर्च मध्ये रु. १३,१४,५२,५५१।७ अर्थात कुल खर्चको ७३.५८ प्रतिशत तथा आषाढ महिनामा मात्र रु.१२,११,६१,३२८।७ अर्थात कुल खर्चको ६७.८२ प्रतिशत खर्च भएको देखिन्छ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| क्र. सं | बजेट शीर्षक उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | पालिका पुँजीगत | १५०८२६५२५.५ | ३३५००. | १७२५८०८०. | २९९०११६३. | १०३६३३७८२.४६ | ९३३४२५५९.४१ |
| २ | स्थानिय पुर्वाधार सहयोग कार्यक्रम | १५३०८४८७.४८ | ०. | ०. | ०. | १५३०८४८७.४८ | १५३०८४८७.४८ |
| ३ | एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | १२५१०२८१.८ | ०. | ०. | ०. | १२५१०२८१.८ | १२५१०२८१.८ |
| **जम्मा खर्च** | | **१७८६४५२९४।८** | **३३५००** | **१७२५८०८०** | **२९९०११६३** | **१३१४५२५५१।७** | **१२११६१३२८।७** |
| **खर्च प्रतिशत** | | **१००** | **०।०२** | **९।६६** | **१६।७४** | **७३।५८** | **६७।८२** |

## ८१ उपभोक्ता समितिको विल भरपाइ

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले प्रत्येक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । रजिक बाँनिया गाउँ सडक सतरोन्नती कार्यको उपभोक्ता समितिले पेश गरेको हेभि मेसिनको भाडाको विल अनुसार जम्मा ३८८ घण्टा मेसिन संचालन गरेको देखिन्छ तर कार्य सम्पन्न प्रतिवेदन र हेभि मेसिन प्रयोगको दर विश्लेषण अनुसार सवै प्रकारको माटो खन्ने काम ९५१९.९३ घन मिटरको १५८.६५ घण्टा, नरम चट्टान ६२३.०७ घन मिटरको लागि ३१.१५ घण्टा र

कडा चट्टान १५१२.२५ घन मिटरको खन्ने कामको लागि ५६७.०९ घण्टा समेत जम्मा ७५६.८९ घण्टा मेसिनले खनेको हुनुपर्दछ । पालिकाले सडक खन्ने कामको लागि तयार गरेको सडक विभागको नर्म्स बमोजिमको दर विश्लेषण अनुसार कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको माटो तथा चट्टान खनेको कार्यको परिमाण बमोजिम ७५६.८९ घण्टा मेसिन प्रयोग भएको हुनुपर्नेमा उपभोक्ताले पेश गरेको मेसिन भाडाको विल अनुसार ३८८ घण्टा मात्र मेसिन प्रयोग भएको देखिएकोले पालिकाले नापी गरेको माटो तथा चट्टान खन्ने कार्यको परिमाण यथार्थ परक छ भन्न सकिने अवस्था देखिएन । सडक निर्माण कार्यको माटो तथा चट्टान खन्ने कार्यको परिमाण बमोजिम मेसिन प्रयोग भएको हुनुपर्ने परिमाण भन्दा ३६८.८९ घण्टाको घटी विल पेश भएको अवस्थामा भाडा दर वढि देखाई प्राविधिक मुल्याङ्कन वरावरको रकम मेशिन भाडा वापत भुक्तानी गरेको छ ।यस सम्वन्धमा पालिकावाट निर्माण कार्यको प्राविधिक मुल्याङ्कन वमोजिम भुक्तानी गरेको जनाएको छ । तथापी निर्माण कार्यको प्राविधिक मुल्याङ्कन र उपभोक्ताले मेशिन संचालन गरेको अवधिमा भिन्नता देखिएको सम्वन्धमा पालिकाले एकिन गर्नुपर्ने देखिन्छ ।

अनियमित भएको

८२ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको, लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक कामको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक बनाउनुपर्ने देखिन्छ। कानुनमा भएको सवै व्यवस्थाको पालना गरी विल, कार्य सम्पन प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

८३ **योजना कार्यान्वयन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। पालिकाले सभा मार्फत विनियोजन गरेका योजना मध्ये पुँजिगत तर्फका देहायका रु.१,०५,००,००० विनियोजन भएका ११ योजनाहरु यो वर्ष कार्यान्वयननै गरेको देखिएन । पालिकाले योजना छनौट गरी बजेट विनियोजन भएका योजनाको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | बजेट | खर्च |
|---|---|---|---|
| १ | नलगाडनगरपालिकाको आवधिक योजना अध्यावधिक | ८००००. | ०.०० |
| २ | तात्रगाड देखी ट्रसवृज सम्म सडक निर्माण | १०००००. | ०.०० |
| ३ | नगरप्रमुख उद्धमशिल कार्यक्रम | १२००००. | ०.०० |
| ४ | दिवाखाजा भान्सा घरको सामाग्री खरिद | १२२०००. | ०.०० |
| ५ | नलगाड नगरपालिका म्याचिङ | १२८०००. | ०.०० |
| ६ | कट्के खालडाँडा हुदै पिउली सडक मर्मत | ३०००००. | ०.०० |
| ७ | लहरेखोला लघु जलविधुत आयोजना मर्मत | ४०००००. | ०.०० |
| ८ | चौखा खोला झोलुङ्गेपुल मर्मत तथा तटबन्धन निर्माण नलगाड न पा११ | ४०००००. | ०.०० |
| ९ | चावलेचौर स्यानावन सडक निर्माण क्रमागत | ९०००००. | ०.०० |
| १० | पञ्चभयार मा.वि. भवन निमार्ण | २५०००००. | ०.०० |
| ११ | चिउरी विद्यालय भवन देखी वडा कार्यालय रुमली गुदले हुदै कैना सडकनिर्माण नलगाड न पा १,२र ३ | ५००००००. | ०.०० |
| | **जम्मा** | **१००५००००.** | |

८४ **कन्टिन्जेन्सीमा एकमुष्ठ वजेट विनियोजन गरी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था छ।पालिकाले कन्टिजेन्सी खर्च गर्दा लागत अनुमानमा समावेश भएको कन्टिजेन्सी रकम खर्च गरेको आधारमा खर्च गर्नुपर्नेमा यो वर्ष पालिकाले एकमुष्ठ कन्टिजेन्सी (३११३५) पुँजिगत वजेट शिर्षकमा रु.१०,२०,००० बजेट विनियोजन गरी चालु प्रकृतिका दैनिक भ्रमण भत्ता, विविध खर्च, भ्रमण खर्च लगायतमा रु.१०,१८,३०२ खर्च गरेको देखिन्छ । यसरी पुँजिगत वजेट शिर्षकमा कन्टिजेन्सी भनि रकम विनियोजन गरी चालु खर्च भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,१८,३०२ |

८५ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ विभिन्न शिर्षकमा कुल रु.१५,३०,८४८।४८ खर्च भुक्तानी गरेको छ। पालिकाले उक्त कन्टिजेन्सीवाट सूचना प्रकाशन, मर्मत तथा इन्धनमा वैठक भत्ता कार्यलय सञ्चालन तथा अनुगमनमा खर्च गरेको छ।पालिकाले यस्तो खर्च गर्दा कन्टिजेन्सी खर्च सम्वन्धी कार्यविधि तय गरेको समेत देखिएन। कार्यविधि वनाएर मात्र कन्टिजेन्सी खर्च गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ । यस सम्वन्धमा देखिएका थप व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

- सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

- महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन।
- कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

८६ **पूँजीगत बजेटबाट चालु प्रकृतिका खर्च**

पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सृजना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। पालिकाले यस बर्ष पुँजिगत बजेटमा चालु प्रकृतिका खर्च समावेश गरी तथा कार्यपालिकाको विभिन्न समयको निर्णय बमोजिम पुँजिगत बजेट खर्च शिर्षकबाट चालु प्रकृतिको खर्चमा भुक्तानी गरेको देखियो । पालिकाले पुँजिगत खर्चमा विनियोजित बजेटबाट चालु प्रकृतिका खर्चमा भुक्तानी दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । यस सम्वन्धि केही उदाहरण निम्नानुसार छन ।

| **गो.भौ.नं. र मिति** | **भुक्तानी पाउनेको नाम** | **खर्चको विवरण** | **खर्च रकम** |
|---|---|---|---|
| ६१-०८११२।३ | श्री वल विर वि.क. | खेलकुद तथा रनिङ सिल्ड कार्यक्रम | १०८४००० |
| ९७-०८२।१।१० | राष्ट्रिय लोक तथा दोहोरी गित प्रतिष्ठान | नगर सास्कृतिक महोत्सव | ५००००० |
| १३४-०८२।३।५ | श्री जनता प्रा.वि. | विशेष स्रोत कक्षा संचालन | १०००००० |
| १८२-०८२।३।२३ | श्री स्मारिका पुस्तक पसल | कार्यालय संचाल खर्च | २२३०३० |
| १८८-०८२।३।२४ | कर्मचारीको तलव | कार्यक्रमतर्फका कर्मचारीको तलव | ३३३१३१ |

८७ **मोटरसाईकल खरिद**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ।त्यसैगरी सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५(१) मा पटक पटक गरी एकै आपूर्तिकर्ता सँग सिमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले आन्तरीक श्रोतवाट ५ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु.१६,९६,९९८ खर्च गरेको देखिन्छ । पालिकाले यो वर्ष देहाय वमोजिमका स्रोतवाट मोटरसाईकल खरिद गरेकोमा खरिद गर्दा एकमुष्ठ लागत अनुमान गरी प्रतिस्पर्धात्मक तवर वाट खरिद नगरेको, निर्देशीकामा उल्लेखित व्यवस्था विपरीत समानिकरण अनुदानवाट खरिद गरेको, खरिद गरेका मोटरसाईकल सरकारी नम्वर प्लेटमा पालिकाको नाममा नामसारी समेत नभएकोले उल्लेखित मोटरसाईकल सरकारी नम्वर प्लेटमा यथासिघ्र ल्याउनु पर्ने देखिन्छ । प्रतिस्पर्धा तथा कार्यविधिमा भएको व्यवस्था विपरीत खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| गोश्वरा भौचर नं मिति | आपुर्तक | खरिद स्रोत | भुक्तानी रकम | कैफीयत | संख्या |
|---|---|---|---|---|---|
| १४७, २०८२।३।१७ | लक्ष्मण अटो पाटर्स एण्ड सर्भिस सेन्टर | नेस समानिकरण | ३१३९०० | सरकारी नं प्लेट कायम नभएको | १ थान |
| ७० २०८१।१२।२२ | लक्ष्मण अटो पाटर्स एण्ड सर्भिस सेन्टर | राजस्व बाँडफाट तथा समानीकरण | ३१५८४९ | सरकारी नं प्लेट कायम नभएको | १ थान |
| ३४ २०८१।१०।२३ | लक्ष्मण अटो पाटर्स एण्ड सर्भिस सेन्टर | नेस समानिकरण | १०६७२४९ | सरकारी नं प्लेट कायम नभएको | ३ थान |
| **जम्मा** | | | **१६९६९९८** | | |

| | |
|---|---|
| अनियमित भएको | १६,९६,९९८ |

८८ **जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई हेभि मेशिन, औजार, उपकरणहरुको आवश्यक नपर्ने र श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. स्ट्रक्चर सहितका भवन निर्माण, स्काभेटर लगायत हेभी मेसिन प्रयोग गरी कडा चट्टान खन्ने सडक निर्माण कार्य जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। पालिकाले जटिल संरचना निर्माण कार्य उपभोक्ता समितिबाट सम्पन्न गराउने कार्यलाई नियन्त्रण गरी यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट प्रतिस्पर्धा हुने गरी वोलपत्र मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यस सम्वन्धी केही उदाहरण निम्नानुसार छन्।

| गो.भौ.नं. र मिति | योजनाको नाम | लागत अनुमान | कार्य सम्पन्न रकम | पालिकावाट भुक्तानी रकम |
|---|---|---|---|---|
| ८-०८२।३।२ | रजिक वाँनियाँ गाउँ सडक | ८३५१७४१ | ८३२०१९३ | ७२४६८८८ |
| २१-०८२।३।२४ | रावत गाउँ ध्वार गाउँ सडक | ८३३०६९५ | ८११४२८८ | ७०८६१५६ |
| १६-०८२।३।२३ | रजिक सामुदायिक भवन निर्माण | ५५३७३१३ | ५५०१९३४ | ४८१९१४१ |

८९ **उपभोक्ताको काम**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ।साथै नियमावलीको नियम ९७ मा उपभोक्ता समितिवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका,आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण कार्य उपभोक्ता समितिमार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ।उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन।सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रम मुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्नेतर्फ पालिकाको ध्यान जान जरुरी देखिएको छ। उपभोक्ता समितिले हेभि इक्वीपमेन्टको प्रयोग गरेर निर्माण गरेका कार्यका केही उदाहरण देहाय वमोजिम रहेका छन्:

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | निर्माण व्यवसायि | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| चौख्या ढुङ्गा चौरिल्ला ढेडथान सडक निर्माण | सडक निर्माण | १९३०४३१ | एस्काभेटर | एडि एण्ड अभि निर्माण सेवा एण्ड सप्लायर्स | १३७३१९५ |
| सिर्केटाकुरा गैरालविसा हुँदै डाडा लविसा सम्म जोड्ने सडक | सडक निर्माण | २८९८५८७ | एस्काभेटर | नलगाड निर्माण सेवा | २८९८५८७ |
| छेप्का किटेनी सडक निर्माण | सडक निर्माण | २४६८१६५ | एक्साभेटर | एडि एण्ड अभि निर्माण सेवा एण्ड सप्लायर्स | १७२०२६७ |
| धुर्सुखोला राउटेवस्ने डाँडाँ सम्म सडक स्तरोन्नती | सडक निर्माण | ३८०९०१५ | एक्साभेटर | मार्सल कन्सट्रक्सन | ८००००० |
| सिर्के टाकुरा कोरा लाविसा हुदै डाडासम्म जोड्ने सडक | सडक निर्माण | १४३७४०१ | एक्साभेटर | नलगाड निर्माण सेवा | १४३७४०१ |
| खर्के खोली दोखुहुदै कागलुपान सम्म सडक निर्माण | सडक निर्माण | १२२५०९४ | एक्साभेटर | राम निर्माण सेवा | १२२५०९४ |
| रजिक वानिया गाँउ सडक | सडक निर्माण | ७२४६८८८ | एक्साभेटर | चामाखोला रोकाय निसे | ३१०५८५४ |
| रावत गाँउ ध्यारगाँउ सडक | सडक निर्माण | ७०८६१५६ | एक्साभेटर | पिविया निर्माण सेवा | १८०००९० |
| रजिक देखी नलाचे सडक | सडक निर्माण | २८९२१५८ | एक्साभेटर | चामारखोला | २८९२१५८ |

९० **उपभोक्ता समितिमार्फ सम्पन्न कार्यको लागत अनुमान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १(क) मा रु. १ करोडसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सक्ने व्यवस्था छ। नियम ९७ को उपनियम १(क) मा उल्लेखित एक करोड रुपैयासम्मको लागत अनुमानमा मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख छ ।यस सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत लागत अनुमानमा एकरुपता कायम गर्न लागत अनुमान भित्र मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी रकम र अन्य खर्च समेत समावेश गर्नुपर्ने भनि पत्र संख्या २०७४।७५ च.नं. ८०७ को पत्रवाट थप स्पस्ट पारेको छ । पालिकाले यस वर्ष सडक निर्माण कार्यको लागत अनुमान बनाउदा मूल्य अभिबृद्धि कर, ओभरहेड र कन्टेन्जेन्सी रकम समावेश नगरी एक करोड भन्दा घटीको लागत अनुमान तयार गरी उपभोक्ता समिति संग सम्झौता गरी कार्य सम्पन्न गराएको देखिन्छ । पालिकाले लागत अनुमान बनाउदा मूल्य अभिबृद्धि कर, ओभरहेड र कन्टेन्जेन्सीको रकम समावेश नगरी निम्नानुसार २ कार्यको लागत अनुमान क्रमशः रु. ८३,५१,७४१ र रु. ८३,३०,६९५ तयार गरी निर्माण कार्य गराएको देखिन्छ । पालिकाले खरिद प्रक्रियामा प्रतिस्पर्धा सिमित नहुने गरी वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा उल्लेखित लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत निर्माण कार्य गरेको देखिन्छ । कानूनमा भएको सवै व्यवस्थाको पालना गरी लागत अनुमान तयार गर्ने र प्रतिस्पर्धात्मक विधिवाट यस प्रकारको निर्माण कार्य गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| क्र.सं. | योजनाको नाम | सम्झौता रकम/लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|
| १ | रजिक वाँनियाँ गाउँ सडक | ८३५१७४१ | ७२४६८८८ |
| २ | रावत गाउँ ध्वार गाउँ सडक | ८३३०६९५ | ७०८६१५६ |
| **जम्मा** | | **१६६८२४३६** | **१४३३३०४४** |

९१ **कडा चट्टान कटिङ**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने साथै नर्म्सको प्रयोग गर्दा मितव्ययिता हुन सक्ने अवस्थामा सोको समेत विचार गर्नुपर्ने उल्लेख छ। सडक विभाबाट स्वीकृत Norms For Rate Analysis For Road and Bridge Works को Section 905 मा Credit For excavated rock For use@50 percent of excavated उल्लेख छ । जस अनुसार पालिकाले कडा चट्टान खन्ने कार्यको लागत अनुमान तयार गर्दा त्यसबाट प्राप्त भएको ढुङ्गा प्रयोग हुने अवस्था भएमा Excavated ढुङ्गाको ५० प्रतिशत घटाउनुपर्दछ । रजिक बाँनिया गाउँ सडक निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन अनुसार १५१२.२५ घन मिटर कडा चट्टान खन्ने कार्य भएको र सोही सडकको चेनेजमा Stone Soiling कार्य ९४.५५ घन मिटर, Stone Masonry कार्य २८.६० घन मिटर र ग्यायविन वक्समा ढुङ्गा भर्ने काम १७७ घन मिटर समेत जम्मा ३००.१५ घन मिटर ढुङ्गाको कार्य सम्पन्न भएको देखिन्छ । पालिकाले लागत अनुमान तयार गर्दा सडक विभागको नर्म्स बमोजिम एक्साभेटरले कडा चट्टान खन्ने कार्यबाट प्राप्त हुने ढुङ्गाको ५० प्रतिशत परिमाण नघटाइ लागत अनुमान तयार गरेकोले उपभोक्ता समितिले सडक निर्माण कार्य अन्तर्गत सम्पन्न गरेको Stone Soiling, Stone Masonry, ग्याविन जालिमा ढुङ्गा भर्ने काममा प्रयोग भएको ३००.१५ घन मिटर ढुङ्गाको ५० प्रतिशतले हुने १५०.०७ घन मिटरको प्रति घन मिटरको रु. १३०० को दरले हुने रु. १,९५,०९१।- घटाएर भुक्तानी दिनुपर्नेमा उक्त रकम घटाएको देखिएन। पालिकाले सडक विभागको नर्म्स बमोजिम कडा चट्टान खन्ने कामको लागत अनुमान तयार नगरेको र उपभोक्ता समितिले सडक खन्दा उपलव्ध भएको ढुङ्गाको प्रयोग गरेको अवस्थामा ढुङ्गाको परिमाण नघटाउदा उपभोक्ता समितिलाई बढी भुक्तानी हुन गएको रु. १,९५,०९१।- मा उपभोक्ताको अंश १२.९ प्रतिशत घटाइ बाँकी रु. १,६९,९२४।- सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६९,९२४ |

९२ **कायाखेत तातोपानी पर्यटकिय क्षेत्र संरक्षण (ठेक्का नं. NM/NCB/W/-01/2081-82)**

पालिकाले कायाखेत तातोपानी पर्यटकीय क्षेत्रको संरक्षण कार्यको लागि पर्खाल र ग्याविन वक्सको निर्माण कार्यका लागि निर्माण व्यवसायी एस.जि.के. कन्स्ट्रक्सन एण्ड सप्लायर्ससंग रु. ८१,५७,७११।- लागत अनुमान भएको ठेक्का रु. ५४,३७,४५४।- (मूल्य अभिवृद्धी कर समेत) मा २०८२।३।१५ मा सम्पन्न गर्ने गरी २०८२।२।११ मा सम्झौता भएको छ । यस बर्ष रु.१२,८२,१३१।- भुक्तानी भई निर्माण कार्य अधुरो रहेको छ । निर्माण व्यवसायीले ग्यायविन वक्समा ढुङ्गा भर्ने काम सम्पन्न गरेता पनि मुख्य काम सेर वाल निर्माण कार्य सम्पन्न गरेको देखिएन । निर्माण कार्य सम्झौता बमोजिम तोकिएको म्याद भित्र कार्य सम्पन्न हुन नसकेको,म्याद थप समेत नभएको र आर्थिक बर्ष २०८२।८३ मा उक्त अधुरो योजनाको लागि बजेट विनियोजन समेत भएको देखिएन । पालिकाले तोकिएको समयमा कार्य सम्पन्न नभएको ठेक्काको खरिद सम्झौता, सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम आवश्यक निर्णय गरी कार्य सम्पन्न गर्नुपर्दछ ।

९३ **झोलुङ्गे पुल निर्माण** (२-2081-08-05):

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **५९३,५३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९४ **उपभोक्ताको अंश** (२-2081-08-05):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिदा उपभोक्ताको अंश घटाएर भुक्तानी दिनुपर्ने व्यवस्था छ । झोलुङ्गे पुल निर्माण कार्यको कुल लागत रु.२८,१६,७०३।- मध्ये उपभोक्ता समितिले रु. ९६,४१५।- व्यहोर्नु पर्ने उल्लेख छ । सम्झौता अनुसार कार्य सम्पन्न रकम रु. २६,६७,५८७।- को ३.४२ प्रतिशतले हुने रु. ९१,२३१।- उपभोक्ता अंश कट्टा गरी भुक्तानी दिनुपर्नेमा रु. ५३,३५१।- मात्र कट्टा गरी भुक्तानी दिएकोले घटी कट्टा गरेको उपभोक्ताको अंश रु.३७,८८०।- सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,८८० |

९५ **अग्रिम कर कट्टी**

आयकर ऐन, २०५८ को दफा ८९(३)(क) मा उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको ५० लाख भन्दा बढिको भुक्तानी रकममा एक दशमलव पाँच प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसार उपभोक्ता समितिलाई ५० लाख भन्दा बढीको रकम भुक्तानी दिएकोमा कुल भुक्तानी रकममा १.५ प्रतिशतले हुने कर कट्टी नगरी घटी कर कट्टी गरेको देखिन्छ । घटी कर कट्टी गरेको रकम सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | कट्टी गर्नुपर्ने कर | कट्टी गरेको कर | घटी कर कट्टी रकम |
|---|---|---|---|---|---|
| ८-०८२।३।२ | रजिक वाँनियाँ गाउँ सडक | ७२४६८८८ | १०८७०३ | ७७७६५ | ३०९३८ |
| २१-०८२।३।२४ | रावत गाउँ ध्वार गाउँ सडक | ७०८६१५६ | १०६२९२ | ५८०७० | ४८२२२ |
| **जम्मा** | | | | | **७९१६०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,१६० |

९६ **फर्माको काममा बढी भुक्तानी** (४-2082-03-20):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने साथै नर्म्सको प्रयोग गर्दा मितव्ययिता हुन सक्ने अवस्थामा सोको समेत विचार गर्नुपर्ने उल्लेख छ। पालिकाले ओरख्याल सिंचाइ आयोजनाको लागि फर्मा वर्कको लागत अनुमान तयार गर्दा जाजरकोट जिल्लाको स्वीकृत दर रेट अनुसार लोकल काठको (सल्लाको) मुल्य प्रति घन फिट रु. ११०० राख्नुपर्नेमा सालको काठको मुल्य प्रति घन फिट रु. ८४०१.५६ राखेको देखिन्छ । लागत अनुमान तयार गर्दा काठको मुल्य प्रति घनफिटको रु. ११०० राख्दा प्रति बर्ग मिटर फर्मा वर्कको दर रु. ७१७.८४ हुनुपर्नेमा काठको मुल्य प्रति घनफिट रु. ८४०१.५६ राख्दा प्रति बर्ग मिटर फर्मा वर्कको दर रु. २४१९.६४ कायम भई सोही बमोजिम भुक्तानी हुँदा प्रति बर्ग मिटर रु. १७०१.८० बढी भुक्तानी हुन गएको छ । सिंचाइ आयोजनाको फर्मा वर्कको कुल परिमाण ९८.०९ बर्ग मिटरको प्रति बर्ग मिटर रु. १७०१.८० का दरले बढी भुक्तानी भएको रु.१,६६,९२९।- सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६६,९२९ |

९७ **नगर प्रमुख उद्यमशिल कार्यक्रम**

९७.१ **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजि निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसअनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्था वा फर्मलाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने उक्त संस्थाले पनि सार्वजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने वा भविष्यमा उक्त संस्था वा फर्मबाट पालिकाले गरेको लगानी फिर्ता हुने सुनिश्चित हुनुपर्दछ ।पालिकाले नगर प्रमुख उद्यमशिल कार्यक्रम अन्तर्गत निम्नानुसार नाफा कमाउने उद्देश्यले स्थापना भएका व्यक्तिगत फर्महरुलाई मेसिन खरिद गर्ने, घेरवार गर्ने, मालसामान तथा सामाग्रि खरिद गर्ने, फर्मको भौतिक संरचनाको निर्माण एवंम मर्मत संभार गर्ने लगायतका कार्यको कुल लागतको ७० प्रतिशत अनुदान रकम उपलव्ध गराएको देखिन्छ। पालिकाले नाफा कमाउने उद्देश्यले स्थापना भएका व्यक्तिगत फर्म तथा सस्थालाई कुल लागतको ७० प्रतिशत अनुदान वापत रु २१,७५,७८९ उपलव्ध गराएकोमा सो अनुदान गरेको रकम भविष्यमा पालिकालाई फिर्ता हुने सम्वन्धमा कुनै सुनिश्चतता गरेको देखिदैन । पालिकाले यस प्रकारको खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.नं. र मिति | फर्मको नाम | कामको विवरण | कुल लागत | कार्य सम्पन्न | पालिकाबाट भुक्तानी |
|---|---|---|---|---|---|
| २०२- ०८२।३।२४ | मोडन एग्रो टेक्नोलोजी | मौरीजन्य सामाग्रि खरिद | १४०४३० | १४०४३० | ९९९९६ |
| २०१- ०८२।३।२४ | के.एम.कृषि तथा पशुपंक्षि पालन फर्म | फर्म हाउस मर्मत | १५०००० | १४९९९३ | १०४४९५ |
| १९९- ०८२।३।२४ | आधुनिक वाख्रापालन फर्म | उन्नत जातको वाख्रा खरिद | ४३९००० | ४६८२०० | ३००३०० |
| १९६- ०८२।३।२४ | सिर्जनशिल महिला कृषि तथा पशुपालन समुह | फार्म मर्मत | १४९९९७ | १४९९९७ | १०५००० |
| २०७- ०८२।३।२४ | मगर कृषि फर्म | बुद्धचित्तको विरुवा खरिद | २००००० | २००००० | १४०००० |
| २०६- ०८२।३।२४ | सगुन टेलर्स सिचाई कटाई तथा टेरनिङ सेन्टर | सिलाईकटाइ सामाग्रि खरिद | १५०००० | १४४३५४ | १०५००० |
| २०४- ०८२।३।२४ | शुभम खड्का पोल्ट्रि फर्म | वाख्रा खरिद | २००००० | २००००० | १४०००० |
| २३०- ०८२।३।२४ | नलगाड मादल उद्योग | भवन निर्माण | १५०००० | १५०००० | १०४५०० |
| २२५- ०८२।३।२४ | जिवि बेकरी उद्योग | डि फ्रिज खरिद ३ थान | १५०००० | १५०००० | १०३४९८ |
| २४२- ०८२।३।२५ | छहरे खोला कृषि तथा फलफुल फर्म | घेरवार निर्माण | २००००० | १९८२९७ | १४०००० |
| २३६- ०८२।३।२५ | दाजुभाइ फर्निचर उद्योग | भवन निर्माण तथा उपकरण खरिद | ६२०००० | ६११७४२ | ४३४००० |
| २३२- ०८२।३।२५ | सालाभिना ईन्टरलक आईटी उद्योग | मेसिन खरिद र मर्मत | ५७०००० | ५६९११८ | ३९९००० |

९७.२ **बढी भुक्तानी :** नगर प्रमुख उद्यमशिल कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा १२(५) मा कार्यक्रमको कुल लागतको ३० प्रतिशत सम्वन्धित फर्मले व्यहोर्ने र ७० प्रतिशत अनुदान उपलव्ध गराउने उल्लेख भएकोमा पालिका निम्नानुसार फर्मलाई कार्य सम्पन्न भएको रकमको ७० प्रतिशत भन्दा बढी भुक्तानी दिएको रु.६,९७२।- असुल गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | फर्मको नाम | कार्य सम्पन्न रकम | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| २४२-०८२।३।२५ | छहरे खोला कृषि तथा फलफुल फर्म | १९८२९७ | १४०००० | १३८८०८ | **११९२** |
| २३६-०८२।३।२५ | दाजुभाइ फर्निचर उद्योग | ६११७४२ | ४३४००० | ४२८२२० | ५७८० |
| **जम्मा** | | | | | **६९७२** |

| असुल गर्नुपर्ने | ६,९७२ |
|---|---|

९७.३ **कार्यविधिको पालना** : नगर प्रमुख उद्यमशिल कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा १२(५) मा कार्यक्रमको कुल लागतको ३० प्रतिशत सम्वन्धित फर्मले व्यहोर्ने र ७० प्रतिशत अनुदान उपलव्ध गराउने र पालिकाबाट प्राप्त हुने अनुदानको सुनिश्चतता कायम गर्न तोकिएको ३० प्रतिशत लागत वरावरको रकम नगरपालिकामा जम्मा गर्नुपर्ने उल्लेख छ । तर पालिकाले कार्यक्रम संचालनको लागि प्रस्ताव पेश गर्न प्रकाशित गरेको सुचनामा सम्वन्धित फर्मले लागत अनुमानको ३० प्रतिशत रकम आफ्नो फर्मको खातामा दाखिला गरेको भौचर पेश गरेको हुनुपर्ने उल्लेख गरी सोही बमोजिम फर्म छनौट गरी अन्तिम भुक्तानी दिएको देखिन्छ । पालिकाले कार्यक्रम संचालनको लागि तयार गरेको कार्यविधिमा भएको व्यवस्था बमोजिम सम्वन्धित फर्मले लागत अनुमानको ३० प्रतिशत रकम पालिकाको खातामा जम्मा भए पछिमात्र सम्झौता गरी कार्य सम्पन्न गराउनुपर्दछ।

९८ **सिउन स्वास्थ्यचौकी भवन निर्माण (ठेक्का नं. २०-०७६।७७)**

पालिकाले स्वास्थ्य चौकी निर्माण कार्यको लागि रु.६८,००,९८०।- मा कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी बाला त्रिपुरा सन्दरी निर्माण सेवा प्रा.लि.संग २०७७।३।१४ मा २०७८।११।३० मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा गत बर्ष पेश भएको अन्तिम विल बमोजिम रु. ६७,२०,६०९।- भुक्तानी भई कार्य सम्पन्न भएको छ । यस सम्वन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

९८.१ (११-2081-08-25):

**बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । स्वास्थ्यचौकी निर्माण कार्यको अन्तिम विल साथ संलग्न नापी कितावमा आईटम नं. १७ को ३ एम.एम.को पनिङ गर्ने कार्यको परिमाण २११ वर्ग मिटर भएकोमा पालिकाले २७० वर्ग मिटरको भुक्तानी दिएको छ । नापी कितावमा उल्लेख भएको भन्दा बढी भुक्तानी भएको परिमाण ५९ वर्ग मिटरको सम्झौता बमोजिम प्रति वर्ग मिटर रु. ५०० को दरले हुने रु.२९,५००।- र सोको मूल्य अभिबृद्धि कर रु. ३,८३५।- समेत रु. ३३,३३५।- सम्वन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,३३५ |

९८.२ **नापी कितावमा नभएको कामको भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । स्वास्थ्यचौकी निर्माण कार्यको अन्तिम विल साथ संलग्न नापी कितावमा कामको परिमाणनै उल्लेख नभएको अवस्थामा उक्त कामको भुक्तानी दिएको छ । नापी कितावमा उल्लेख भएको भन्दा बढी भुक्तानी भएको कामको रकम सम्वन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| आईटम नं. | कामको विवरण | नापी कितावमा भएको परिमाण | भुक्तानी भएको परिमाण | दर | बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|
| १९ | पेन्टस 2 coats | ० | ३३३.१३ व.मि. | ५०० | १६५५६३ |
| **जम्मा** | | | | | **१६५५६३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६५,५६३ |

९८.३ **एकमुष्ट भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नाँपजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ ।पालिकाले स्वास्थ्य चौकि निर्माण कार्यको वि.ओ.क्यूमा निम्नानुसार कामको परिमाण एकमुष्ठ राखेकोमा अन्तिम विलको भुक्तानी दिदा विस्तृत नाँप जाँच गरी नापी कितावमा उल्लेख गर्नुपर्नेमा वि.ओ.क्यू.मा उल्लेख भए बमोजिमनै एकमुष्ठ परिमाण उल्लेख गरी भुक्तानी दिएको छ । निर्माण कार्यको प्रत्येक कार्यको विस्तृत नाप जाँच गरी नापी कितावमा उल्लेख गरी बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्नेमा एकमुष्ठ परिमाण उल्लेख गरी निम्नानुसार कामको रकम भुक्तानी दिएकोले उल्लेखित कार्यको विस्तृत नाँप जाँच गरी प्रमाण पेश गर्नुपर्ने रु.

| कामको विवरण | इकाई | परिमाण | रकम |
|---|---|---|---|
| Electricity Work | job | १ | ६००००० |
| Sanitation work | job | १ | ६००००० |
| Reinforcement | Ton | ६.८४० | ८५५०४६ |
| Total | | | २०५५०४६ |

| प्रमाण पेश नगरेको | २०,५५,०४६ |
|---|---|

९८.४ **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ,डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनुपर्ने व्यवस्था छ । स्वास्थ्य चौकिको भवन निर्माण कार्य २०७८।११।३० मा सम्पन्न गर्ने गरी २०७७।३।१४ मा सम्झौता गरेकोमा तोकिएको समयमा कार्य सम्पन्न हुन नसकी २०८१ असार मसान्त सम्म म्याद थप भई २०८१ असार मसान्तमा निर्माण व्यवसायीले अन्तिम विल भुक्तानीको लगि पेश गरेको र उक्त रकम भुक्तानी दिन बाँकी रही यस बर्ष भुक्तानी भएको छ। २०८१ असार मसान्तमा कार्य सम्पन्न भएको आधारमा २०८२ श्रावणमा निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अबधि समाप्त हुँने हुँदा खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम कार्यालय प्रमुखले सम्वन्धित प्राविधिकबाट नाँप जाँच गराई स्वीकृत ड्रइङ, डिजाइन र स्पेसिफिकेसन बमोजिम भए नभएको एकिन गरी कुनै त्रुटी देखिए निर्माण व्यवसयीलाई त्रुटी सच्याउन लगाई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

९९ **(१६-०८२।३।२३) काठको काममा बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा दर निर्माण सामाग्रिको दर दर रेट निर्धारण समितिको निर्धारण गरेको दर राख्नुपर्ने र नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि करको अंश घटाएर भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले रजिक सामुदायिक भवन निर्माण कार्यमा प्रयोग हुने झ्याल ढोकाको चौकोश, पल्ला र फर्मा कार्यको लागत अनुमान तयार गर्दा सल्लाको काठको मूल्य जाजरकोट जिल्लाको दर रेट अनुसार प्रति घन मिटर रु. ३८,८०८।- राख्नुपर्नेमा बाँके जिल्लाको दर रेट रु. ५५,४३६।७० र सोको मू.अ.कर रु. ७,२०६।७७ समेत रु.६९,९४९।६१ राख्दा बढी दर कायम हुन गई भुक्तानी भएको छ । पालिकाले काठको कामको लागत अनुमान तयार गर्दा जाजरकोट जिल्लाको सल्लाको काठको मूल्य राख्नुपर्नेमा बाके जिल्लाको मूल्य राखेको र उपभोक्ता समितिले काठको खरिदको मूल्य अभिबृद्धि कर विजक पेश नगरेकोले उक्त मू.अ.कर समेत भुक्तानी दिन नमिल्ने हुँदा निम्नानुसार कार्यमा बढी भुक्तानी हुन गएको छ । बढी भुक्तानी भएको रकम रजिक सामुदायिक भवन निर्माण उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| **कामको विवरण** | **परिमाण** | **भुक्तानी भएको दर** | **भुक्तानी हुनुपर्ने दर** | **बढी भुक्तानी दर** | **बढी भुक्तानी रकम (उपभोक्ताको अंश कट्टी पछि)** |
|---|---|---|---|---|---|
| Form Work | ५३१.७२ व.मि. | ११२५.७१ | १०९०.६७ | ३५.०४ | १८६३१ |
| Chaukhats/Frames | ०.८० घ.मि. | १२५६६८.६८ | ९१४३१.१२ | ३४२३७.५६ | २७३९० |
| Shutter | ३२.५८ व.मि | ९५०७.२३ | ८२७५.६४ | १२३१.५९ | ४०१२५ |
| **जम्मा** | | | | | **८६१४६** |

| असुल गर्नुपर्ने | ८६,१४६ |
|---|---|

१०० **सडक खन्ने मेसिनको भाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने साथै नर्म्सको प्रयोग गर्दा मितव्ययिता हुन सक्ने अवस्थामा सोको समेत विचार गर्नुपर्ने उल्लेख छ।पालिकाले मेसिनद्धारा सडक खन्ने कामको लागि लागत अनुमान तयार गर्दा सडक विभागको मिति २०७७।१२।३१ को निर्णय अनुसार स्वीकृत Norms/Rate of Plant and Machinery for Estimating Guideline बमोजिम दर विशलेषण गरी मेसिनको भाडा दर कायम गर्नुपर्नेमा बाँके जिल्लाको स्वीकृत दर रेट बमोजिम एक्साभेटरको प्रति घण्टाको भाडा रु. २१००।- (ईन्धन बहेकको) राखेकोमा उक्त रकममा पुन Operator Allowance रु. १६२.५० र Servicing रु. १६५ समेत रु. ३२७.५० थप गरेको छ । पालिकाले लागत अनुमान तयार गर्दा बाँके जिल्लाको ईन्धन बाहेकको मेसिनको भाडा दर राखि सकेपछि पुन Operator Allowance र Servicing को रकम रु. ३२७.५० थप गर्दा सडक विभागको स्वीकृत नर्म्स बमोजिम मेसिन द्धारा सडक खन्ने कामको लागि माटो खन्ने कार्यमा प्रति घन मिटर रु. ५.४५, नरम चट्टान खन्ने कार्यमा प्रति घन मिटर रु.१६.३७ र कडा चट्टान खन्ने कार्यमा प्रति घन मिटर

रु.१२२.८१ का दरले निम्नानुसार योजनाको उपभोक्ता समितिलाई बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| गो.भौ.नं. र मिति | योजनाको नाम | कामको विवरण | परिमाण (घ.मि.) | बढी भुक्तानी भएको | |
|---|---|---|---|---|---|
| | | | | दर | रकम (उपभोक्ताको अंश कट्टा गरी) |
| २१-०८२।३।२४ | रावत गाउँ ध्यारव गाउ सडक | माटो खन्ने | १५२१६.३३ | ५.४५ | ७२४२२ |
| | | नरम चट्टान खन्ने | २७५.८६ | १६.३७ | ३९४३ |
| | | कडा चट्टान खन्ने | ११४.०७ | १२२.८१ | १२२३४ |
| ८-०८२।३।२। | रजिक बाँनिया गाउँ सडक | माटो खन्ने | ९५१९.९३ | ५.४५ | ४५१९० |
| | | नरम चट्टान खन्ने | ६२३.०७ | १६.३७ | ८८८४ |
| | | कडा चट्टान खन्ने | १५१२.२५ | १२२.८१ | १६१७६१ |
| **जम्मा** | | | | | **३०४४३४** |

| असुल गर्नुपर्ने | ३,०४,४३४ |
|---|---|

१०१ **(२६२-०८२।३।२५ ) माटो खन्ने कामको बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने साथै नर्म्सको प्रयोग गर्दा मितव्ययिता हुन सक्ने अवस्थामा सोको समेत विचार गर्नुपर्ने उल्लेख छ। पालिकाले यो बर्ष गत बर्षको भुक्तानी दिन बाँकी रहेको मूख्य मन्त्री रोजगार कार्यक्रम अन्तर्गत चावलेचौर स्यानावन हुदै करुवा सडक योजनाको रकम भुक्तानी दिएको छ । सडक विभागबाट स्वीकृत Norms For Rate Analysis For Road and Bridge Works को Section 905-९.१ मा उल्लेख भएको नर्म्स अनुसार मानिसद्धारा सडकको सवै प्रकारको माटो खन्ने कार्यको लागि आर्थिक वर्ष २०८०।८१ को जाजरकोट जिल्लाको स्वीकृत दर रेट अनुसार प्रति घन मिटर रु. ७५७.९० को दरले १४२३.३३ घन मिटर सडक खन्ने कामको रु.१०,७८,७४१।- भुक्तानी हुनुपर्नेमा रु. १२,११,४५१।- भुक्तानी भएकोले रु. १,३२,७०९।- बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम चावलेचौर स्यानावन हुदै करुवा सडक योजना उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,३२,७०९ |
|---|---|

१०२ **रजिक देखि नलाक्चे हुदै बाँनिया गाउँ सम्म सडक निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछी सम्वन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नाँपजाँच गराइ कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले रजिक देखि नलाक्चे हुदै बाँनिया गाउँ सम्म सडक निर्माण कार्यको लागि रु. ३३,७६,३७३।- मा चेनेज नं. १+९२२ देखि ३+४२२ सम्म १५०० मिटर सडक खन्ने कार्यको लागि उपभोक्ता समितिसंग सम्झौत गरेकोमा चेनेज नं. १+७१६ देखि १+९१९ सम्म २०२ मिटर सडक खन्ने कार्य सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । पालिकाले १५०० मिटर सडक खन्नुपर्नेमा कडा चट्टानको परिमाण बढेको कारणले सम्झौता रकमले २०२ मिटर सडक खन्ने कार्य मात्र सम्पन्न गर्न सकिएको जनाएको छ ।पालिकाले लागत अनुमानमा उल्लेख भएको भन्दा फरक चेनेजबाट सडकको काम सुरु गरेको र १५०० मिटर सडक खन्नुपर्नेमा सडक खन्ने कार्यमा माटो खन्ने परिमाणको सट्टा कडा चट्टान खन्ने परिमाण बृद्धि हुन गई २०२ मिटर मात्र सडक खनेको अवस्थामा उक्त कार्यमा भएको भेरिएसनको सम्वन्धमा लागत अनुमान स्वीकृत गर्ने पदाधिकारीबाट स्वीकृत गराउनुपर्नेमा स्वीकृत नगराई कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिएको देखिन्छ । पालिकाले लागत अनुमान तयार गर्दा पर्याप्त ध्यान दिनुका साथै सम्झौता बमोजिम तोकिएको कार्यमा भेरिएसन भएको अवस्थामा सम्वन्धित पदाधिकारीबाट स्वीकृत गराएर मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी अन्तिम विलको रकम भुक्तानी दिनुपर्दछ ।

## १०३ अग्रिम कर कट्टी

आयकर ऐन,२०५८ को दफा ८८(१) अनुसार नेपालमा श्रोत भएको व्यक्तिलाई सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकममा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ।पालिकाले निम्नानानुसारको रु. २०१६०० भत्ता भुक्तानीमा १५ प्रतिशत अग्रिम कर कट्टी नगरी भुक्तानी गरेकोले छुट कर रु.५८५००।०० सम्बन्धित कर्मचारीबाट असुल उपर गर्नुपर्ने रु.

| गो.भौ.नं.।मिति | कर्मचारी/पदाधिकारी | विवरण | भुक्तानी रकम | कट्टी कर रकम | घटी कर कट्टी रकम |
|---|---|---|---|---|---|
| ८२१।०८२।३।२२ | चालक श्री किरण बुढा | प्रोत्साहन भत्ता | ५६१०० | ५६१ | ७८५४ |
| १२२।०८१।८।२० | का.स. श्री मान बहादुर वली | शव परीक्षण भत्ता | ५१००० | ० | ७६५० |
| ७७७।०८२।३।१९ | श्री तप्त बहादुर चनारा | औषधि ढुवानीवापत स्वास्थ्य चौकी प्रमुखलाई भत्ता वितरण | ९४५०० | १०६० | १३११५ |
| जम्मा | | | | | २८६१९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,६१९ |

## १०४ एक्सरे मेसिन र अन्य उपकरण खरिद

पालिकाले नगर अस्पतालको लागि आवश्यक एक्सर मेसिन लगायत अन्य उपकरण खरिद कार्यको लागि रु. ५५,००,०००।- को लागतको अनुमान तयार गरी वोलपत्र आह्वान गरेकोमा एक मात्र वोलपत्र पेश भई रु. ४७,९१,२००।- मा कार्य सम्पन्न गर्ने गरी सरोवर ट्रेड कन्सर्न, सुर्खेतसंग २०८२।१।१६ मा सम्झौता भई रु. ४७,९१,२००।- भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएका बेहोराहरु देहायबमोजिम छन्:

१०४.१ **लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सम्वन्धित मालसामानको स्पेसिफिकेशन बमोजिम लागत अनुमान तयार गर्नुपर्ने र लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनकि निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको बास्तविक लागत, स्थानीय वजारको प्रचलित दरभाउ, उद्योग वाणिज्य संघले जारि गरेको दररेट आदिलाई आधार लिनुपर्ने उल्लेख छ । पालिकाले एक्सरे मेसिन र यु.एस.जि. मेसिन लगायतका उपकरणहरु खरिद गर्दा ३ वटा फर्मसंग दरभाउपत्र माग गरी सवै भन्दा न्युन कवोल गर्ने फर्मको लागत अनुमानलाई आधार लिई लागत अनुमान स्वीकृत गरी सोही बमोजिम वोलपत्र आह्वान गरी खरिद कार्य सम्पन्न गरेको देखिन्छ । पालिकाले लागत अनुमान तयार गर्दा पालिका वा जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको बास्तविक लागत, स्थानीय वजारको प्रचलित दरभाउ, उद्योग वाणिज्य संघले जारि गरेको दररेट र उत्पादक कम्पनिको वेवसाइटमा उल्लेखित मुल्य आदिलाई आधार नलिई फर्मले पेश गरेको दरभाउपत्रको आधारमा लागत अनुमान तयार गरेकोले उक्त लगात अनुमान यथार्थपरक छ भनि विश्वस्त हुन सक्ने अवस्था देखिएन ।पालिकाले खरिद नियमावलीमा उल्लेख भएका विषयलाई आधार लिई मालसामानको लागत अनुमान तयार गरी खरिद कार्यलाई मितव्ययी र प्रतिस्पर्धी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१०४.२ **उपकरणको निरीक्षण तथा परिक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा सार्वजनिक नियकायले खरिद सम्झौता अनुसार आपूर्ति गरिएको मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने र सोही नियमावलीको नियम ११७ मा कार्यालयले आपुर्ति गरिएको मालसामान स्वीकार्दा सोको कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले ठेक्का नं. NM/NCB/GOODS/02/2081/82 Procurement and Installation of X-ray, Digital Radiography, Ultra Sound machine with printer खरिद कार्य गरी सरोवर ट्रेड कन्सर्न सुर्खेतलाई रु ४७,९१,२०० भुक्तानी गरेकोमा सम्झौता गरी खरिद कार्य सम्पन्न भएकोमा आपुर्ति गरिएको मालसामान सम्झौतामा उल्लेखित

प्राबिधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण नगरी र कार्यस्वीकार प्रतिवेदन तयार नगरी जिन्सी दाखिला गरेको आधारमा भुक्तानी दिएको छ। पालिकाले आपुर्ति गरिएका मालसामानको सम्वन्धित प्राविधिकबाट परीक्षण गराई प्राविधिकले प्रतिवेदन पेश गरेपछि भुक्तानी दिनुपर्नेमा प्राविधकबाट परीक्षण नै नगराई भुक्तानी दिदा आपुर्ति भएका मालसामान तोकिएको स्पेशिफिकेसन र गुणस्तर बमोजिम भएको सम्वन्धमा विश्वस्त हुन सक्ने अवस्था देखिएन । पालिकाले स्वीकृत स्पेसिफिकेशन बमोजिमको यन्त्र/उपकरण आपूर्ति भए नभएको सम्बन्धमा यकिन गर्नुका साथै आपुर्ति भएका मेसिन तथा उपकरणको कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्दछ ।

१०४.३ **उपकरणको वीमा :** सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा बोलपत्र जमानत वा कार्यसम्पादन जमानत लगायत मोविलाईजेशन र डिमोबिलाईजेशन खर्च, वीमा, परामर्शदातालाई दिनु पर्ने सुविधा बापतका कार्यहरु, गुणस्तर परीक्षण, व्यवसायजन्य स्वास्थ्य र सुरक्षा, एज विल्ट नक्शा, कार्यसम्पादन जमानतको कमिशन खर्च आदिको छुट्टै आईटम बनाई लागत अनुमानमा समाबेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले मेडिकल उपकरणहरुको लागत अनुमान तयार गर्दा BOQ मा वीमाको आईटम समाबेश गरेको छैन । सम्झौता अनुसारको मेशिनरी औजार उपकरणको आपुर्ति र जडानको क्रममा टुटफुट हुनसक्ने, दुर्घटना भई क्षति पुग्न सक्ने जोखिमहरु प्रति पालिकाले ध्यान दिएको देखिएन । सम्झौता अनुसारको कार्यहरु सुरक्षित र भरपर्दो तरिकाले सम्पन्न गर्नु पर्ने, योजना कार्यान्वयनको क्रममा टुट फुट वा क्षति भएमा जोखिम वहनको व्यवस्था बीमा मार्फत गर्नु पर्दछ । पालिकाले BOQ मा बीमाको आईटम समाबेश नगरेको भएता पनि वोलपत्र सम्बन्धि कागजात(SBD) र सम्झौताको बिशेष शर्तको GCC 23.1 मा सबै प्रकारको जोखिम बहन गर्ने गरी सम्झौता रकमको ११० प्रतिशत जोखिम बहन गरेको बिमा हुनु पर्ने उल्लेख छ । यस आधारमा आपूर्तिकर्ताले यन्त्र उपकरणको सुरक्षाको लागि सम्झौता रकमको ११० प्रतिशत जोखिम वहन सहितको बीमाको प्रमाण पेश गर्नुपर्ने देखिन्छ।

१०४.४ **उपकरणको प्रयोग** : पालिकाले नगर अस्पतालको लागि निम्नानुसारका मेडिकल उपकरणहरु खरिद गरी आपुर्तिकर्ता सरोवर ट्रेड कन्सर्न सुर्खेतलाई रु. ४७,९१,२००।- भुक्तानी दिएकोमा खरिद भएका उपकरण मध्ये अल्ट्रासाउण्ड मेसिनको प्रयोग गरेता पनि एक्सरे मेसिनको प्रयोग गरेको देखिएन । यस सम्वन्धमा पालिकाले एक्सरे मेसिन जडानको लागि आवश्यक भवनको व्यवस्था नभएकोले अस्पतालको नयाँ भवन निर्माण भए पछि उक्त भवनमा जडान गरिने जनाएको छ । अस्पतालको नयाँ भवन निर्माण कार्य सम्पन्न हुन अझै समय लाग्ने देखिएको र खरिद भएका मालसामानको वारेण्टी र मर्मत संभार अवधि सम्झौताको स्पेशसफिकेसनमा २ बर्ष सम्म हुने उल्लेख भएकोले उक्त मेसिन प्रयोग नभई वारेण्टी र मर्मत संभारको अबधि समाप्त हुने हुँदा खरिद गर्ने पदाधिकारीलाई जिम्मेवार वनाई खरिद भएको मेसिन तथा उपकरण संचालनमा ल्याई सेवा प्रवाहलाई प्रभावकारी वनाउनुपर्दछ ।

| **उपकरणको नाम** | **खरिद मुल्य (मू.अ.कर समेत)** | **कैफियत** |
|---|---|---|
| 500 MA x-ray Machine with flat panel | १४६९००० | प्रयोगमा नआएको |
| Digital Radiography | १८६४५०० | प्रयोगमा नआएको |
| Ultrasound Machine | १४५७७०० | प्रयोगमा आएको |
| **जम्मा** | **४७९१२००** | |

## १०५ स्थानीय पुर्वाधार सहयोग कार्यक्रम (LISP)

१०५.१ स्थानीय पुर्वाधार सहयोग कार्यक्रम संचालन कार्यविधि, २०८१ को दफा ८ मा प्रचलित खरिद कानुन बमोजिम उपभोक्ता समिति वा ठेक्का वा मिश्रित विधिको प्रयोग गरी कार्य सम्पन्न गर्न सकिने उल्लेख छ । पालिकाबाट स्थानीय पुर्वाधार सहयोग कार्यक्रम अन्तर्गत ११ योजना संचालन गर्ने गरी पालिकाबाट रु. १,००,००००।- र स्थानीय पुर्वाधारबाट रु. १,५०,००,०००।- समेत रु. २,५०,००,०००।- बजेट विनियोजन भएकोमा रु. २,२९,९९,५६७।- को सम्झौता गरी योजनाको लागि आवश्यक पर्ने मालसामान शिलवन्दी कोटेशन र कोटेसन मार्फ खरिद गरी श्रमिकको रकम सम्वन्धित व्यक्तिको खातामा पठाई उपभोक्ता समितिमार्फत कार्य गर्ने

गरी मिश्रिति विधिबाट योजना निर्माणको कार्य सम्पन्न गरेको देखिन्छ । यस कार्यक्रम अन्तर्गत सम्पन्न भएका योजनाको सम्झौता र खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | पूर्वाधार आयोजना | सम्झौता रकम | | | वास्तविक खर्च | | |
|---|---|---|---|---|---|---|---|
| | | LISP सहलगानी (रु) | स्थानीय तह सहलगानी (रु) | जम्मा (रु) | LISP सहलगानी (रु) | स्थानीय तह सहलगानी (रु) | जम्मा (रु) |
| १ | ओरख्याल सिंचाइ आयवजना वडा नं. ६ | १५००००० | १०००००० | २५००००० | १३४१४४९ | ९०७१९६ | २२४८६४५ |
| २ | ज्ञानेचौर काप्रापानी पारीपाखा खानेपानी वडा नं.१ | १५००००० | १०००००० | २५००००० | १३२९५२९ | ८५२५१७ | २१८२०४६ |
| ३ | गेउखोला मुहान भई फुम्दा खानेपानी वडा नं. १३ | १५००००० | १०००००० | २५००००० | ११०२९६१ | ९५६१५७ | २०५९११८ |
| ४ | भेरीखर्क मुहान भई पाल्त हुदै बाँनीया गाउ खानेपानी वडा नं.११ | १५००००० | १०००००० | २५००००० | २०८६०४२ | ० | २०८६०४२ |
| ५ | जन विकास आ.वि.शौचालय निर्माण वडा नं. १० | ४२०००० | २८०००० | ७००००० | ६३८३६४ | ० | ६३८३६४ |
| ६ | तरघाट पदमार्ग वडा नं. ५ | ८९९७४० | ५९९८२७ | १४९९५६७ | ११३१३१२ | ० | ११३१३१२ |
| ७ | गुनाभिर खानेपानी आइजना वडा नं. ७ | १५००००० | १०००००० | २५००००० | १०८७१२५ | ९९२३९७ | २०७९५२२ |
| ८ | मदाने राँगलौटै पातिहाल्न सिचाई योजना वडा नं. ६ | १५००००० | १०००००० | २५००००० | १३१२४७० | १०६४७९७ | २३७७२६७ |
| ९ | सिमपारी काप्राघाप्देखी खन्यापानी घोरेटा वाटो वडा नं. १२ | १५००००० | १०००००० | २५००००० | २४५८४६९ | ० | २४५८४६९ |
| १० | रोली देखि कालापानी घोरेटो बाटो वडा नं. १० | ४८०००० | ३२०००० | ८००००० | ६४२७०४ | ० | ६४२७०४ |
| ११ | दारिमपाखा देखि घरङ्गा चौरसम्म घोरेटो बाटो निर्माण वडा नं. ९ | १५००००० | १०००००० | २५००००० | २१७८१६० | ० | २१७८१६० |
| १२ | लहरेखोला जद विद्युत आयोजना | ० | ० | ० | ० | ३३३२४३ | ३३३२४३ |
| **कुल जम्मा** | | **१३७९९७४०** | **९१९९८२७** | **२२९९९५६७** | **१५३०८५८५** | **५१०६३०७** | **२०४१४८९२** |

१०५.२ लागत साझेदारी

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **३,०५९,६४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

१०५.३ **शिलवन्दी तथा सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा वीस लाख रुपैयाँ भन्दा बढी लागत अनसमान भएको मालसामान वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय पुर्वाधार सहयोग कार्यक्रम अन्तर्गत पालिका र पुर्वाधार कार्यक्रमबाट रु. २,५०,००,०००।- वजेट विनियोजन भएकोमा ११ योजनाको लागि आवश्यक पर्ने निर्माण सामाग्रिको एउटै

प्याकेज वनाई वोलपत्रको माध्यमबाट प्रतिस्पर्धा सिमित नहुने गरी खरिद कार्य गर्नुपर्नेमा ११ योजनाको सामाग्रि खरिद मध्ये ६ वटा योजनाको शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरी रु. ४६,७९,६६०।- भुक्तानी गरेको देखिन्छ ।त्यस्तै ५ वटा योजनाको लागि आवश्यक सामाग्रिको लागि कोटेसनमार्फत सोझै खरिद गरी रु. ३२,१५,१५७।- भुक्तानी गरेको देखिन्छ । पालिकाले एकै प्रकारको निर्माण सामाग्रि खरिदको लागि एउटै प्याकेज वनाई प्रतिस्पर्धा सिमित नहुने गरी वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ ।

१०५.४ **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेपछी सम्वन्धित सार्वजनिक निकायले खाटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नाँप जाँच गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले स्थानीय पुर्वाधार सहयोग कार्यक्रम अन्तर्गतका योजनाको लागि आवश्यक पर्ने निर्माण सामाग्रि खरिद गरी उपभोक्ता समितिलाई हस्तान्तरण गरेको र उक्त योजनाको कार्य सम्पन्न गर्नको लागि लाग्ने श्रम तथा स्थानीय सामाग्रिको रकम सम्वन्धित श्रमिकको खातामा पठाउने गरी मिश्रित विधिबाट योजनाको कार्य सम्पन्न गरेकोमा उक्त योजना निर्माण कार्यको लागि प्रयोग भएको गैर स्थानीय निर्माण सामाग्रि, स्थानीय निर्माण सामाग्रि र श्रमको ज्याला समेत समावेश गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा खरिद भएको निर्माण सामाग्रिको खर्च रकम समावेश नगरी स्थानीय सामाग्रि र श्रमको ज्यालमा मात्र समावेश गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिन्छ । पालिकाले निर्माण कार्यमा प्रयोग भएको पालिकाबाट खरिद भई हस्तान्तरण भएका निर्माण सामाग्रिको कार्य सम्पन्न प्रतिवेदनमा समावेश नगर्दा उक्त खरिद भएका निर्माण सामाग्रि सम्वन्धित योजनामानै प्रयोग भए वा नभएको एकिन गर्न सकिने अवस्था देखिएन । पालिकाले निर्माण कार्यको लागत अनुमान बमोजिम सम्पुर्ण कार्यमा भएको (निर्माण सामाग्रि र श्रम) खर्च देखिने गरी प्रत्येक योजनाको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

१०५.५(२८९-2082-03-25):

**खरिद सामाग्रिको प्रयोग :** स्थानीय पुर्वाधार कार्यक्रम अन्तर्गत छनौट भएको लहरेखोला लघू जलविद्युत आयोजना मर्मत योजनाको लागि आवश्यक पर्ने गैर स्थानीय सामाग्रि कोटेशन मार्फत खरिद गरी रुपक भाँडा पसललाई रु.३,३३,२४३।- भुक्तानी भएको छ । उक्त योजना कार्य सम्पन्न प्रतिवेदन पेश नभएको अवस्थामा खरिद भएको निर्माण सामाग्रि पालिकाको PAMS बाट प्राप्त हस्तान्तरण फाराम अनुसार उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिन्छ। निर्माण कार्य सम्पन्न नभएको अवस्थामा खरिद भएका सामाग्रि हस्तान्तरण भएकोले उक्त समाग्रि प्रयोग भएको प्राविधिक पुस्ट्याइ सहितको नापी किताव तथा प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३३,२४३ |

## १०६ अस्थायी आवास निर्माणको अनुदान

मिति २०८०।७।१७ गते गएको भुक्म्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माणको लागि पूर्ण रुपले क्षति भएका वा आंशिक क्षति भएतापनि बसोबास गर्न योग्य नरहेको घरपरिवारलाई पहिचान गरी स्थानीय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिले स्वीकृत गरेका परिवारलाई अस्थायी आवास लाभग्राही कायम गरी विपद्‌बाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ को दफा ४(१) मा दफा ३ बमोजिम कायम भएका लाभग्राहीलाई पहिलो किस्ता वापत रु. २५००० र दोस्रो किस्ता वापत रु.२५००० समेत रु. ५०००० अनुदान दिने उल्लेख छ । पालिकाको स्थानीय विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन समितिले पालिका अन्तर्गत ९७८१ जना लाभग्राही स्वीकृत गरेकोमा गत बर्ष र यस बर्ष जिल्ला प्रशासन कार्यालयबाट निम्नानुसारको रकम प्राप्त भई अनुदान भुक्तानी भएको देखिन्छ।

| आर्थिक बर्ष | अनुदा दिएको लाभग्राहिको संख्या | भुक्तानी भएको अनुदान रकम |
|---|---|---|
| २०८०।८१ | ८९६० | २२४०००००० |
| २०८१।८२ | ६७५० | १६८७५०००० |
| **जम्मा** | | **३९२७५००००** |

पालिकाले छनौट गरेको लाभग्राही संख्या ९७८१ रहेको उल्लेख गरेता पनि विपद पोर्टलमा इन्ट्री भएको डाटा अनुसार २०८२।५।१६ सम्म ८१९१ लाभग्राही रहेको देखिन्छ। जस अनुसार विपद पोर्टलमा देखिएको संख्या भन्दा पालिकाले छनौट गरेको संख्या बढी देखिएको सम्वन्धमा पालिकाले केही लाभग्राहिको डाटा विपद पोर्टलमा दोहोरो ईन्ट्रि भएको र केही लाभग्राहिको डाटा ईन्ट्रि गर्न छुट भएको कारण फरक परेको जनाएको छ । पालिकाले राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण र जिल्ला प्रशासन कार्यालयसंग समन्वय गरी दोहोरो अनुदान भुक्तानी नहुने र बास्तविक लाभग्राहिले मात्र अनुदान रकम प्राप्त गर्ने गरी अभिलेखको व्यवस्थापन गर्नुपर्दछ।

जिल्ला प्रशासन कार्यालयबाट आर्थिक बर्ष २०८०।८१ मा रु. २४,६९,७५,००० र २०८१।८२ मा रु. १५,००,००,००० समेत जम्मा रु. ३९,६९,७५,००० प्राप्त भएकोमा रु. ३९,२७,५०,००० अनुदान भुक्तानी भई रु. ४२,२५,००० बाँकी मौज्दात रहेको देखिन्छ ।विपद्बाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ को दफा ५(७) मा अस्थायी आवास अनुदान रकम लिएर आवास निर्माण सम्पन्न नगर्ने लाभग्राही र निजका परिबारलाई नेपाल सरकार वा प्रदेश सरकारबाट उपलब्ध गराइने पुनर्निर्माण तथा अन्य सहुलियत, सेवा सुविधाबाट बञ्चित गराइने साथै, अस्थायी आवास निर्माण बापत लिएको रकम सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख छ ।पालिकाले पहिलो किस्ता लिएर दोस्रो किस्ता नलिएका लभाग्राहिको विवरण तयार नगरेकाले पहिलो किस्ता लिएर अस्थायी आवास निर्माण गरे वा नगरेको सम्वन्धमा एकिन गर्न सकिएन । पालिकाले पहिलो किस्ता लिई दोस्रो किस्ता लिन नआएका लाभग्राहिको सम्वन्धमा एकिन गरी अनुदान लिएको रकमबाट आस्थायी आवास निर्माण गरे नगरेको अनुगमन गरी पहिलो किस्ता लिई अस्थायी आवास निर्माण नगरेका लाभग्राहिबाट भुक्तानी दिएको अनुदान असुलउपर गर्नुपर्दछ ।

१०७ **खर्चको प्रमाण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था छ।पालिकाले देहायवमोजिम खर्च गर्दा खर्चको प्रयोजन समेत नखुलाई देहाय वमोजिम रु. ३,४१,६६० भुक्तानी गरेको छ । प्रयोजन नखलाई भुक्तानी भएको रकमको पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं।मिति | भुक्तानी पाउने | विवरण | रकम |
|---|---|---|---|
| २४२।०८१।९।२९ | श्री भुपेन्द्र बुढाथोकी | वि.पि. फोटो स्टुडियोको १६ टुक्रा विल राखी घरायसी सामान खरिद | २७५००० |
| ८९५।०८२।३।२४ | श्री अनुकुल जनरल स्टोर | मोबाईलका रिचार्ज कार्ड लगायतका विल | ६६६६० |
| जम्मा | | | ३४१६६० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४१,६६० |

१०८ **सभा सञ्चालन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष नगर सभा सञ्चालनका लागि रु १०,००,००० बजेट विनियवजन गरी भत्ता, खाना, खाजा, चिया, नास्ता, ब्याग खरिद तथा स्टेशनरी सामान खरिद लगायतको रु. १०,००,००० खर्च गरेको छ । पालिकाले सभा सञ्चालन पूर्व र पश्चात समेत स्टेशनरी सामान खरिद खरिद गरी खर्च गरेको देखिन्छ ।सभा संचालनको लागि अत्यवश्यक खर्च मात्र भुक्तानी गरी यस्तो खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।

१०९ **बैठक भत्ता**

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ मा कानून बमोजिम गठन भएको समिति वा सञ्चालक समितिको बैठकको लागि कार्यालय समय बाहेकको समयमा सम्पन्न भएको बैठकको मात्र बैठक भत्ता उपलब्ध गराउनुपर्ने र एउटै निकाय र अन्तर्गतको पदाधिकारी वा कर्मचारीमात्र बैठक बसेको भए त्यस्तो बैठकको लागि भत्ता उपलब्ध नहुने, समितिको बैठकमा विषय विज्ञ बाहेकका आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेले बैठक भत्ता नपाउने उल्लेख छ। पालिकाले यस वर्ष कर्मचारी बैठक भत्ताका लागि रु.१३,८०,००० बजेट बिनियोजन गरी रु. १३,७८,४८० खर्च गरेको देखिन्छ। उल्लेखित खर्च गर्दा विभिन्न कार्यक्रम, दिवस, खरिद

कार्य सम्वन्धी निर्णय गर्न बसेको बैठकको बैठक भत्ता भुक्तानी गर्ने गरेको, बैठक सम्बन्धमा भत्ता दिन मिल्ने अधिकतम सहभागी संख्या र बैठक भत्ता भुक्तानीका लागि विषय र मापदण्ड तयार नगरेको, बैठकको लागि विनियोजित बजेट बाहेक अन्य विषयगत कार्यक्रमहरुबाट समेत बैठक बसी खर्च गरेको तथा विभिन्न समिति, शाखा, कार्यक्रम तथा निर्णयको लागि बैठक बसेको हुँदा बैठक सम्बन्धि एकिकृत अभिलेख तयार समेत गरेको देखिएन ।यसवाट पालिकावाट गर्नुपर्ने अनिवार्य सेवा प्रवाहका लागि गरेको कार्यका लगि समेत वैठक भत्ता भुक्तानी भएको देखिन्छ । पालिकाले बैठक भत्ता खर्चलाई नियन्त्रण गरी कार्यालय संचालन तथा सार्वजनिक खर्च मितव्ययी बनाउँनु पर्दछ ।

११० **सवारी साधन मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं.४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं.४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष सवारी साधन मर्मत तर्फ रु. ३६,४०,००० बजेट विनियोजन गरी रु.३६,२६,३८२.५१ खर्च गरेको छ। सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान, मर्मत संभार तथा संरक्षण आवेदन फारम तयार गरेको छैन । तथापी मर्मत संभार तथा संरक्षण अभिलेख खातामा जनाई मर्मत गरेकोमा विगत वर्षदेखी उक्त सामाग्रिमा भएको मर्मतको एकमुष्ठ अभिलेख तयार गरेको छैन भने फेरिएका मालसामान प्राप्त गरी जिन्सी आम्दानी गरेको छैन। नियमावलीमा भएको व्यवस्थाको पालना गरी मर्मत खर्च गर्नुपर्दछ।

१११ **इन्धन खर्च**

पालिकाको १ ब्याक्होलोडर, २ वटा चार पाँग्रे सवारी तथा चालु मोटरसाइकल ४६ रहेकोमा सोको ईन्धनको भुक्तानी गर्दा इन्धन खर्चको मापदण्ड तयार नगरी रु.२५,००,००० बजेट कायम गरी ईन्धन शिर्षकवाट रु.२५,००,००० खर्च गरेको छ। पालिकाले पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड समेत तयार गरेको जनाएतापनी सो मापदण्ड वमोजिम ईन्धन खर्च भएको देखिदैन। पालिकाले प्रत्येक सवारी साधन प्रयोगको लगबुक राखि सम्बन्धित पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा लगबुक अध्यावधिक राखेको पाइएन। इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ।

११२ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष विविधतर्फ रु.२,१३,५३,९३६ बजेट विनियोजन गरी रु.१,१७,०८,४३६ खर्च गरेको देखिन्छ। सो वाहेक सभा संचालनका लागि वर्ष भरीमा रु १०,००,००० खर्च गरेको देखिन्छ । पालिकाको कुल विविध खर्च आन्तरीक आय रु.८४,५१,७९४.४८ को तुलनामा १३८.५४ प्रतिशत रहेको देखिन्छ। पालिकाले वजेट विनियोजन गर्दा वडा कार्यालयको संचालन खर्च समेत विविध खर्च शिर्षकमा समावेश गरेकोले वास्तविक विविध खर्च एकिन गर्न सकिएन। वजेट विनियोजन फरक शिर्षकमा गरी खर्च गर्नु नियम सम्मत देखिएन। वजेट विनियोजन गर्दा सम्वन्धित शिर्षकमा गर्ने र पालिकाको आन्तरिक आय न्युन भएको अवस्थामा विविध खर्च न्युनिकरण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

११३ **तालिम तथा कार्यक्रम सञ्चालन**

तालिम, गोष्ठी, सेमिनार लागायतका कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ। पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थ मन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको नर्म्सको पूर्ण रुपमा पालना गरेको छैन। कार्यक्रम सञ्चालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात भत्ता, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता, सहभागी भत्ता र प्रशिक्षक भत्ता लगायतका खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछ्यौंट गर्ने गरेको छ। पालिकाबाट संचालित एक अर्को कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था

देखिदा कार्यक्रम खर्च मितव्ययी, प्रभावकारी र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रममा भएको खर्चको वास्तविकता समेत पालिकाबाटै पुष्टि गरी खर्चको प्रभावकारीता र यथार्थता एकिन गर्नुपर्ने देखिन्छ।

११४ **दैनिक भ्रमण भत्ता** (१९३, ४८८-2081-12-20):

भ्रमण खर्च नियमावली, २०६४ (संशोधन सहित) को नियम ७ को उपनियम (१) बमोजिम सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालयभन्दा बाहिर भ्रमणमा वा काजमा खटीएका पदाधिकारी वा कर्मचारीले तोकिएको दरमा दैनिक भत्ता पाउने, उपनियम (४) मा कार्यालय पुगेको दिनको उपनियम (१) बमोजिम पाउने दैनिक भत्ताको पच्चिस प्रतिशत रकम मात्र भुक्तानी पाउने र उपनियम (११) मा भ्रमणमा रहि दैनिक भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता वा कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ। तर नमुना परीक्षणको रुपमा कार्यालयको श्रेस्ता परीक्षण गर्दा कार्यालयले निम्न कर्मचारीहरुलाई दैनिक भ्रमणमा रही दैनिक भत्ता उपभोग गरेको अवस्थामा पुन स्थानीय भत्तासमेत भुक्तानी गरेको छ। पालिकाले दैनिक भ्रमण भत्ता भुक्तानीमा स्थानीय भत्ता कट्टा नगरेकोले निम्न कर्मचारी तथा पदाधिकारीहरुबाट असुल गर्नुपर्ने रु.

| गो. भौचर नं. | भुक्तानी लिनेको नाम | भ्रमण अवधि | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| ५८-२०८१।६।२३ | श्री बलवीर विक | २०८१।४।२-८ | १०००० | ८१६७ | १८३३ |
| ५८-२०८१।६।२३ | | २०८१।५।१६-२२ | ११००० | ९१६७ | १८३३ |
| ५८-२०८१।६।२३ | | २०८१।६।१४-२० | १२००० | १०१६७ | १८३३ |
| ६३-२०८१।७।२६ | श्री पुष्पराज गौतम | २०८१।६।१८-२५ | १४५०० | १३५४४ | ९५६ |
| ६३-२०८१।७।२६ | | २०८१।६।७-१५ | १८००० | १५८५२ | २१४८ |
| ६३-२०८१।७।२६ | | २०८१।६।१-६ | १४३०० | १३३३६ | ९६४ |
| ६३-२०८१।७।२६ | श्री चन्द्र बहादुर पुन | २०८१।६।१८-२३ | १३५०० | ११९६० | १५४० |
| ६३-२०८१।७।२६ | | २०८१।६।१०-१४ | १३३८० | १२१३३ | १२४७ |
| ६३-२०८१।७।२६ | | २०८१।६।१-६ | १२००० | १०४६० | १५४० |
| ६३-२०८१।७।२६ | श्री गणेश शर्मा ढकाल | २०८१।६।१०-१४ | १०१२० | ९३३९ | ७८१ |
| ६३-२०८१।७।२६ | | २०८१।६।१-६ | १२१०० | ११९३५ | ९६५ |
| ४८८-२०८२।३।२१ | | २०८१।१२।२९-१।३ | ९६०० | ८०६० | १५४० |
| ६३-२०८१।७।२६ | श्री चेतना केसी | २०८१।६।१-६ | १२१०० | ११२९५ | ८०५ |
| १९३-२०८१।१२।२० | | २०८१।१०।२०-२५ | १२७०० | ११८९५ | ८०५ |
| ४८८-२०८२।३।२१ | | २०८१।१२।२९-१।३ | ९६०० | ८०६० | १५४० |
| ६७-२०८१।७।२७ | श्री चेतना जैसी | २०८१।६।१-६ | १२१०० | ११२९५ | ८०५ |
| १९३-२०८१।१२।२० | | २०८१।१०।२०-२५ | १२७०० | ११८९५ | ८०५ |
| ४८८-२०८२।३।२१ | | २०८१।१२।२९-१।३ | ९६०० | ८०६० | १५४० |
| ६७-२०८१।७।२७ | श्री प्रभात सुवेदी | २०८१।६।१-६ | १३००० | ११४६० | १५४० |
| १९३-२०८१।१२।२० | श्री करुणा खड्का मगर | २०८१।१०।२०-२५ | १२७०० | ११८९५ | ८०५ |
| ४८८-२०८२।३।२१ | | २०८१।१२।२९-१।३ | ९६०० | ८०६० | १५४० |
| १९३-२०८१।१२।२० | श्री टिकाराम विक | २०८१।१०।२०-२५ | १६७०० | १५७४० | ९६० |
| ४८८-२०८२।३।२१ | | २०८१।१२।२९-१।३ | ९६०० | ८०६० | १५४० |
| ६३-२०८१।७।२६ | | २०८१।६।१-६ | १२१०० | ११२९५ | ८०५ |
| १९३-२०८१।१२।२० | श्री प्रविण खत्री | २०८१।१०।२०-२५ | १६७०० | १५७४० | ९६० |
| १७९-२०८२।१।२६ | श्री पुर्ण बहादुर गुरुङ | २०८१।११।२६-१२।३ | १०००० | ८८५२ | ११४८ |
| १७९-२०८२।१।२६ | श्री मणिराम पोखरेल | २०८१।११।२६-१२।३ | १०००० | ८०९० | १९१० |
| ४८८-२०८२।३।२१ | | २०८१।१२।२९-१।३ | ९६०० | ७८७५ | १७२५ |
| ४८८-२०८२।३।२१ | श्री वरजंग चन्द | २०८१।१२।२९-१।३ | ९६०० | ८०६० | १५४० |
| जम्मा | | | | | ३७,९५३ |

| असुल गर्नुपर्ने | ३७,९५३ |
|---|---|

११५ **पदाधिकारीलाई यातायात र खाना खर्च**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन,२०७७ वमोजिम पदाधिकारीलाई पालिकाका बैठकमा सहभागी हुँदा खाना र यातायात खर्च नगद भुक्तानी दिने सम्बन्धि व्यवस्था रहेको छैन।त्यस्तै ऐन वमोजिम बैठकमा सहभागी भएको पदाधिकारीलाई मासिक ३ वटा भन्दा बढीको बैठक भत्ता भुक्तानी दिन नमिल्ने व्यस्था छ।पालिकाले देहायवमोजिम सभा संचालन गरी बैठकमा बैठक भत्ता, यातायात र खाना खर्च नगद भुक्तानी गरेको देखिन्छ । यसरी सभामा सहभागिहरुलाई वैठक भत्ताका अतिरिक्त समेत थप यातायात तथा खाना तथा खाजा खर्च समेत भुक्तानी गरेको छ । पालिकाले सभा संचालन गर्दा मितव्ययी तवरवाट खर्च गर्नुपर्नेमा सो गरेको देखिएन । पालिकाले सभा संचालन खर्चलाई मितव्ययी तवरवाट गर्नुपर्ने देखिन्छ ।

| गो.भौ.नं। मिति | व्यवहोरा | कुल खर्च |
|---|---|---|
| ७२८। ०८२। ३।१४ | २०८१ पौष २८ गते १५औं नगरसभाको बैठकमा रोजगार सहायक किरण थापालाई हिउदैं नगर सभा संचालन वापत रु.३८४९००।००सोधभर्ना दिएकोमा ६८ जना पदाधिकारीहरुलाई रु.१९३८००।०० बैठक भत्ता, रु.४९३००।००यातायात र रु.५४४००।०० खाना खर्च भरपाईबाट लेखिएकोमा यातायात र खाना खर्च रु.१०३७००।०० भुक्तानी | ३८४९०० |
| ८७१। ०८२। ३।२३ | २०८२ असार ९ र १० गते १६औं नगरसभाको बैठकमा रोजगार सहायक किरण थापालाई नगर सभा संचालन वापत रु.६२९१००।००सोधभर्ना दिएकोमा ६६ जना पदाधिकारीहरुलाई रु.१८००००।०० बैठक भत्ता, रु.४१७००।००यातायात र रु.४८०००।०० खाना खर्च भरपाईबाट लेखिएकोमा यातायात र खाना खर्च र अन्य विभिन्न खर्च भुक्तानी। | ६२९१०० |
| जम्मा | | १०००००० |

११६ **वडास्तरीय योजनाको अनुगमन भत्ता** (८०७-2082-03-21):

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन,२०७७ बमोजिम पदाधिकारीलाई अनुगमन वापत वडा अध्यक्षलाई रु.८०००, कार्यपालिका सदस्यलाई रु.५००० र वडा सदस्यलाई रु.२५०० सोव सुविधामै समावेश गरी मासिक रुपमा भुक्तानी दिने व्यवस्था छ।त्यस्तै कर्मचारीलाई भ्रमण खर्च नियमावलिको भ्रमण खर्च वाहेक अनुगमन भत्ता दिने व्यवस्था छैन । पालिकाले वडा नं १ का वडा सचिव हेमन्त बुढा मगरलाई वडा संचालन खर्च संगै अनुगमन भत्ता भनी रु.५०,००० भुक्तानी दिएको छ। वडा सचिवले पदाधिकारी तथा कर्मचारीको नाम राखी भरपाई वेगर अनुगमन भत्ता भुक्तानी लिएकोले पालिकाले यकिन गरी अनुगमन भत्ता(कर कट्टी पछि) सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४२,५०० |
|---|---|

११७ **कर्मचारी फिल्ड भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको शिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपयोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड, बैठक भत्ता, तालिम भत्ता, सहभागी भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था रहेको छ। त्यस्तै,अर्थमन्त्रालयको मिति २०७१।४।२ को नयाँ तलबमान,सुविधा सम्बन्धी परिपत्र बमोजिम फिल्डमा अर्थात गाउँ गाउँमा बसि काम गर्ने नापि टोली, कृषि जे.टि, जे.टि.ए जस्ता कर्मचारी, तथ्याङ्क विभागका तथ्याङ्क लिने टोली, जिल्ला सहकारी कार्यालयका फिल्डमा कार्य गर्ने कर्मचारी,विद्यालय निरिक्षक, मातृ स्वास्थ्य कार्यकर्ता, अदालतका तामेलदार, अमिन जस्ता कर्मचारीहरुले मात्र फिल्ड भत्ता पाउने उल्लेख छ।नगरपालिकाले कार्यविधि समेत नबनाई देहायवमोजिमका प्राविधिक कर्मचारीहरुलाई फिल्डमा खटाएको समयमा दैनिक भ्रमण भत्ता भुक्तानी हुँदै आएकोमा फिल्ड भत्ता समेत भुक्तानी भएकोले दोहोरो भुक्तानी भएको देखिन्छ।फिल्ड भत्ता वापतको भुक्तानी रु.१२३६०००।०० सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु.

| क्र.सं. | नाम र पद | अवधि (महिना) | दर | फिल्ड भत्ता रकम |
|---|---|---|---|---|
| **स्थायी तर्फ** | | | | |
| १. | स.ई श्री पिटर यादव | १२ | ९००० | १०८००० |
| २. | स.ई श्री विशाल गिरी | १२ | ९००० | १०८००० |
| ३. | अ.स.ई श्रीसान्त कुमार यादव | १२ | ८००० | ९६००० |
| ४. | अ.स.ई श्री मदन गिरी | १२ | ८००० | ९६००० |
| ५. | अ.स.ई श्री सुरेन्द्र रावल | १२ | ८००० | ९६००० |
| ६. | अ.स.ई श्री नविन सिंह | १२ | ८००० | ९६००० |
| ७. | अमिन श्री कमल ढुंगाना | १२ | ८००० | ९६००० |
| **करार तर्फ** | | | | |
| ८. | ई. श्री उमेश खड्का | १२ | ११००० | १३२००० |
| ९. | स.ई. श्री प्रविण खत्री | १२ | ९००० | १०८००० |
| १०. | स.ई श्री पुष्प राज गौतम | १२ | ९००० | १०८००० |
| ११. | अ.स.ई श्री गणेश खत्री | १२ | ८००० | ९६००० |
| १२. | अ.स.ई श्री भगवती जैसी | १२ | ८००० | ९६००० |
| जम्मा | | | | १२३६००० |

| असुल गर्नुपर्ने | १२,३६,००० |
|---|---|

११८ **मासिक समिक्षा बैठकको माइन्युट** (९३१-2082-03-25):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था छ।स्वास्थ्य संस्थाहरुको नियमित मासिक समिक्षाको बैठकमा सहभागीहरुलाई यातायात वापत मोहन खड्कालाई रु.१,१८,००० भुक्तानी भएको छ।पालिकाले स्वास्थ्य संस्थाहरुको मासिक समिक्षा बैठकमा सहभागीहरुलाई यातायात खर्च भनि मोहन खड्का मार्फत देहाय वमोजिमका कर्मचारीलाई रु.१,१८,००० भुक्तानी गरेकोमा बैठकको माईन्युट, बैठक संख्या खुल्ने आवश्यक कागजात वेगर एकै व्यक्तिलाई रु.७५,००० सम्म भरपाई गरी वुझाएको देखिन्छ।उल्लेखित यातायात खर्च भुक्तानी गर्नुपर्ने आधार र समिक्षा बैठकको माइन्युट पेश गर्नुपर्ने रु.

| क्र.सं. | नाम र पद | महिना | रकम |
|---|---|---|---|
| १ | अ.हे.व. श्री मोतिराम विष्ट | ६ | १४००० |
| २ | अ.हे.व. श्री सागर खत्री | ६ | ४००० |
| ३ | ज.स्वा.नी श्री सम्झना घर्ति मगर | ६ | ४००० |
| ४ | ज.स.नी. श्री हेमा पुन | ६ | ४००० |
| ५ | अ.हे.व. श्री निमा सिंह | ६ | ५००० |
| ६ | ज.स्वा.नी श्री भुपेन्द्रराज गिरी | ६ | ७००० |
| ७ | अ.न.मी. श्री राजु चन्द | ६ | ५००० |
| ८ | अ.हे.व. श्री मिलन कुमार चन्द | ६ | ५००० |
| ९ | अ.हे.व. श्री प्रकाश नेपाली | ६ | ७५००० |
| १० | सि.अ.हे.व श्री राम बहादुर वटला | ६ | ३००० |
| ११ | अ.हे.व. श्री सरस्वती खत्री | ६ | ४५०० |
| १२ | अ.हे.व. श्री सुभाष सिंह | ६ | ७००० |
| १३ | अ.हे.व. श्री टेक बहादुर गुरुङ | ६ | ७५०० |
| १४ | अ.हे.व. श्री जनक बहादुर वोहोरा | ६ | ८५०० |
| १५ | सि.अ.हे.व श्री राम प्रसाद जैसी | ६ | ५५०० |
| १६ | ज.स्वा.नी श्री डिल्ली राज खड्का | ६ | ७५०० |
| १७ | अ.न.मी श्री चन्दा शाही | ६ | १२००० |
| १८ | सि.अ.हे.व श्री नरेन्द्र बहादुर ध्यार | ६ | ७००० |
| जम्मा | | | ११८००० |

| प्रमाण पेश नगरेको | १,८५,५०० |
|---|---|

११९ **महोत्सव खर्च**

स्थानीय सरकार संचालन ऐन,२०७४ ले मेला,जात्रा,सांस्कृति लगायत कार्यमा आर्थिक सहायता दिने व्यवस्था गरेको छैन।पालिकाले मेला महोत्सव भनी विभिन्न विलका आधारमा देहायवमोजिमको सहायत उपब्ध गराएकोले यस्तो खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.नं।मिति | भुक्तानी पाउने | विवरण | सहायता रकम |
|---|---|---|---|
| ३५७।०८१।११।१९ | वडा सचिव नविन सिंह | माघी मेला कार्यक्रममा विभिन्न विल र भरपाई पेश। | १५०००० |
| ३५८।०८१।११।१९ | कैना मेला व्यस्थापन उ.स. | मेलामा पुरस्कार वितरणको भरपाई पेश। | २००००० |
| ९७।०८२।०१।१० | राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल | विभिन्न विल पेश। | ५००००० |

१२० **पदाधिकारीलाई दोहोरो भुक्तानी** (१०१८-2082-03-32):

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धित ऐन,२०७७ को दफा ५ को अनुसूची-१ वमोजिम निर्वाचित पदाधिकारीलाई सेवा सुविधामै मासिक रुपमा अतिथि सत्कार तथा विविध खर्च भनि मासिकरुपमा सुविधामा समावेश गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले नगर प्रमुख श्री डम्बर बहादुर रावतलाई मासिक रुपमा सुविधा भुक्तानी गरि सकेको अवस्थामा

अतिथि सत्कार वापत छुट्टै रु.१,००,००० भुक्तानी दिएको छ।अतिथि सत्कार तथा विविध खर्च सुविधामै मासिक रुपमा भुक्तानी गरेको अवस्थामा विभिन्न विल पेश गरेको आधारमा थप रकम भुक्तानी दिदा दोहोरो सुविधा भुक्तानी भएकोले उक्त रकम सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

१२१ **बिल वेगर भुक्तानी** (११०-2081-08-10):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था छ।पालिकाले वडा नं ९ का वडा सचिव छविलाल नेपालीलाई भाद्र पूर्णिमा कार्यक्रममा खाजा र खाना खुवाए वापत रु.७०,००० भुक्तानी लिएको छ।खाजा र खानाको विल पेश नगरी निवेदनमा खाजा र खाना खुवाएको भरपाईबाट भुक्तानी गरेको सम्वन्धमा खर्च पुस्टि हुने आधार सहित विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७०,००० |

१२२ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले निम्नानुसारको भुक्तानीमा जोडजम्मा फरक पारी रु.१,५४,३९० बढी भुक्तानी गरेको छ । बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| गो.भौ.नं।मिति | भुक्तानी पाउने | विवरण | बढी भुक्तानी |
|---|---|---|---|
| १६८।०८१।९।८ | आरभ मोर्टस प्रा.लि. | मोटरसाईकल मर्मत गर्दा रु.६२२६७।०० भुक्तानी हुनुपर्नेमा रु.८५०००।०० भुक्तानी भएको | २२७३३ |
| १९५।०८१।९।२४ | विपिन ईलेक्ट्रिक एण्ड ईलेक्ट्रोनिक सप्लायर्स | कार्यालय तथा मसन्द सामाग्री खरिद गरेको रु.२८२६६०।०० विल पेश गरी रु.३५४७३०।०० भुक्तानी लिएको | ७२०७० |
| ९३८।०८२।३।२५ | विपिन ईलेक्ट्रिक एण्ड ईलेक्ट्रोनिक सप्लायर्स | ईलेक्ट्रोनिक्स सामाग्री खरिदमा रु.२०६६१८।०० भुक्तानी हुनुपर्नेमा रु.२६६२०५ भुक्तानी लिएको | ५९५८७ |
| जम्मा | | | १५४३९० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५४,३९० |

१२३ **चार्डपर्व खर्च बढी भुक्तानी** (३१-2081-06-22):

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन,२०७७ को दफा १० को अनुसूची-२ बमोजिम पदाधिकारी तथा सदस्यले वर्षको एक पटक रु.१५,००० का दरले चार्डपर्व खर्च पाउने व्यवस्था छ।पालिकाले श्रावण देखि असोज र चाडपर्व खर्चसमेत ४ महिनाको पदाधिकारी सुविधा रु.२९,७०,००० दिएको छ।ऐन वमोजिम प्रत्येक पदाधिकारीलाई वर्षको एक पटक रु.१५,००० दरले चाडपर्व खर्च भुक्तानी गर्नुपर्नेमा मासिक सुविधालाईनै चाडपर्व खर्च राखि २०८१ श्रवाण देखि असोज सम्म ३ महिना र चाडपर्व खर्च समेत ४ ले गुणान गरी भुक्तानी दिदा देहायवमोजिका पदाधिकारीलाई चार्डपर्व सुविधामा रु.१,५४,५०० बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने रु.

| क्र.सं | पदाधिकारीको नाम र पद | चाडपर्व खर्च भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | नगर प्रमुख श्री डम्बर बहादुर रावत | ४६००० | १५००० | ३१००० |
| २. | वडाध्यक्ष श्री धन बहादुर महर | २४५०० | १५००० | ९५०० |
| ३. | वडाध्यक्ष श्री पुर्ण बहादुर खत्री | २४५०० | १५००० | ९५०० |
| ४. | वडाध्यक्ष श्री कौशी बहादुर विष्ट | २४५०० | १५००० | ९५०० |
| ५. | वडाध्यक्ष श्री बद्रि पन्त | २४५०० | १५००० | ९५०० |
| ६. | वडाध्यक्ष श्री ओम वली | २४५०० | १५००० | ९५०० |
| ७. | वडाध्यक्ष श्री विरेन्द्र खड्का | २४५०० | १५००० | ९५०० |
| ८. | वडाध्यक्ष श्री कृष्ण गिरी | २४५०० | १५००० | ९५०० |
| ९. | वडाध्यक्ष श्री तेज बहादुर सिंह | २४५०० | १५००० | ९५०० |
| १०. | वडाध्यक्ष श्री भविन्द्र बहादुर सिंह | २४५०० | १५००० | ९५०० |
| ११. | वडाध्यक्ष श्री अनिता रोका | २४५०० | १५००० | ९५०० |
| १२. | वडाध्यक्ष श्री लाल बहादुर बाँनिया | २४५०० | १५००० | ९५०० |
| १३. | वडाध्यक्ष श्री मोहन बहादुर खत्री | २४५०० | १५००० | ९५०० |
| १४. | वडाध्यक्ष श्री सेतु गिरी | २४५०० | १५००० | ९५०० |
| जम्मा | | | | १५४५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५४,५०० |

१२४ **करार कर्मचारीलाई स्थानीय र महंगी भत्ता**

नेपाल सरकारको मन्त्रिपरिषदको मिति २०७४।१।३१ को निर्णय वमोजिम मिति २०७४।१।२५ को पत्रबाट २०७४।७५ बाट लागु हुने गरी करार कर्मचारीको सेवा सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था छ। साथै अर्थ मन्त्रालयको २०७९।१।२३ को पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार र अन्य करारका कर्मचारीलाई मंहगी भत्ता उपलब्ध गराउन नसकिने उल्लेख छ।पालिकाले देहायवमोजिमको कर्मचारीलाई करारमा नियुक्त गरी स्थानीय भत्ता र मंहगी भत्ता भुक्तानी गरेकोले परिपत्र विपरितको भुक्तानी भएको रु.३,९१,७३२ सम्बन्धि कर्मचारीहरुबाट असुल गर्नुपर्ने रु.

| नाम र पद | स्थानीय भत्ता | मंहगी भत्ता | जम्मा |
|---|---|---|---|
| डा. श्री विशाल उप्रेती | २६२१३२ | २४००० | २८६१३२ |
| अधिकृत छैठो श्री केशव थापा | १०५६०० | ० | १०५६०० |
| जम्मा | | | ३९१७३२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९१,७३२ |

१२५ **गतविगतको छुट तलब भुक्तानी** (९१४-2082-03-05):

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।त्यस्तै,आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। आधारभूत तह कक्षा ६-८ को आ.व.२०७९।८० को छुट हुन गएको अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोगी अनुदान वापत

११ वटा विद्यालयहरुलाई रु.११,६०,८८०।- भुक्तानी गरेको छ।उल्लेखित तलब भुक्तानी गर्दा विगतमा छुट भएको यथेष्ट प्रमाण संलग्न गरेको छैन।पालिकाले यस्तो रकम भुक्तानी गर्दा दोहोरो भुक्तानी नहुने सुनिश्चिता गरी भुक्तानी बाँकीको कच्चावारी संलग्न गरी भुक्तानी गर्ने व्यवस्था गर्नु पर्दछ।

१२६ **पारिश्रमिक कर**

आयकर ऐन¸ २०५८ को दफा ८(१) मा कुनै आय वर्षमा रोजगारीवाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नु पर्ने र सोहि ऐनको दफा ८(२) मा रोजगारीवाट प्राप्त पारिश्रमिक गणनामा ज्याला, तलब, विदाको रकम, अतिरिक्त समय काम गरे वापतको रकम, शुल्क, कमिसन, पुरस्कार, उपहार, वोनस लगायतका कुराहरु समावेश गर्नुपर्ने व्यवस्था छ।ऐनमा भएको व्यवस्था बमोजिम पारिश्रमिक लगायत विभिन्न भत्ता रकमलाई समेत आयमा समावेश गरी वार्षिक आयकर लाग्ने सिमाको आधारमा पारिश्रमिक कर कट्टी गर्नुपर्नेमा पालिकाले देहायवमोजिम कर्मचारीहरुको कर गणना नगरी सामाजिक सुरक्षा कर कट्टी गरी भुक्तानी देखिएकोले उक्त परिश्रमिक कर रु.१९३३९९।०० सम्बन्धित कर्मचारीहरुबाट असुल गर्नुपर्ने रु.

| क्र.सं. | नाम र पद | बार्षिक तलब | अन्य भत्ता | जम्मा आय | अवकास कोष कट्टी तथा दुर्गम छुट रकम | करयोग्य आय | जम्मा कर | कटीगरेको कर | घटी कर |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | डा.श्री विशाल उप्रेती | ५७७९५७ | ९५६२६८ | १५३४२२५ | ५०००० | १४८४२२५ | २०१२६७ | १५३४२ | १८५९२५ |
| २. | अ.छैठौ श्री भेषजंग शाह | ७०८०३२ | १२९६०० | ८३७६३२ | १३९१२६ | ६९८५०६ | १५८५० | ८३७६ | ७४७४ |
| जम्मा | | | | | | | | | १९३३९९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९३,३९९ |

१२७ **पदाधिकारी बैठक भत्ता**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन,२०७७ को दफा ११ बमोजिम पदाधिकारी तथा सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा स्थानीय तहको अन्य कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूची-२ बमोजिमको रु.१५०० का दरले बैठक भत्ता पाउने र एक महिनामा तीनवटा भन्दा बढी बैठकको भत्ता भुक्तानी गर्न नमिल्ने उल्लेख छ।पालिकाले भौचर नं ८७१,७२८,९३५,७०५,६२४,७२७,३३१,९८ ,४०३ र वडा समितिको बैठक समेत गरी देहायवमोजिका पदाधिकारीहरुलाई वार्षिक ३६ वटा बैठकको भत्ता भुक्तानी हुनुपर्नेमा पालिकाले ऐनमा भएको व्यस्था भन्दा बढी बैठक भत्ता भुक्तानी गरेकोले तोकिएको भन्दा बढी बैठक भत्ताको भुक्तानी भएको रु.८५८५० सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्नेरु.

| क्र.सं. | पदाधिकारीको नाम र पद | बैठक भत्ता | | | | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी (कर कट्टीपछि) |
|---|---|---|---|---|---|---|---|---|
| | | बैठक संख्या | दर | बैठक संख्या | दर | | | |
| १ | नगर प्रमुख डम्बर श्री बहादुर रावत | ४२ | १५०० | ३४ | १००० | ९७००० | ५४००० | ३६५५० |
| २ | नगर उप प्रमुख श्री देवका लामिछाने | २० | १५०० | २८ | १००० | ५८००० | २७००० | २६३५० |
| ३ | वडा नं १ वडाध्यक्ष श्री धन बहादुर महर | ३१ | १५०० | १४ | १००० | ६०५०० | ४८००० | १०६२५ |
| ४ | वडा नं २ वडाध्यक्ष श्री पुर्ण बहादुर खत्री | २५ | १५०० | १४ | १००० | ५१५०० | ४८००० | २९७५ |
| ५ | वडा नं ३ वडाध्यक्ष श्री कौशी बहादुर बिष्ट | २६ | १५०० | १५ | १००० | ५४००० | ४८००० | ५१०० |
| ६ | वडा नं ७ वडाध्यक्ष श्री कृष्ण बहादुर गिरी | २६ | १५०० | १४ | १००० | ५३००० | ४८००० | ४२५० |
| जम्मा | | | | | | | | ८५८५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५,८५० |

१२८ **वजेट निर्माण प्रोत्साहन भत्ता** (९५८-2082-03-25):

निजामति सेवा नियमावली,२०५० तथा स्थानीय सरकार संचालन ऐन,२०७४ अनुसार कर्मचारीलाई प्रोत्साहन भत्ताको व्यवस्था गरेको छैन।त्यस्तै, नगरपालिकाले प्रोत्साहन भत्ता सम्बन्धित कुनै कानूनी व्यस्था गरेको छैन।पालिकाले ५ जना कर्मचारीहरुलाई कार्यपालिकाको निर्णय वमोजिम वजेट निर्माण कार्यका लागि १ महिनाको पारिश्रमिक बरावरले हुने रु १,९५,५०८ प्रोत्साहन रकम भुक्तानी गरेको देखिन्छ । यसरी आन्तरीक आय न्युन भएको अवस्थामा निर्णयगरी थप भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | १,९८,५०८ |

१२९ **पदाधिकारी भ्रमण खर्च** (९०-2082-03-25):

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७७ वमोजिम सरकारी कामकाजको लागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र दैनिक भ्रमण भत्ता उपलब्ध गराईने उल्लेख छ।पालिकाले पदाधिकारी भ्रमण वापत कार्यालय सहयोगी जय बहादुर परियारलाई रु.२,४०,२९०।- भुक्तानी गरेको मध्ये देहायवमोजिमका पदाधिकारीको जिल्ला भित्रको भ्रमणको भ्रमण खर्च रु.१,२४,०००।- भुक्तानी गरेको देखिन्छ । ऐन बमोजिम जिल्ला भित्र भ्रमण गरेकोमा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी दिन मिल्ने नदेखिएकोले उक्त रकम रु.१,२४,०००।- सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने रु.

| क्र.स. | पदाधिकारी नाम र पद | भ्रमण स्थान | मिति | भ्रमण खर्च |
|---|---|---|---|---|
| १. | नगर उपप्रमुख श्री देवका लामिच्छाने | खलंगा | २०८२।२।२९-३।२ | ४०००० |
| | | वडा नं ५र६ | २०८२।२।१३-१५ | |
| | | वडा नं ३ र ६ | २०८२।२।१६-२० | |
| | | वडा नं ११ र २ | २०८२।२।२४-२८ | |
| | | वडा नं११,१२ र १३ | २०८२।३।१४-१८ | |
| | | वडा नं ५ र ६ | २०८२।३।१९-२३ | |
| २. | वडाध्यक्ष श्री कृष्ण बहादुर गिरी | वडा नं ७ | २०८२।१।१०-१६ | २६००० |
| | | | २०८०।११।२-८ | |
| ३. | वडाध्यक्ष श्री सेते गिरी | वडा नं १३ | २०८२।२।१९-२५ | ८००० |
| ४. | वडाध्यक्ष श्री भविन्द्र बहादुर सिंह | वडा नं ९ | २०८२।२।१२-१८ | १०००० |
| ५. | वडाध्यक्ष श्री पूर्ण बहादुर खत्री | वडा नं ११ | २०८२।१।१२-१८ | ८००० |
| ६. | का.पा.सदस्य श्री सरिता बादि | वडा नं१०,११ र १२ | २०८२।१।१२-१८ | ८००० |
| ७. | वडा सदस्य श्री प्रकाश शर्मा | वडा नं ७ | २०८२।१।१५-२१ | ८००० |
| ८. | का.पा.सदस्य श्री सरिता शाही | वडा नं ११,१२ र १३ | २०८२।२।१९-२५ | ८००० |
| ९. | का.पा.सदस्य श्री मन माया घर्ती | सिंचाई अनुगमन | २०८२।३।१५-१८ | ८००० |
| जम्मा | | | | १२४००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२४,००० |

१३० **टुक्रा पारी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(क२) मा पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको मर्मत संभार कार्य सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै फर्मसंग सोझै खरिद गर्न नसकिने व्यवस्था छ।पालिकाले यो बर्ष एउटै फर्म संग पटक पटक गरी सीमा भन्दा बढी रकमको मर्मत संभार कार्य सोझै खरिद गरेको

देखिन्छ । पालिकाले एउटै फर्मसंग पटक पटक गरी सीमा भन्दा बढी रकमको सोझै खरिद कार्य गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं.।मिति | भुक्तानी पाउने | विवरण | रकम |
|---|---|---|---|
| विभिन्न | रियाज अटो पार्टस | गाडी मर्मत र सामाग्री खरिद | २०००१८६ |
| जम्मा | | | २०००१८६ |

| | |
|---|---|
| अनियमित भएको | २०,००,१८६ |

१३१ **नगर प्रमुख खेलकुद तथा राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम**

(गो.भौ.नं.६१-०८१।१२।०३) मिति २०८१ माघ १६ देखि २० गतेसम्म छैठौं नगर प्रमुख खेलकुद प्रतियोगिता,२०८१ संचालन गरे वापत अधिकृत सातौं बलबीर बि.क.लाई रु.१०,८४,०००।- भुक्तानी गरेको छ।यस सम्वन्धमा देखिएका बेहोराहरु देहाय बमोजिम छनः

१३१.१ **भ्रमण खर्च :** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७७ वमोजिम सरकारी कामकाजको लागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र दैनिक भ्रमण भत्ता उपलब्ध गराईने छ।पालिकाभित्र नगर प्रमुख खेलकुद प्रतियोगितामा सहभागी भएका निम्नानुसार पदाधिकारीहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी गरेको देखियो।पालिकाले ऐन विपरित पदिाधकारीलाई भुक्तानी गरेको भ्रमण खर्च रु.२१,२५०।- सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र.सं | पदाधिकारी/ कर्मचारी | भ्रमण गरेको स्थान | भ्रमण खर्च | कैफियत |
|---|---|---|---|---|
| १. | नगर प्रमुख श्री डम्बर बहादुर रावत | वडा नं ४ | १०६२५ | खेलकुदमा सहभागी भ्रमण खर्च |
| २. | नगर उपप्रमुख श्री देवका लामिछाने | वडा नं ४ | १०६२५ | खेलकुदमा सहभागी भ्रमण खर्च |
| जम्मा | | | २१२५० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,२५० |

१३१.२ **विल भरपाई** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था छ।पालिकाले छैठौं नगर प्रमुख खेलकुद प्रतियोगिता,२०८१ संचालन गर्दा सहभागी भएका विद्यालयका शिक्षकहरुलाई विल भरपाई वेगर नगद वितरण गरेको भरपाई पेश गरेको छ।पालिकाले देहायवमोजमका शिक्षकहरुलाई रु. ६,४०,०००।- नगद वितरण गर्दा विल भरपाई र प्रमाण कागजात पेश नभएकोले विल भरपाई पेश गर्नुपर्ने रु.

| क्र.सं. | बुझिलिनेको नाम र पद | विद्यालयको नाम | रकम |
|---|---|---|---|
| १. | श्री किशोर कुमार शाही | श्री भानुभक्त मा.वि. लहँ | १५०००० |
| २. | श्री पुर्ण बहादुर गुरुङ्ग | श्री वीरेन्द्रहिमालय मा.वि. तल्लु | ६०००० |
| ३. | श्री बीरेन्द्रमान श्रेष्ठ | श्री नेपाल राष्ट्रिय मा.वि. अवलगर्ता | ६०००० |
| ४. | श्री टंक ध्यार | श्री तपोभुमि मा.वि. ध्यारगाउँ | ६०००० |
| ५. | श्री मित्रलाल घिमिरे | श्री त्रिभुवन मा.वि. ताँत्र | ६०००० |
| ६. | श्री योगेन्द्रराज आर सी | श्री त्रिभुवन मा.वि. दल्ली | ५०००० |
| ७. | श्री चेतराज शाही | श्री जुनीबाल संरक्षण मा.वि. सिर्के | ५०००० |
| ८. | श्री जनक प्रसाद शर्मा | श्री जानकी मा.वि. मैदे | ५०००० |
| ९. | श्री नरेन्द्र कुमार के.सी. | श्री पञ्चभयार मा.वि. जिकुवा | ५०००० |
| १०. | श्री नर बहादुर शाही | श्री सूर्योदय मा.वि. कैना | ५०००० |
| जम्मा | | | ६४०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४०,००० |

१३१.३ बहाल कर

आयकर ऐन,२०५८ को दफा ८८(५) वमोजिम सवारी साधन भाडामा लिदां १० प्रतिशत बहाल कर लगाउनु पर्ने व्यवस्था छ। पालिकाले छैठौं नगर प्रमुख खेलकुद प्रतियोगिता संचालन वापत गाडी रु.२१०००।०० भुक्तानी गर्दा नियमानुसार लाग्ने बहाल कर रु.२१००।०० कट्टी नगरे बहाल कर अधिकृत सातौं बलबीर बि.क.बाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१०० |

## १३२ जिन्सी दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५ को उपनियम १ वमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनु पर्ने उल्लेख छ।त्यस्तै,पाम्समा भएको म.ले.प.फा. ४०१,४०२ र ४०३ वमोजिम जिन्सी सामानहरुको माग फारम, खरिद आदेश र जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था छ।पालिकाले निम्नानुसारका सामानहरु माग फारम, खरिद आदेश र जिन्सी दाखिला वेगर विलको आधारमा भुक्तानी दिएकोले जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं.।मिति | भुक्तानी पाउने | विवरण | रकम (मू.अ.करसहित) |
|---|---|---|---|
| ५६।०८१।७।१२ | रिजाल ईन्फोसिस | ब्यक्ट्रि २ थान र म्यक्रोटिक्स १ थान | ९६००० |
| २१०।०८१।९।२६ | भेरि खबर मिडिया प्रा.लि. | ईन्भटर १थान, ब्यक्ट्रि १ थान र ल्याप्टप २ थानको कोनाल डिजिटल हब प्रा.लि.को विल राखी भुक्तानी | ३५०००० |
| जम्मा | | | ४४६००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४६,००० |

१३३ **बढी तलब भुक्तानी**

पालिकाबाट प्राप्त जानकारी अनुसार नलगाड गरपालिकाको वडा नं ३ को वडा कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत ललित विष्टले मिति २०८०।१२।३० मा सो पदबाट वडा कार्यालयमा राजिनामा गरेको र राजीनामा गरीसकेपछि पनि निजलाई २०८१ को बैशाख, जेठ र असार महिनाको तलबभत्ता प्रतिमहिना रु. १८,५०० का दरले रु. ५५,५०० भुक्तानी भएकोले सो सम्बन्धमा पालिकाले पटक पटक ताकेता गर्दा पनि भुक्तानी भएको तलबभत्ता फिर्ता नगरेकोले १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गरी सम्बन्धित कार्यालय सहयोगीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,९४५ |

१३४ **सस्थागत विद्यालयको राजस्व**

पालिकाको आर्थिक ऐन, २०८१ को दफा ५ मा पालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसूची ३ वमोजिम व्यवसाय कर लाग्ने व्यवस्था छ। सो सँग सम्वन्धित अनुसूची ४ को (त) मा निजी विद्यालयहरुको बार्षिक कर लाग्ने उल्लेख छ। पालिकाको संस्थागत विद्यालयको अभिलेख परिक्षण गर्दा देहायका ४ विद्यालयहरु रहेकोमा आर्थिक ऐनमा भएको व्यवस्था वमोजिम कर असुल गरेको देखिएन। संस्थागत विद्यालयहरुवाट प्राप्त गर्नुपर्ने संस्थागत कर तथा विलम्व शुल्क समेत रु.४८,००० असुल गरी स्थानीय संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु.

| **क्र.सं.** | **विद्यालयको नाम** | **ठेगाना** | **संचालित कक्षा** | **२०८०।८१ को वक्यौता** | **२०८१।८२ को वार्षिक राजस्व** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | एकता पव्लिक वोर्डिङ्ग | नलगाड २ | ३ | ६००० | ६००० | १२००० |
| २ | क्रिएटिभ इङ्गलिस वोर्ङ्गि स्कुल | नलगाड ७ | ३ | ६००० | ६००० | १२००० |
| ३ | भगवती वाल विकास वोडिङ्ग स्कुल (पालिकावाट अनुमती नलिएको) | नलगाड १२ | ३ | ६००० | ६००० | १२००० |
| ४ | होंशु आवासिय वोर्डिङ्ग स्कुल | नलगाड ७ | १ | ६००० | ६००० | १२००० |
| **जम्मा** | | | | | | **४८०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,००० |

१३५ **विद्यालयगत निकासा खाता**

विद्यालय कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी, करार र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलब, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

१३६ **विद्यालयको अन्तिम लेखापरीक्षण**

शिक्षा नियमावली,२०५९ (संशोधनसहित) को नियम १७१(१) मा विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष शिक्षा विकास तथा समन्वय इकाइ (स्थानीय तह) बाट नियुक्त लेखापरीक्षकबाट विद्यालयको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। सामाजिक परीक्षण, विद्यालय तथ्याङ्क व्यवस्थापनका तथा आर्थिक लेखापरीक्षण लगायतका कार्यहरु गर्नृका लागि आधारभुत तहका लागि रु. १०,००० र माध्यमिक तहका लागि रु. १५,००० अनुदान दिने व्यवस्था छ। तर पालिकाका अधिकांश

सामुदायिक विद्यालयले सामाजिका परिक्षण र आर्थिक लेखापरीक्षण गराएको पाईएन। तसर्थ पालिकाले यस सम्बन्धमा कडाईका साथ निर्देशन गरी समयमै कार्य सम्पन्न गर्नुपर्दछ ।

## १३७ शिक्षक विद्यार्थी अनुपात र पदपुर्ति

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७(१) मा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० हुनुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार शैक्षिक सत्र २०८१ मा केहि विद्यालयहरुको शिक्षक दरवन्दी र पदपुर्ति तथा शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ।

| सि.न | विद्यालयको नाम र ठेगाना | स्थायी शिक्षक | कराराहत शिक्षक | संघीय अनुदान अन्य | जम्मा शिक्षक | पदपुर्ति भएका शिक्षक | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री विरेन्द्र हिमालय मा.वि. तल्लु | ८ | १ | ३ | १२ | १२ | ५५३ | १:४६ |
| २ | श्री ने.रा. मा.वि. अवलगुर्ता | २ | १ | २ | ५ | ५ | १२३ | १:२५ |
| ३ | श्री दलित प्रा.वि. बायकाँडा | २ | ० | ० | २ | २ | ७५ | १:३८ |
| ४ | श्री बालज्ञानज्योति प्रा.वि.डाँडामाथी | ० | १ | ० | १ | १ | १०६ | १:१०६ |
| ५ | श्री लक्ष्मी प्रा.वि. सिउन | २ | १ | ० | ३ | ३ | ८० | १:२७ |
| ६ | श्री भगवति प्रा वि फन्दा | २ | ० | ० | २ | २ | ५६ | १:२८ |
| ७ | श्री भगवती आ.वि. खातीगुर्ता | ३ | ० | ० | ३ | ३ | २६७ | १:८९ |
| ८ | श्री विरेन्द्र हिमालय प्रा.वि. तल्लु | ३ | ० | ० | ३ | ३ | २२८ | १:७६ |
| ९ | श्री जनसेवा प्रा.वि. रुप | ० | ० | २ | २ | २ | ३७ | १:१९ |
| १० | श्री शिद्ध साईकुवाँरी प्रा.वि.पाली | ३ | ० | ० | ३ | ३ | ७८ | १:२६ |
| ११ | श्री कालिका प्रा.वि. गरी | २ | ० | १ | ३ | ३ | ९२ | १:३१ |
| १२ | श्री नेरा प्रा.वि. चावलेचौर | ३ | ० | ० | ३ | ३ | ६६ | १:२२ |
| १३ | श्री नेरा प्रा.वि.चिउरी | ३ | ० | ० | ३ | ३ | १३० | १:४३ |
| १४ | श्री जनक आ.वि. डाँडागाउँ | ३ | ० | ० | ३ | ३ | २३६ | १:७९ |
| १५ | श्री जनप्रिय प्रा.वि. जुरेली | १ | १ | ० | २ | २ | ४९ | १:२५ |
| १६ | श्री सूर्योदय मा.वि. कैना | ६ | १ | ० | ७ | ७ | ३१८ | १:४५ |
| १७ | श्री करुणोदय प्रा.वि. करुवा | ३ | ० | ० | ३ | ३ | ५७ | १:१९ |
| १८ | श्री कैलाश कन्या आ.वि. कट्के | ३ | ० | ३ | ६ | ६ | ३२९ | १:५५ |
| १९ | श्री शिवशंकर आ.वि. कल्पत | ३ | ० | १ | ४ | ४ | २३० | १:५८ |
| २० | श्री महदेवी प्रा.वि. पुवाडाँडा | ० | ० | १ | १ | १ | ३३ | १:३३ |
| २१ | श्री जनआर्दश प्रा.वि. ज्ञानेचौर | ० | ० | २ | २ | २ | ४९ | १:२५ |
| २२ | श्री लक्ष्मी पाखा प्रा.वि. ठुलाबगर | ० | ० | १ | १ | १ | २५ | १:२५ |
| २३ | श्री लालिगुराँस प्रा.वि. सानावन | ० | ० | १ | १ | १ | २७ | १:२७ |
| २४ | श्री नमुना प्रा.वि.पारीकरुवा | ० | ० | २ | २ | २ | ४३ | १:२२ |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५ | श्री बालहित प्रा.वि. सुगारखाला | ० | ० | २ | २ | २ | ५३ | १:२७ |
| २६ | श्री गणेश प्रा.वि. मालुवातरा | ० | २ | ० | २ | २ | ५० | १:२५ |
| २७ | श्री सरस्वती प्रा.वि. काँडादल्ली | २ | १ | ० | ३ | ३ | ४६ | १:१६ |
| २८ | श्री सरस्वती प्रा.वि बफेलगाउँ | २ | १ | ० | ३ | ३ | २८ | १:१० |
| २९ | श्री पञ्चभयार मा.वि. जिकुवा | ३ | २ | ० | ५ | ५ | ३८१ | १:७६ |
| ३० | श्री हिमालय प्रा.वि. मंसिरी | २ | १ | ० | ३ | ३ | ७२ | १:२४ |
| ३१ | श्री जनविकास आ.वि. खगेनकोट | २ | ० | ३ | ५ | ५ | १३१ | १:२६ |
| ३२ | श्री जानकी मा.वि. मैदे | २ | ० | १ | ३ | ३ | २६४ | १:८८ |
| ३३ | श्री लेकवेशी प्रा.वि. मन्मै | ० | २ | ० | २ | २ | ६८ | १:३४ |
| ३४ | श्री त्रिभुवन मा.वि. दल्ली | ८ | १ | ४ | १३ | १३ | ६२४ | १:४८ |
| ३५ | श्री नेरा प्रा.वि. लुपाना | ० | २ | ० | २ | २ | ७४ | १:३७ |
| ३६ | श्री सुर्य किरण प्रा.वि. हलचौर | ० | ० | ३ | ३ | ३ | ८४ | १:२८ |
| ३७ | श्री त्रिभुवन प्रा.वि. दल्ली | ३ | ० | ० | ३ | ३ | ११९ | १:४० |
| ३८ | श्री मष्ट प्रा.वि. भरगाउँ | ० | १ | ० | १ | १ | ४४ | १:४४ |
| ३९ | श्री जनकल्याण प्रा.वि. काप्रा | ० | ० | २ | २ | २ | ६४ | १:३२ |
| ४० | श्री मष्ट प्रा.वि. कायाखेत | ० | १ | ० | १ | १ | ३५ | १:३५ |
| ४१ | श्री जनकल्याण आ.वि. रघुनाथ | २ | २ | २ | ६ | ६ | १९१ | १:३२ |
| ४२ | श्री नेरा प्रा.वि. ऐरारी | २ | ० | ० | २ | २ | ६९ | १:३५ |
| ४३ | श्री निर्मल ज्योति आ्.वि. थाप्ला | २ | ० | २ | ४ | ४ | १४८ | १:३७ |
| ४४ | श्री जनता प्रा.वि. पिपलचौर | १ | १ | ० | २ | २ | २१ | १:११ |
| ४५ | श्री इन्द्र धनुष प्रा.वि. पोखरा | ३ | ० | ० | ३ | ३ | ८० | १:१० |
| ४६ | श्री गणेश प्रा.वि. लविसा | २ | १ | १ | ४ | ४ | ९७ | १:६२ |
| ४७ | श्री विरेन्द्र प्रा.वि. भारगाउँ | २ | १ | ० | ३ | ३ | ७२ | १:२४ |
| ४८ | श्री कालिका आदर्श प्रा.वि. गर्छिना | ३ | ० | २ | ५ | ५ | २५१ | १:४९ |
| ४९ | श्री भानुभक्त मा.वि. लहँ | ८ | १ | ४ | १३ | १३ | २८१ | १:२१ |
| ५० | श्री ज्ञानोदय प्रा.वि. बाउसेखोला | ३ | ० | ० | ३ | ३ | ७७ | १:२६ |
| ५१ | श्री जनप्रीय प्रा.वि. पिउली | ० | २ | ० | २ | २ | ६१ | १:३२ |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५२ | श्री सरस्वती प्रा.वि. मुली | ० | २ | ० | २ | २ | १२३ | १:६२ |
| ५३ | श्री हिमालय प्रा.वि. भातचिउरा | ० | १ | ० | १ | १ | ३२ | १:३२ |
| ५४ | श्री रामभक्त प्रा.वि. औल | ० | ० | २ | २ | २ | ८० | १:४० |
| ५५ | श्री सिता प्रा.वि. गराग्ली | ० | ० | २ | २ | २ | २१ | १:११ |
| ५६ | श्री जुनी बाल संरक्षण मा.वि. सिर्के | १ | ४ | ४ | ९ | ९ | ३२२ | १:३६ |
| ५७ | श्री जनजागरण प्रा.वि. मानचौर | ० | १ | ० | १ | १ | २७ | १:२७ |
| ५८ | श्री भानुभक्त प्रा.वि. लहँ | ३ | ० | ० | ३ | ३ | ८० | १:२७ |
| ५९ | श्री हिमालचुली प्रा.वि. खनटाकुरा | ० | ० | २ | २ | २ | २१ | १:११ |
| ६० | श्री मष्ट प्रा.वि. हितानगाउँ | २ | ० | ० | २ | २ | ६६ | १:३३ |
| ६१ | श्री युवावर्ष प्रा.वि. बानियागाउँ | ३ | ० | ० | ३ | ३ | ९६ | १:३२ |
| ६२ | श्री गणेश आ.वि.चौखा | २ | २ | २ | ६ | ६ | १४६ | १:२४ |
| ६३ | श्री जनविकास आ.वि. रावतगाउँ | २ | १ | २ | ५ | ५ | १२६ | १:२५ |
| ६४ | श्री जनता प्रा.वि. दम्का | २ | १ | ० | ३ | ३ | ३९ | १:१३ |
| ६५ | श्री जनस्वास्थ्य प्रा.वि. बाँसकोट | २ | ० | ० | २ | २ | ६९ | १:३५ |
| ६६ | श्री त्रिभुवन आ.वि. ताँत्र | २ | १ | २ | ५ | ५ | ३१० | १:६२ |
| ६७ | श्री महादेव प्रा.वि. घरंगा | २ | १ | ० | ३ | ३ | १२८ | १:४३ |
| ६८ | श्री तपोभुमी मा.वि. ध्यारगाउँ | ६ | ० | २ | ८ | ८ | २३० | १:२९ |
| ६९ | श्री जनएकता प्रा.वि. रग्दा | ० | ० | १ | १ | १ | ३७ | १:३७ |
| ७० | श्री समाजपरिवर्तन प्रा.वि.ध्यारगाउँ | ० | ० | २ | २ | २ | ३७ | १:१९ |
| ७१ | श्री सिर्जना प्रा.वि. दारिमपाटा | ० | ० | २ | २ | २ | ३६ | १:१८ |
| | | १३१ | ४२ | ६५ | २४१ | २३८ | ८६०० | १:३६ |

उपरोक्त विवरण अनुसार पालिकामा शिक्षक विद्यार्थी अनुपात अधिकतम १:१०६ देखि न्युनतम १:१० सम्म रहेको देखिन्छ । IEMIS विवरण अनुसार पालिकाको ७१ वटा सामुदायिक विद्यालय (बालविकास केन्द्रसहित) को औषत शिक्षक विद्यार्थी अनुपात १:३६ रहेको देखिन्छ। पालिकाले IEMIS अनुसारको विद्यार्थी विवरणको सत्यापन गरी भौगोलिक अवस्थिति आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून बमोजिम शिक्षक दरबन्दी मिलान गरी विद्यालय समायोजन र तल्लो कक्षामा घट्टवा गर्नेतर्फ विशेष ध्यान दिनुपर्दछ।

१३८ **विद्यालयको अनुगमन तथा नियमन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्वन्धी मापदण्ड तयार गरेको छैन ।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने र विद्यालयहरुले सञ्चालन गरेको शैक्षिक क्रियाकलापको वस्तुनिष्ठ अवस्थाको एकिन गर्न नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने र विद्यालयको कार्यसम्पादनका आधारमा कार्यक्रम वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१३९ **सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.११(६.७) मा नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको स्थलगत निरीक्षण गरी तोकिएको मापदण्ड पुरा भएका सामुदायिक सिकाइ केन्द्रहरुलाइ वार्षिक एकमुष्ठ रु ३,००,००० अनुदान दिने र सामुदायिक सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७८ ले उल्लेख गरेबमोजिमका बार्षिक कार्यक्रमहरु तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गरी कार्यन्वयन गर्नुपर्ने व्यवस्था छ।यस सम्बन्धमा देखिएको बेहोरा निम्नानुसार छन्।

१३९.१ **सामाजिक सुरक्षा कर :** आयकर ऐन, २०५८ को दफा ८७ मा प्रत्येक बासिन्दा रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा पाँच लाखसम्म रोजगारीको करयोग्य आय भएमा १ प्रतिशत कर तिर्नुपर्ने र कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ बमोजिम सामुदायिक सिकाई केन्द्रमा कार्यरत परिचालकको लागि मासिक रु.१०,००० का दरले १२ महिना र चाडपर्व खर्च भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले पालिकाभित्रका पाँच सामुदायिक सिकाई केन्द्रलाई भुक्तानी गरेको रु ६५०००० पारीश्रमिकमा एक प्रतिशत कर रु ६५०० कट्टा गरेको देखिएन। तसर्थ निम्न परिचालकहरुबाट एक प्रतिशत कर असुल गर्नुपर्ने रु.

| क्र स | परिचालकको नामथर | सिकाइ केन्द्रको नाम | चाडपर्वसहितको पारीश्रमिक | सा. सु. कर |
|---|---|---|---|---|
| १ | श्री कमला गौतम | श्री जुनतारा सामुदायिक सिकाई केन्द्र, डाँडागाउ | १,३०,००० | १,३०० |
| २ | श्री भगवती शाही | श्री सगरमाथा सामुदायिक सिकाई केन्द्र, रघुनाथ | १,३०,००० | १,३०० |
| ३ | श्री पार्वती सिंह | श्री खगेनकोट सामुदायिक सिकाई केन्द्र, दल्ली | १,३०,००० | १,३०० |
| ४ | श्री सुनिता सिंह | श्री शान्ति ज्ञानकुञ्ज सामुदायिक सिकाई केन्द्र, रग्दा | १,३०,००० | १,३०० |
| ५ | श्री विमला वस्नेत | श्री कस्तुरी सामुदायिक सिकाई केन्द्र, तल्लु | १,३०,००० | १,३०० |
| **जम्मा** | | | **६,५०,०००** | **६,५००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५०० |

१३९.२ **सिकाई केन्द्र व्यवस्थापन खर्च:** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ बमोजिम परिचालिकाको पारिश्रमिक रु. १३०००० बाहेक रु.१७०००० सामुदायिक सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७८ ले उल्लेख गरेबमोजिमका वार्षिक कार्यक्रमहरु तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। पालिकाले पालिकाभित्र रहेका सामुदायिक सिकाइ केन्द्रहरुको वार्षिक कार्यक्रम बमोजिम सिकाई केन्द्रलाई रु. १,७०,००० का दरले रु. ८,५०,००० अनुदान दिएको छ। तर सिकाईकेन्द्रहरुले खर्चको बिल भरपाई पेश नगरेकोले वार्षिक कार्यक्रम बमोजिम खर्च गरेको बिल भरपाई पेश गर्नुपर्ने रु.

| क्र स | सिकाइ केन्द्रको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | श्री जुनतारा सामुदायिक सिकाई केन्द्र, डाँडागाउ | १,७०,००० |
| २ | श्री सगरमाथा सामुदायिक सिकाई केन्द्र, रघुनाथ | १,७०,००० |
| ३ | श्री खगेनकोट सामुदायिक सिकाई केन्द्र, दल्ली | १,७०,००० |
| ४ | श्री शान्ति ज्ञानकुञ्ज सामुदायिक सिकाई केन्द्र, रुग्दा | १,७०,००० |
| ५ | श्री कस्तुरी सामुदायिक सिकाई केन्द्र, तल्लु | १,७०,००० |
| जम्मा | | ८,५०,००० |

| प्रमाण पेश नगरेको | ८,५०,००० |
|---|---|

१४० **अपाङ्गताको प्रारम्भिक पहिचान** (३०९-2082-02-27):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१४१ **आधारभुत तहको परीक्षा व्यवस्थापन** (२७९-2082-01-26):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **२४२,०९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१४२ **स्थानीय विषय/मातृभाषाको पाठ्यसामग्री व्यवस्थापन**

पालिकाले कक्षा १-८ को स्थानीय विषयको पाठ्यपुस्तक सम्पादन तथा छपाईका लागि श्री ब्रेक थ्रु एजुकेशन नेपाल फाउन्डेसन र रात्ति पब्लिकेशन मल्टिप्रपोज विजनेस प्राईभेट लिमिटेडलाई क्रमश रु. ४,९८,००० र रु. १८,४०,२०५ गरी रु. २३,३८,२०५ भुक्तानी दिएको छ। यस सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार छन्।

१४२.१(६५६, ७७२-2082-03-19):

**स्थानीय पाठ्यपुस्तक निर्माण:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१क) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा खरिद गर्न सक्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) क(१) मा पाँच लाख रुपैयासम्मको लागत अनुमानको परामर्श सेवामा सोझै खरिद गर्न सक्ने व्यवस्था छ। पालिकाले पाठ्यपुस्तक निर्माणको लागत अनुमान तयार नगरि कक्षा १-५ सम्मको पाठ्यपुस्तक लेखन सम्पादन निर्माणका लागि कोटेशन विधिबाट ब्रेक थ्रु एजुकेशन नेपाल फाउण्डेशनलाई रु. ८,७३,००० भुक्तानी दिएको छ। पाठ्यपुस्तक लेखनमा पालिकाले पालिकाभित्र योग्य जनशक्ति भए नभएको एकिन नगरी पाँच लाखसम्मको मात्र परामर्श सेवा सोझै खरिद गर्न पाउने भएतापनि एउटै प्रकृतिको कामलाई कक्षा १-३ र ४-५ को पुस्तक लेखन तथा सम्पादन भनि टुक्र्याएर खरिद गरी कक्षा १-३ को रु. ४,९८,००० र कक्षा ४-५ को रु. ३,७८,००० भुक्तानी गरेको छ। तसर्थ पालिकाले खरिद नियममा भएको व्यवस्था विपरित पटक पटक खरिद गरेको ,जिन्सी दाखिला समेत पेश नगरेकोले जिन्सी दाखिला गरी नियमित गर्नुपर्ने देखिएको रु.

| अनियमित भएको | ८,७३,००० |
|---|---|

१४२.२ (५७५-2082-03-24):

**पुस्तक छपाई :**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **१,११२,४११.५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

१४३ **बहुकक्षा बहुस्तर सामग्री खरिद** (९५-2081-09-17):

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।०८२ को क्रियाकलाप नं २.७.१३.१० को उपक्रियाकलाप नं ५.१० मा बहुकक्षा बहुस्तर शिक्षण विधिबाट पठनपाठन गरी कार्यक्रमको निरन्तरता पाएको सुनिश्चित गरी दोहोरो नपर्ने गरी सिकाईका सामग्री वर्कबुक, फोटोकपि, लेमिनेशन र सिकाई सामग्री निर्माण कार्यशालाका लागि विद्यालयको मागका आधारमा रु. ५०,००० अनुदान दिने र कार्यको विवरण अनिवार्य रुपमा EMIS मा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो कार्यका लागि निम्न विद्यालयहरुलाई रु.५०,००० का दरले अनुदान भुक्तानी गरेको छ। तसर्थ विद्यालयहरुले कार्यविधि बमोजिमका कार्य गरेको प्रमाण देखिने कागजात र बिलभरपाई पेस नगरेकोले कार्यविधि बमोजिमको कार्यसम्पन्न गरी सो को बिल भरपाई पेश गर्नुपर्ने रु.

| क्र स | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री सिद्ध साईकुमारी प्राथमिक विद्यालय | ५०,००० |
| २ | श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय | ५०,००० |
| ३ | श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, ऐरारी | ५०,००० |
| ४ | श्री गणेश प्राथमिक विद्यालय | ५०,००० |
| ५ | श्री दलित प्राथमिक विद्यालय | ५०,००० |
| जम्मा | | २,५०,००० |

| प्रमाण पेश नगरेको | २,५०,००० |
|---|---|

१४४ **कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ को उपक्रियाकलाप ९.२ मा शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान स्वरुप माध्यमिक विद्यालयमा कम्तिमा २०० जना र आधारभुत तहमा १०० जना विद्यार्थी भएका विद्यालयहरुलाई सामाजिक परीक्षण मापदण्ड, २०७८ बमोजिम उच्चतम अंक प्राप्त गरेका दुई विद्यालयलाई (प्रथम र द्वितिय) क्रमश रु.३,००,००० र रु.२,००,००० अनुदान दिने र सो अनुदानबाट विद्यालयले आवश्यकताका आधारमा शैक्षिक तथा व्यवस्थापकीय पक्षमा सुधारका लागि विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार शिक्षक कर्मचारी क्षमता विकास, अभिभावक सचेतना कार्यक्रम, स्थलगत अध्ययन भ्रमण, प्रविधियुक्त सिकाई, छिमेकि विद्यालयसँग अन्तर्क्रिया जस्ता कार्यहरु सञ्चालन गर्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएको व्यहोरा देहायबमोजिम छन्।

१४४.१ **खर्चको बिल भरपाई:** पालिकाले सामाजिक परीक्षण मापदण्ड,२०७८ बमोजिम विद्यालय छनौट गरी विद्यालयलाई अनुदान दिनुपर्नेमा मापदण्डबमोजिम छनौट नगरी श्री पञ्चभयार माध्यमिक विद्यालय, जिकुवालाई रु. ३,००,००० अनुदान दिएको छ।तर विद्यालयले सो अनुदानबाट कार्यबिधिबमोजिम खर्चको बिल भरपाई पेश गरेको छैन। तसर्थ पालिकाले सो सम्बन्धमा अनुगमन गरी प्रतिवेदनसहित बिलभरपाईको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ३,००,००० |
|---|---|

१४४.२ **कार्यविधिबेगर भुक्तानी :** सामाजिक परिक्षण मापदण्ड, २०७८ बमोजिम विद्यालय छनौट गरी एकमुष्ठ रु. २००००० अनुदान दिनुपर्नेमा पालिकाले निम्न दुई विद्यालयलाई रु. १००००० का दरले अनुदान वितरण गरेको नियम सम्मत नदेखिएको रु.

| **क्र स** | **विद्यालयको नाम** | **अनुदान रकम** |
|---|---|---|
| १ | श्री गणेश प्राथमिक विद्यालय | १,००,००० |
| २ | श्री महोदय प्राथमिक विद्यालय | १,००,००० |
| **जम्मा** | | **२,००,०००** |

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

१४५ **सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३(९.६) मा वार्षिक एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ मा उल्लेखित अनुदान प्राप्त गर्ने सर्त पूरा गरी छनोट भएका विद्यालयलाई एकमुष्ठ रु. १०,००,००० अनुदान दिने र उक्त कार्यविधिमा भएको व्यवस्था बमोजिम खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले पालिका भित्रका दरबन्दी तथा अनुदान प्राप्त नगरेका १० सामुदायिक विद्यालयलाई रु. १०,००,००० का दरले रु. १,००,००,००० अनुदान भुक्तानी दिएको छ। यस सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार छन्।

१४५.१(१८, ११७-2081-06-22):

**सामाजिक सुरक्षा कर:** आयकर ऐन, २०५८ को दफा ८७ मा प्रत्येक बासिन्दा रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा पाँच लाखसम्म रोजगारीको करयोग्य आय भएमा १ प्रतिशत कर तिर्नुपर्ने व्यवस्था छ।शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ बमोजिम एकमुष्ठ अनुदान प्राप्त विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको पारिश्रमिक वापत रु. ४७,००,५०० भुक्तानी गरेकोमा सोको एक प्रतिशत कर रु. ४७,००५ कट्टा नगरेको निम्न विद्यालयहरुबाट उक्त कर कट्टी गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त कर रकम असुल गर्नुपर्ने रु.

| **क्र स** | **विद्यालयको नाम** | अनुदान दिएको मध्ये तलब भत्तामा खर्च गरेको रकम | **असुल गर्नुपर्ने कर** |
|---|---|---|---|
| १ | श्री रामभक्त प्राथमिक विद्यालय | ९,७९,६०० | ९,७९६ |
| २ | श्री सिता प्राथमिक विद्यालय | ८,२५,३०० | ८,२५३ |
| ३ | श्री बालहित प्राथमिक विद्यालय | ९,५२,००० | ९,५२० |
| ४ | श्री नमुना प्राथमिक विद्यालय | १०,००,००० | १०,००० |
| ५ | श्री हिमालचुली प्राथमिक विद्यालय | ९,४३,६०० | ९,४३६ |
| **जम्मा** | | ४७,००,५०० | ४७,००५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **९,७८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **९,८७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **८,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **८,७००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **९,८९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,००५ |

१४५.२ **बढी भुक्तानी:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्न विद्यालयहरुलाई दरबन्दी नरहेका विद्यालयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ बमोजिम एकमुष्ठ अनुदान वितरण गरेकोमा निम्नानुसार विद्यालयले अनुदान दिएको रकम भन्दा कम रकमको विल भरपाइ पेश गरेको देखिन्छ ।अनुदान दिएको रकम भन्दा कम रकमको विल भरपाइ पेश गरेका निम्न विद्यालयहरुबाट उक्त रकम असुल गर्नुपर्ने रु.

| क्र स | विद्यालयको नाम | भुक्तानी रकम | प्राप्त विल भरपाइ | न्यून खर्च रकम |
|---|---|---|---|---|
| नपस१ | श्री रामभक्त प्राथमिक विद्यालय | १००००००० | ९७९६०० | २०,४०० |
| २ | श्री सिता प्राथमिक विद्यालय | १००००००० | ८२५३०० | १,७४,७०० |
| ३ | श्री सुर्यकिरण प्राथमिक विद्यालय | १००००००० | ९९२५४५ | ७,४५५ |
| ४ | श्री बालहित प्राथमिक विद्यालय | १००००००० | ९४८००० | ५२,००० |
| ५ | श्री हिमालचुली प्राथमिक विद्यालय | १००००००० | ९७८०९० | २१,९१० |
| जम्मा | | | | २,७६,४६५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७६,४६५ |

१४६ **नगर अनुदान** (१०३-2081-09-24):

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **१,२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१४७ **दिवा खाजा**

